# परिच्छेद - एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभुमि

एक्काइसौं शताब्दीको प्रारम्भमा आइपुग्दा सम्म पनि नेपालका अझै पनि अधिकांश समाजहरु पितृसतात्मक सोच एवं व्यवहार अनुसार नै चलेको पाइन्छ । महिलाहरुले जतिनै धेरै दुःख गरेर शैक्षिक, आर्थिक, पदिय हैसियत बनाएता पनि उनीहरुलाई पुरुषको भन्दा तल नै राखेर र पुरुषकै अ▪का रुपमा व्यवहार गरिन्छ । वास्तवमै महिला विरुद्धका विभेदहरु उनीहरुको जन्म बाटनै सुरु हुन्छन र उनीहरु नमर्दा सम्मनै ति विभेदहरु रहिरहन्छन । घरमा छोरा पछिको दोस्रो दर्जाको सदस्य तथा परिवारमा श्रीमान् पछिको सदस्यको रुपमा तथा कार्यालयहरुमा पुरुष अधिकृतहरुको सहयोगी तथा लेखन्दासको रुपमा जिम्मेवारीहरु तोकिन्छन् । त्यस्तै गरि समाजको सामाजिक राजनैतिक परिवेशमा महिलाहरु पुरुषले बनाएका नीति र निर्णयहरुको देख्दा साािचको रुपमा मात्र उनिहरुको प्रयोग गरिन्छ। अझै सम्म पनि सम्पुर्ण क्षेत्रहरुमा नेपाली महिलाहरु पुरुष समकक्षीहरुको तुलनामा उल्लेख्य रुपमै पछाडी रहेका छन भनेर भन्न सकिन्छ । त्यसमा पनि मानव विकास दृष्टिकोणका आधारमा भन्ने हो भने महिला अझै पछि छन् ।

वास्तवमै भन्ने हो भने प्रत्येक व्यक्तिको विकास तथा समग्र समाजकै उन्नतिमा विद्यालयहरुले मुख्य भूमिका खेलेका हुन्छन् । समाजमा विद्यालयहरु अधिकारीक शैक्षिक संस्थाका रुपमा सामाजिक आर्थिक रुपमा रहेका भिन्नताहरुलाई उजागर एवं हटाउनका लागि स्थापित मानिएका हुन्छन् । तर पति समाजका लैं▪क तथा जातियतामा आधारित विभेदहरु समेत विद्यालयमा उजागर हुन पुग्दछन् । जसको सुक्ष्म अध्ययनबाट त्यस विद्यालय वरिपरीको समुदाय तथा समाजमा रहेको लैं▪कविभेदको अवस्था त्यसका कारणहरु र सो समस्या समाधान गर्न सक्ने उपायहरुको नजर अन्दाज गर्न सकिन्छ । यद्दपी शहरी क्षेत्रमा विद्यालयहरुमा जातिय विभेदका समस्या नग्यन्य रुपमै रहेता पनि नेपालका दुर्गम र ग्रामिण भेगका विद्यालयहरुमा अझै पनि यी समस्या प्रमुख रुपमै रहेका भेटिन्छन् । तर लैं▪क विभेदको समस्या भने दुवै क्षेत्रका विद्यालयहरुमाअझै पनि प्रमुख समस्याकै रुपमा रहेका भेटिन्छन । यस अर्थमा पनि केटाको तुलनामा केटीहरुलाई नै विभेदको आधारको रुपमा लिइन्छ ।

अझै पनि नेपालका ब्राहमण, क्षेत्री, मधेसी र मुसलमान समाजमा बुहारीलाई गर्ने विभेदहरु स्पष्ट रुपमा देख्न सकिन्छ। यी समाजमा लोग्ने मानिस (छोरा) लाई खानेकुरा दिादा पनि विशेष भाडामा

दिने गरिन्छ जबकि महिलालाई भने साधारण स्टीलको भाडामा नै खानेकुराको भाग लगाइन्छ । त्यस्तो किसिमको विभेदको झलक हामी "अन्डरस्ट्यान्डि जेन्डर"(कमला भासिन, २०००) भन्ने पुस्तकमा पाउन सकिन्छ। लैंगिक विभेद हामी प्रत्येक नेपाली परिवारमा पाउन सकिन्छ चाहे त्यो धनि परिवार होस वा गरिब। छोरीहरुलाई यस्तो सामाजिक परिवेशमा हुर्काइन्छ जहाा उनीहरुलाई दोस्रो दर्जाको सदस्यको रुपमा व्यवहार गरिन्छ। यस्तो परिवेशमा उनीहरुले परिवारमै के सिक्दछन भने यो असमानता उनीहरुमा पुर्खौ देखिको अभ्यासमा रहेको परम्परा हो र यो उनीहरुले मान्नपर्दछ । शिक्षाको अभाव र च्यालेन्ज सुरु गर्ने आत्म विश्वासको कमिले परिवार भित्र ति छोरीहरुले यस्ता विभेद हटाउन प्रयास त के सोच्न सम्म नसकेको हामी पाउादछौ। यसको पछाडी हाम्रा गलत परम्पराको अस्तित्व रहनुनै हो। यस्ता सामाजिक सांस्कृतिक अवस्थाको वास्तविकता बुझ्न विद्यालयमा सिकाइने परिवेश र विकासको अवस्थालाई बुझ्नुनै सान्दर्भिक मानिन्छ। वास्तवमा लैंगिक सम्बन्धहरु प्रथमत महिला र पुरुषका विचको सम्बन्धबाटनै जनाइन्छ त्यस्तै लैंगिक तहहरुले नै उही लैंगिक व्यक्तिहरु विचको संरचनात्मक सम्बन्धलाई प्रभाव पार्छ ।

जसरी सम्पूर्ण विकासको प्रमुख स्रोतका रुपमा शिक्षालाई लिने गरिन्छ। त्यसरीनै मानवको सम्पूर्ण पक्षको विकासको लागि महिलाको विकास नभइ नहुने कुरा हो। यै कुरालाई मनन गर्दै नब्बेको दशक पछि महिला विकासका क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा विभिन्न प्रयासहरु चालिएका पाइन्छन। त्यसमा पनि महिलाको शिक्षामा उल्लेखनिय रुपमै जोड दिइएको पाइन्छ किनभने शिक्षा नै मानिसको विकासको प्रमुख स्रोत हो जुन विना अन्य प्रयासहरुको अर्थ रहदैन।

शैक्षिक प्राप्ति, सामाजिक आर्थिक रुपान्तरण, आर्थिक विकास, राजनीतिमा सहभागिता एवं महिला सशक्तिकरण जस्ता कुराले कुनै पनि समाज विकासको आधार तयार पार्ने गर्दछ । तसर्थ समग्र राष्ट्रको विकासका निम्ति महिलाको विकास हुन अत्यावश्यक पर्दछ। महिलाहरुको यथास्थितीको अवस्थाबाट गतिशिल अवस्थामा परिवर्तन हुन सके उनीहरुको विकासमा उनीहरुलाई शक्ति प्राप्त हुने गर्दछ। "परिवर्तन जस्तै विकास" लाई पनि सामाजिक विकासका रुपमा लिइएको छ। (भुसन एन्ड सच्देभा, समाजशास्त्रको एक परिचय, १९९७)। परिवर्तन भनेको कुनै पनि कुरामा कुनै निश्चित समयमा आएको फरक पनालाई जनाउादछ। त्यसले "विकास" लाई पनि कुनै पनि कुरामा आएको परिवर्तन रुपमा लिइन्छ यात त्यो परिवर्तन सकारात्मक होस या त नकारात्मकनै । केहिका लागि भएको सकारात्मक परिवर्तन अरुका लागि नकारात्मक परिवर्तन हुन त सक्दछ तर त्यसले समग्रतामा राम्रै परिणाम ल्याउने गर्दछ । तर पनि पुर्वग्रही तथा भाग्यवादी सोचको उन्मुक्ति तथा समालोचनात्मक सचेतनाको क्रमिक प्रार्दुभावले मानिसलाई उनीहरुको समस्या र आवश्यकतामा

सहि दृष्टिकोणले सोच्न सहयोग पुऱ्याउादछ। त्यस्तै वृद्धि चाहि विस्तारित उत्पादकत्व र आयमा भरपर्दछ । बास्तबमा परिवर्तन केहीहद सम्म नकारात्मक पनि हुन सक्छ किनभने महिलालाई सशक्तिकरण गर्ने क्रममा पुरुषमा रहेका शक्तिहरुलाई त काट्नुनै पर्दछ ।

समाजमा व्याप्त रहेका लैं•क विभेदहरुले केटी (महिला) हरुको विकासमा ठुलो नै अवरोध सृजना गरेका छन् । उनीहरुलाई समाजमा दिइएको भूमिकाले गर्दा उनीहरुको विकासमा सिमीतता ल्याएको पाइन्छ । जसलाई शास्त्रिय समाजशास्त्रको छलफलको विषय मान्न सकिन्छ । प्रसिद्ध समाज शास्त्री म्याक्स वेवर भन्दछन, "परम्परागत समाजको शक्ति प्रणाली पित्रीसतात्मक दवावमुलक चरित्रले चलेकाले महिलाहरु पितृसतात्मक शासनको किनारामा पर्न पुगे।" (अस्टिन हेरि•टन, मोर्डन सोसियल थ्योरी, २००५)। त्यस्तै गरि कार्ल माक्स भन्छन- रोजगारीमा पनि लैं•क विभेद भएकाले पुरुषलाई भन्दा महिलालाई कम ज्याला दिइन्छ। यदि उनीहरुलाई रोजगारीमा ल्याइने थिएन भने झन बढ्दथ्योतर पनि पुरुषको शक्तिमा मात्रै बढि विश्वास गर्ने समाजले गर्दा उनीहरुलाई पछाडि राख्दै सहभागी गराइएको हो। त्यस्तै गरि इमाइल दुर्खिमभन्छन- "महिलाहरुलाई समाजका विभिन्न कार्यहरुमा सहभागिता जनाउने क्षमता प्राप्तीमा असक्षम स्थानमा राखिन्छ।" वास्तवमा भन्ने हो भने महिला र पुरुष दुवै एउटै समाजका उत्पादनहरु हुन। उनीहरुले टेक्ने धरातलका समान नागरिक हुन तसर्थ सामाजिकीय हरेक क्षेत्रको विकासमा उनीहरुको महत्व पनि बरावरीनै रहन्छ।

यसप्रकार नेपालले अन्तराष्ट्रिय सम्मेलनहरुमा तय गरिएका शैक्षिक एवं लैं•क लक्ष्यहरुलाई पूरा गर्नका लागि आफ्नो प्रतिवद्धता समेत अन्तराष्ट्रिय सम्मेलनमा उद्घघोष गर्दै आइरहेको पाइन्छ । यसरी माथि उल्लेखित अन्तराष्ट्रिय लक्ष्यहरुलाई पुरागर्नका लागि राष्ट्रिय कार्ययोजना तय गरि आफ्नै शैलिमा केहि छुट तथा आफु अनुकुल लक्ष्य समेत निर्धारण गरि विभिन्न आर्थिक योजनाहरुमा समावेश गरि उक्त लक्ष्य पुरा गर्ने प्रयासमा निरन्तर अघि बढेको पाइन्छ। लैं•क विभेद अझै पनि नेपालका अधिकांश समाज र विद्यालयहरुमा पाइएकै कारणले महिला शिक्षामा कमि हामी पाउादछौ। राष्ट्रिय जनगणना महिला साक्षरता ५७.४ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०६८ के.त.वि.)। विद्यालयहरुलाई भविष्यमा गएर सामाजिक रुपान्तरण को सुरुबाट हुने अपेक्षा समेत राखिएको हुन्छ। तर तीनै विद्यालयहरु अझै पनि असमानताको अवस्था बाट स्वतन्त्र छैनन् भने त्यहाा कसरी समान शिक्षाको अवसर सृजना गर्न सकिन्छ।

हुन त नेपालको समाज विकास क्रमलाई हेर्दा शासन परिवर्तन मार्फतनै महिलाको अवस्था परिवर्तन ल्याउन खोजिएको देखिन्छ। वि.स. २००७ सालको राणा शासनभनौ या २०१७ सालको पन्चामती निरङकशव्यवस्था वा वि.स. २०३६/३७ को सुधारिएको पंचामती लगायत पछिल्ला वि.स. २०४८ को बहुदलिय व्यवस्थाको पुनरर्वाहली त्यस्तै २०५२ फागुन १ देखिको शसस्त्र बहुदलिय व्यवस्थाले ल्याइपुऱ्याएको २०६२/६३ को आन्दोलन पश्चातको गणतन्त्रात्मक शासन व्यवस्था लगायत वर्तमान अवस्थामा रुपान्तरित संघिय शासन व्यवस्थाले समेत लैङिक विभेद अन्त्यको उद्देश्य बोकेको स्पष्ट नै देखिन्छ। यद्पी समाजमा शासन व्यवस्था परिवर्तन जनइच्छाकै कारणले हुने हुादा शासन व्यवस्था परिवर्तन भएता पनि जनइच्छा समान बनाउने व्यवहार बाटै स्पष्ट नपार्दा सम्म परिवर्तन झुटो नै हुन पुग्दछ। जुन नेपाली समाजमा रहेको विद्यमान महिला र पुरुष विचको विभेद बाटै छर्लङ हुन्छ ।

वास्तवमै भन्नु पर्दा आधा आकाश भन्दा वढी ढाकेका महिलाहरुले देशमा विकासका विभिन्न क्रियाकलापमा आफ्नो ठुलो योगदान दिदैं आइरहेको पाइन्छ। महिलाले विशेष गरि घरभित्रका घरधन्दा, मेलापाल, पानीपधोरो, कुटानी पिसानी बालबच्चा स्याहार, खेतीपाती, पशुपंक्षीको हेरचाह आदि जस्ता कार्यहरुमा आफ्नो समय बढि दिने हुादा उत्पादनशिल कार्यमा पुरुषको बढी पंहुच देखिने गरेको पाइन्छ। जसबाट पुरुष आर्थिक रुपमा बढी शक्तिशाली देखिएको पााइन्छ तर यथार्थमा सम्पुर्ण कार्यलाई मुल्यमा रुपान्तरण गरि निष्पक्ष अनुसन्धान गर्ने हो भने महिलाको त्याग, खटाइ र कार्यगराईको मुल्य पुरुषको भन्दा कम नरहेको स्पष्ट हुन्छ। यसरी हेर्दा जुन कार्य क्षेत्र वा स्थानमा महिलाले धेरै श्रम पोख्दछन त्यसै स्थानको सम्पत्तीको स्वामित्वमा भने उनीहरुकै पहाुच कम रहेको स्पष्ट हुन्छ। वि.स. २०६८ सालको जनगणना अनुसार देशका कुल परिवार २३,५४,२९७ को जम्मा १९.७१ प्रतिशत परिवारमा महिलाको नाममा घर वा जग्गा रहेको देखिएको छ। जुन आाकडा वि.स. २०५८ सालको जनगणनामा महिलाको नाममा घरजग्गा भएका परिवारहरु जम्मा ९.११ प्रतिशत मात्र थिए। जम्मा ३५ प्रतिशत आर्थिक रुपमा सकृय जनसङ्ख्याको ९६ प्रतिशत महिला कृषि क्षेत्रमा काम गरि ५५-६० प्रतिशत कृषी उत्पादनमा योगदान पुऱ्याइरहेका छन्। (माथुर, ओमन इन ट्रनजिसन इन सउथ एसिया, २००१) तर उनीहरुले आर्जन गरेको कमाइको पैसा भने उनीहरुले उपयोग गर्न पाउादैनन्। उनीहरुको आर्जन उनीहरुका पुरुष सदस्यको हुन्छ। यसरी उनीहरुको योगदानलाई यो पितृसनात्मक सोचबाट अगाडी बढेको समाजले सधैा महत्व नदिएको पाइन्छ।

नेपालको सामाजिक परिप्रेच्छमा महिलाको अवस्थालाई हेर्दा महिलाको शिक्षा रोजगार स्वास्थ्य, निर्णय प्रकृया, राजनीति, व्यापार व्यवसाय आदि जस्ता क्षेत्रहरुमा रहेको न्यून पहाुचले

उनीहरुको अवस्था उत्साहप्रद देखिदैन। उनीहरुले गर्ने कार्य विशिष्टिकृत नभई साधारण प्रकृतिका घरायसी बढि हुनेहुादा उनीहरुको योगदानलाई मुल्य विहीन रुपमा लिइन्छ। नेपालमा अवस्थित मानवीय कार्यलाई कार्यघण्टीय प्रणालीमा मापन गर्ने तथा त्यसको मूल्य उचित किसिमले सुनिश्चित गर्ने श्रम-मुल्य प्रणालीगत व्यवस्था नीतिगत रुपमै नहुादा समग्र श्रम प्रधान मानिसहरुको आय न्युन रहेको छ। न्युन आयकै कारण उनिहरु कमजोर जीवन शैलिमा जीवन बिताउन बाध्य छन् त्यसमा पनि महिलाको अवस्था त झनै कमजोर रहेको छ। जसलाई बदल्ने एक मात्र अस्त्र शिक्षा मार्फत चेतनाको स्तर उकास्दै परम्परागत सामाजिक परिपाटी र संस्कारलाई मोड्दै आधुनिक पाुजीवादी समाज अन्तरगत हरेक कार्यप्रणालीलाई रोजगारी उन्मुख बनाउादै श्रम समय र मुल्यमा रुपान्तरण गर्दै लान सके मात्र सम्भव देखिन्छ। नेपालको सन्दर्भमा हेर्दा केहि शिक्षित, सम्पन्न, योग्य महिला बाहेक अधिकांश महिलाको जीवन स्तर न्युन स्तरको पाइन्छ। त्यसमा पनि दलित तथा जनजाती महिलाहरुको शैक्षिक, सीप, क्षमता जस्ता योग्यताको न्यूनताले त झनै उनीहरु दोहोरो मारमा परेको पाइन्छ। यस्तो अवस्था रहनुमा पितृसतात्मक सामाजिक लि▪ निर्धारणमा रहेको पुर्वाग्रही व्यवहारले गर्दा नै हो। हुन त दलित महिलाको तुलनामा जनजाती समुदायका महिलाहरु सामाजिक र सांस्कृतिक रुपमा ब्राहमण र क्षेत्री समुदायका महिलाहरु भन्दा बढी उन्नत छन् तर पनि उनीहरुलाई राजनीतिक, शैक्षिक र आर्थिक रुपले बंचित गराइएकाले उनीहरु बौद्धिक र विकासका गतिविधिहरुमा पछिनै परेको देखिन्छ। यसै परिप्रेच्छमा भन्नु पर्दा दलित महिलाहरुले त झन् दुवै तर्फ संघर्ष गर्नुपरेको छ । एक त उपल्ला जात भनेको मानिसहरुसाग र समुदायका पितृसतात्मक सोच भएका मान्छेहरु साग (राइ २०६३) । अहिलेको आधुनिकीकरणकाउपायहरुविकासका लागि मान्छे विच रहेको लैं▪क विभेदलाई लिएर सम्झौता गर्दैनन् । (विल्स, थेउरिज एन्ड प्राक्टिस् इन डेभलपमेन्ट, २००५) यस सन्दर्भमा हेर्दा लैं▪क विभेद संसार भरिनै अस्तित्मा रहेको छ। र जुन विकासमा महिलालाई सामेल गराइदैन त्यो आफैमा "विकास" हुन सक्दैन तसर्थ जुनसुकै क्षेत्र तथा कुराको "विकास" हुन्छ भने त्यहाा महिला नभई हुदैन। तवमात्र त्यो "विकास" सार्थक विकास हुन सक्छ।

## १.२ समस्याको कथन

यस अध्ययनको मुख्य केन्द्र विन्दु भनेको शिक्षामा भएको लैं▪क विभेद हो। लैं▪क मुद्धाले शिक्षाका साथै देशका नारीहरुको समग्र विकासमा समेत महत्वपुर्ण भूमिका खेलेको हुन्छ। नेपाल पितृसतात्मक समाजहरु तथा लैं▪क समाजिक संस्कृति आधारमा समाज निर्मित देश हो (आचार्य २००४) । नेपाल पुरुषको तुलनामा निकै कम महिला साक्षरता दर ५७.४ प्रतिशत भएको देश हो। (

केन्द्रिय तथ्याङ्क विभाग, २०११)। त्यस्तै गरि शहरी र ग्रामीण साक्षरता दर विचको अन्तर पनि धेरै रहेको छ। देशमा रहेको यस्तो वातावरणले लैं•क विभेदहरुलाई छर्लङ पार्दछ। यस्तो लैं•क विभेदहरु विकासका सम्पूर्ण क्षेत्रहरुमा अस्तित्मा रहेका हुन्छन्। यो विभेद शिक्षा, राजनीति, सामाजिक क्रियाकलाप, रोजगारी, अर्थतन्त्र, स्वास्थ्य व्यापार व्यवसाय, निर्माण प्रकृया जस्ता क्षेत्रमा रहेका छन्। साथै विद्यालय कार्यदलहरु, कार्यक्षेत्रहरु, घर जस्ता क्षेत्रहरुमा समेत व्यापक रुपमा यस्ता विभेद रहेको पाइन्छ। यी स्थानहरु पनि अछुतो नरहेको स्पष्ट हुन्छ।

मानिसहरुले शिक्षा हासिल गर्ने कार्य र लैं•क सम्बन्धलाई फरक लिने र बुझ्ने गरेको पाइन्छ। परिवारमा छोराले शिक्षा हासिल गर्ने कार्यलाई एक अनिवार्य र आवश्यकीय कार्य मानिन्छ किनकी छोराहरुको विकास प्रगति एवं उन्नतीमै आफ्ना अभिभावकहरुको प्रगती उन्नती सम्बन्धित रहेको हुन्छ। किनभने पछि गएर छोरासागै बुवा आमाले बस्नुपर्छ भन्ने सोच्दछन्। छोराले पढेर प्रगती गरेमा आफैलाई सुख मिल्दछ भनि छोराको पढाइमा आमाबुवाले पनि बढि चासो दिने खर्च गरिदिन तयार हुने जस्ता सोचाही राख्ने कारणले छोराको पढाइमा बढी जोड दिइएको पाइन्छ। तर त्यसको ठिक विपरित छोरीका लागि शिक्षा हासिल गर्न लगाउने गराउने कार्यलाई नेपालका अधिक अभिभावकले अझैपनि उनीहरुको पछिको बााकी जीवन विकासको आधार हो भनि उनीहरुलाई पढाउनका लागि थप लगानी गरिदिने तत्परता देखाउादैनन्। किनभने विवाहपछि उनीहरुले आफुहरुलाई छोड्छन् पराइघर जान्छन् र उनीहरुबाट प्रतिफल पाइदैन भन्ने अज्ञान रुपी कालो सोच र आफु केन्द्रित फाइदामुखी अभिभावकको छोरीलाई गर्ने व्यवहारकै कारण उनीहरु माथिको न्युन शैक्षिक लगानीले गर्दा क्षमता, योग्यता, नेतृत्वसिव वैचारिक उत्कृष्टतामा महिला पछाडि पनुपर्ने कारण सृजना भई हाम्रो समाज विकासमा ल•डो हुन परेको छ। यस्ता परम्परामुखी ग्रैह्र आधुनिक सोचहरु “विवाह”, “स्वार्थीपन”, “संक्रीणता”, “अदुरदर्शिता” व्यवहारलेनै आजसम्म लैं•क विभेदको जरो गडेको गडै छ। यस्ता सोचहरुले आजका छोरी र भोलिका महिलाका लागि एक धुमिल बाटाहरु खनिरहेको पाइन्छ जसले पुरुष र महिलाको अन्तरलाई, विभेदलाई अझ बढाई रहेको छ। यो नै एक आधारभूत कारण हो जसले छोरीको स्कुलि•, छोराको स्कुलि•को तुलनामा निकै कम गराएको छ। यसबाट भविष्यको नेपाली समाज अझै पनि महिला र पुरुषको विभेदकारी संरचनामै जाने पक्का देखिन्छ। फ्लेस रिपोर्ट- क्ष (शिक्षा विभाग २०७२) का अनुसार- प्रा.वि. मा छात्रा भर्नादर ५०.८ प्रतिशत, नि.मा.वि. तहमा ५०.७ प्रतिशत, त्यस्तै समग्र आधारभूत तहमा ५०.८ प्रतिशत, माध्यामिक तहमा ५०.९ प्रतिशत, उ.मा.वि. तहमा ५०.७ प्रतिशत, त्यस्तै समग्र मा.वि. तह कक्षा ९-१२ मा ५०.८ प्रतिशत भर्ना रहेको देखिन्छ ।

हुन त लैंिक तहलाई राष्ट्रिय स्तरबाटै समान बनाउने धेरै प्रयासहरु गरिएता पनि शिक्षा क्षेत्रमा अझै पनि लैंिक विभेदहरु कायमै छन्। यसरी शिक्षामा रहेका लैंिक भूमिकाहरुलाई राम्ररी पहिचान गरेर जरैदेखि यसको निराकरणमा लाग्न पहिले देखि भएका राज्य संचालनका नीति, ऐन, नियम तथा शैक्षिक तथा विकास नीतिहरुलाई पुन अध्ययन विश्लेषण र पुनरलेखन गर्दै शिघ्र कार्यान्वयनमा लान आवश्यक देखिन्छ। यसरी लैंिक विभेदहरु जुन विद्यालय तथा घरहरुमा रहेका छन्। तिनलाई हटाउने हर विकल्पहरु तय गरिनुपर्दछ। घर भित्रै रहेको विभेद जस्तो छोरीलाई सरकारी विद्यालय पठाउने र छोरालाई नीजि विद्यालय पठाउने अवस्था को अन्त्य गरिनुपर्दछ। त्यस्तै घरमा छोरालाई पढ्ने वातावरण सृजना गरिएको छ। र छोरीलाई अनेक कामहरु गराई उनीहरुलाई पढ्न सहयोग पुऱ्याउने वातावरण नै कम बनाइएको छ। घरमा छोरी बुहारीहरुलाई शिक्षा, पढाइ र क्षमता विकास भन्दा बढि घरायसी आवश्यकताका कार्यहरु गर्न उनीहरुको महत्वपुर्ण समय व्ययतित गराइएको अवस्था छ। भने अर्को तर्फ परिवारमा पुरुष सदस्यहरु स्वतन्त्र रुपमा पढ्न लेख्न क्षमता विकास गर्न पाएका छन्। उनीहरु आफ्नो समयलाई पढ्न पत्रपत्रिका हेर्न, ज्ञान आर्जन गर्न, टि.भी. हेर्न, छलफलमा सहभागी हुन, राजनीति गर्न ठाउा, देश विदेश घुम्न पाउादछन्। तसर्थ यी यावत अवस्थाले गर्दा पुरुष परिवार तथा सामाजिक जीवनका हरेक क्षेत्रमा महिलाभन्दा अघि छ भन्नुमा कुनै आश्चर्य तथा नयाा पन देखिदैन। र प्रत्येकले महिलाले “केहि कुरा जान्दैनन”् भनेर भनेमा त्यसलाई सहजै स्वीकार नगरी सयौा पटक सोचि विश्लेषण गरि हेर्न चााहि आवश्यक पर्छ। यस्तो सन्दर्भमा के पुरुषले अध्ययनको उपर्युक्त वातावरण छोरी-बुहारी तथा महिला सदस्यका लागि गरेको छ र ? के उ महिलालाई हर क्षेत्रबाट स-सम्मान स्वतन्त्रता प्रदान गर्ने आाट र साहास गरेको छ त ? के नेपाली पितृसतात्मक सोच अनुसार बनेको “सामाजिक सत्यता” लाई महिला मैत्री हुने गरी परिवर्तन गरि व्यवहारमा ल्याएको छ त ? के नेपाली समाजका आधा आकाश पुरुषहरु “छोरीको भविष्य” बदल्ने कुनै पनि कार्यमा सकारात्मक प्रयत्न गर्न सकेका छन त ?

त्यसैत नेपाली समाजलाई नजिक बाट नियाल्ने हो भने छोरी चेलीहरु घर बाहिरका कार्यहरु गर्नमा अतिनै सिमीत देखिन्छन्। उनीहरु सामुदायिक विकासका कार्यहरुमा कम नै समावेश भएको पाइन्छ। शिक्षित महिलाहरु पनि घरबाट अलि टाढा कार्यालयहरुमा काम गर्न अनुमति दिइदैन। जब उनीहरुलाई हरेक क्षेत्रबाटनै अंकुश लगाइन्छ उनीहरुले विद्यालय, क्याम्पस तथा विश्व विद्यालय बाट आर्जन गरेको ज्ञानले विकसित हुने अवसर नै पाउादैन। यदि कुनै छोरी, महिलाले अदम्य सहास गरेर काम गर्ने प्रयास गरेमा त्यस कार्यलाई यो समाजले सकारात्मक रुपमा पचाउनै सक्दैन। महिलाले पुरुषसाग प्रतिस्पर्धा गरेको कुरालाई यो पितृसतात्मक सोचो ग्रस्ते समाजले राम्रो मान्दै

मान्दैन र भनिन्छ "पोथी बासेको सुहाउन्न"। यस्तो अवस्थाले महिला दिदी बहिनीहरु घर भन्दा बाहिरको संसार तथा कार्यबाट विमुख हुन बाध्य हुनु पर्दछ। जसबाट उनीहरुको शैक्षिक विकासको तह नै साघुरिन पुग्छ। तब उनीहरु कसरी पुरुष साग समान हुन पाए त ? तव नेपालको संविधान २०७२ को प्रस्तावनामा रहेको "समाजवाद प्रति प्रतिबद्ध" भन्ने शब्द तथा अर्थले के नेपाली समाज महिलालाई हरेक कोणबाट पछाडि पारेर त्यो समाजवादी लक्ष्यमा पुग्न सक्छ ? के अहिले सम्मका नेपाली क्रान्तीहरुको निष्कर्ष यस्तै असमान समाज निर्माण हो ? यसरी शैक्षिक र क्षमता विकास निरन्तरको संघर्ष र स्वतन्त्रता बाट नै मिल्ने हो । त्यसैले यस अध्ययनको निष्कर्ष भनेको: विद्यालयमा हुने लैं▪क समस्याहरु के के हुन ? कसरी विद्यालयमा तमाम गतिविधीहरुमा लैङ्गिक विभेदहरुलाई प्रस्तुत गरिएको छ ? विद्यालयमा महिला शिक्षक तथा छात्राहरुले के कस्ता समस्याहरु को समस्या सामना गर्न परि राखेको छ। लैं▪क समस्याले विद्यालयहरुमा कस्तो प्रभाव/असर पारिराखेको छ? विद्यालयमा लैं▪क समस्याहरु कम गर्ने उपायहरु के के हुन सक्छन ? र समग्रमा घर पछिको दोस्रो घर विद्यालयलाई कसरी महिला मैत्रि कार्य स्थल निर्माण गर्न सकिन्छ ? जस्ता प्रश्नहरुको व्यवहारिक उत्तर खोज्नु नै हो ।

## १.३ अध्ययनको उद्देश्यहरु

यस अध्ययनको मुख्य उद्देश्य लि▪का आधारमा विद्यालयमा हुने गरेको विभेदहरुको पहिचान गर्नु हो। जसका विशिष्ट उद्देश्यहरु निम्न छन्:

१) विद्यालय शिक्षामा रहेका मुख्य लैं▪क समस्याहरुको पहिचान गर्नु,

२) विद्यालयमा अभिव्यक्त गरिने लि▪ साग सम्बन्धीत विभेदलाई विश्लेषण गर्नु,

३) विद्यालयमा अध्ययनरत छात्राहरुको सामाजिक-आर्थिक अवस्था पत्ता लगाउनु,

४) सामाजिक आर्थिक अवस्थाले लैं▪क विभेदमा पारेको असरलाई नियाल्नु

## १.४ अध्ययनको औचित्य

नेपालका विभिन्न विद्यालयहरुमा अध्ययनरत छात्राहरुको शिक्षाको अवस्थाका बारेमा अनेकन अध्ययन अनुसन्धानहरु गरिएका छन्। त्यस्तै विभिन्न शैक्षिक, आर्थिक नीति, कार्यक्रमहरुले छात्राको शिक्षा र विकासमा पारेको प्रभावहरु तथा छात्राको शिक्षाको विकासमा महिला शिक्षिकाहरुले पुर्‍याएको योगदानहरुको बारेमा समेत बेला बेलामा विभिन्न अध्ययनहरु हुने गरेको पाइन्छ।

तर पनि विद्यालयमा हुने लैं‌ि‌ क विभेद तथा लैं‌ि‌ क सम्बन्धका बारेमा जति आवश्यक पर्ने हुन त्यति प्रयात्त अनुसन्धान, अध्ययनहरु भएको पाइदैन्। विद्यालयमा स्थापित हुने लैं‌ि‌ क सम्बन्धले छात्राहरुको शिक्षा र विकासमा ठुलै प्रभाव पार्ने हुादा ति सम्बन्धहरुलाई समयमै सकारात्मक रुपबाट सृजनशिल सोचले कसरी विद्यालयको वातावरणमा घुलाउन सकिन्छ भन्ने तथ्य उजागर गर्न यो अनुसन्धान गरिएको छ। लैं‌ि‌ क सम्बन्धहरुको पहिचान र विश्लेषण विना छात्राहरुको खाका तयार गर्न सकिदैन । जसरी महिलालाई कुनै पनि देशको महत्वपूर्ण आदि जनशक्तिको रुपमा लिइन्छ। त्यस्तैगरि उनीहरुलाई योगदानको भूमिकालाई वेवास्ता गरेर त्यस देशको विकास सम्भव छैन्। तसर्थ उनीहरुको समग्र पक्षहरुको शुक्ष्म अध्ययन मार्फत उनीहरुलाई विकसित पार्न शिक्षामा विद्यमान रुपमा रहेको लैं‌ि‌ क सम्बन्धको अध्ययन अपरिहार्य छ।

घर समुदाय पछि विद्यालय त्यस्तो ठाउा हो जहाा लिं‌ ‌सम्बन्धित वास्तविकताहरु प्रकट हुने गर्दछन्। लैं‌ि‌ क विभेदका नियत र रुपहरु परापूर्व काल देखिनै आजको समाज व्यवस्था सम्म समेत कुनै न कुनै रुपमा चक्रिय गतिमा देखा परिनै रहेको पाइन्छ। तसर्थ त्यस्तो नियत र रुपलाई शुक्ष्म अध्ययन बाट त्यसमा कारणहरु सहित पत्ता लगाइ सतहमा ल्याइ भावि राष्ट्रिय नीति योजना र कार्यक्रम मार्फत सुधार गरी शुन्य लैं‌ि‌ क विभेदको वातावरण सृजनाको अभिष्ट उद्देश्य लिई यो अनुसन्धान अगाडी बढाइएको हो । लैं‌ि‌ क सम्बन्धमा भैरहेका परिवर्तनका कारणहरुको अध्ययन तथा विश्लेषणको पहिचानले विद्यालय संचालनका शैक्षिक नीतिहरुमा प्रतिविम्वित भै त्यसले अफ बढी छात्रा मैत्रि विद्यालयमा हाल भैरहेका विद्यालयहरुलाई परिवर्तन गर्न सहयोग पु¥याउने उद्देश्य अनुरुप यो अध्ययन गरिएको छ। यस प्रकार समाजमा रहेका विभिन्न विभेदहरु मध्ये जातिय विभेदको कारण पहिचान अध्ययनले जसरी यस विभेद अन्त्यका लागि उपर्युक्त नीति तर्जुमा गर्न सहयोग गर्छ त्यसरीनै विद्यालयमा हुने गरेको अन्य विभिन्न विभेदहरु मध्येको प्रमुख लैं‌ि‌ क विभेद कम गर्दै शैक्षिक सवलीकरणमा सम्पूर्ण परिवेशका छात्रा छात्रहरुलाई एक समान आधारबाट उपर्युक्त शैक्षिक अध्ययनको वातावरण तयार गर्न उपर्युक्त नीति निर्माणका लागि नीति तथा योजना निर्माताहरु लाई यस अध्ययनले औंल्याएका कुराहरुले ठुलो सहयोग पु¥याउने छ भन्ने आशा लिइएको छ। र यो अध्ययनले यदि आधारभूत रुपमा रहेका लैं‌ि‌ क विभेद ल्याउने कारणहरुलाई समयमै निराकरण गरे छात्रा विद्यार्थीहरुले आफ्नो अध्ययनमा उल्लेख्य प्रगती गर्न सक्छन भन्ने कुराहरुलाई समेत स्पष्ट रुपमा देखाउादछ।

## १.५ अध्यनको संगठन

यस अध्यनको परिच्छेद एकको परिचय खण्डमा अध्यनको पृष्ठभुमी, समस्याको कथन अध्यनको उद्देष्य तथा अध्यनको औचित्य र परिच्छेद दुईमा विषयसंग संवन्धित विभिन्न विद्ववानहरुका लेख रचना, प्रतिवेदन बुलेटिन आदिलाई समिच्छात्मक पुनरावलोकन गरिएको छ। तेस्रो परिच्छेदमा अनुसन्धान विधी अध्यन क्षेत्र छनौटको औचित्य, अनुसन्धनको ढाचा, अध्यनको प्रकृती र तथ्याङ्कका स्रोतहरु, समग्रता र नमुना छनौट, तथ्याङ्क संकलनका प्रविधिहरु र अध्यनका सीमाहरुलाई उल्लेख गरिएको छ। चौथो परिच्छेदमा अध्यनको क्षेत्र तथा विद्यालयहरुको पृष्ठभुमी लगायत आवश्यकीय स्थलगत तथ्याङ्क प्रस्तुत गरिएको छ। भने परिच्छेद पाँचमा तथ्यङ्कको विष्लेषण र ब्याख्या गरिएका त्यस्तै अन्तिम छैठौं परिच्छेदमा अध्यनको साराशं र निष्कर्षलाई उल्लेख गरिएको छ।

# परिच्छेद - दुई

## साहित्यको पूनरावलोकन

जसरी यो अध्ययन विशेष गरी विद्यालयमा हुने गरेका लैंगिक तथा समाज विकासका समस्याहरुमा केन्द्रित रहेकाले यो अध्ययनमा सैद्धान्तिक, नीतिगत र अनुभुति मुलक दृष्टिकोण जस्ता कुराहरुबाट साहित्यको पुनरावलोकन गरिएको छ। यस अध्ययनको पहिलो भागमा सैद्धान्तिक पुनरावलोकन, विकास तथा महिलावाद साग सम्बन्धित सिद्धान्तबाट गरिएको छ। त्यस्तै भागमा शिक्षामा भए गरेका नीतिगत कागजातहरुबाट समेत यस खण्डमा पुनरावलोकन गरिएको छ । शिक्षामा लैंगिक समानता सम्बन्धी सरकारी नीतिहरु, छात्राको शिक्षामा भए गरेका नीतिगतब्यवस्था सम्बन्धी कागजातहरुबाट समेत यस परिच्छेदमा पुनरावलोकन गरिएको छ। त्यस्तै अनुसन्धानका लागि अनुभुती मुलक अध्ययनहरु तथा अन्य सम्बन्धित कुराहरु महिला शिक्षा साग सम्बन्धित क्षेत्रबाट गरिएको छ। यस्तो प्रकारको पुनरावलोकनले यस्ता विषयहरु साग सम्बन्धीत पुर्वनिर्मित विषयको ज्ञान अझ शुष्म र स्पष्ट रुपले हासिल गर्न ठुलो सहयोग पुऱ्याएका हुन्छन्।

### २.१. सिद्धान्तको पुनरावलोकन

सामाजिक विज्ञानका सन्दर्भमा अनेकन सिद्धान्तहरु प्रतिपादन गरिएका छन्। ति सिद्धान्तहरुको भूमिका हामीले कहाा, कसरी र कुन सिद्धान्त उल्लेख गर्छौ भन्ने स्पष्ट भएमा ती सिद्धान्त सामान्यरुपमा अनुसन्धानमा र विशेष रुपमा मामिला अध्ययनमा अझ राम्ररी बोध गर्न सकिन्छ। कुनै पनि अनुसन्धानमा सिद्धान्तहरु भनेका विचारहरु हुन् जुन विचारहरु हामीले विभिन्न स्रोतहरुबाट संकलन गरि तथ्यहरुको जानकारी हासिल गर्न, व्याख्या विश्लेषण गर्न एवं परिभाषित गर्नका लागि प्रयोग गर्ने गरिन्छ। संकलित तथ्यहरु आफैमा केहि बोल्दैनन, तिनलाई हामीले व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ। जसलाई राम्ररी बोध गर्न हामीलाई सिद्धान्तहरुले सक्षम पार्दछन्। कुनै पनि सिद्धान्त कुनै घटनाको कारण र त्यसको असर विचको चरहरुको व्याख्या र अनुमान गर्न स्थापित गरिएको हुन्छ। सिद्धान्तलाई वास्तविकताका बारे व्याख्या गर्ने, वर्गीकरण गर्ने, घटनाहरुको संघठन गर्ने तथा भविष्यमा हुन सक्ने घटनाको बारेमा अनुमान लगाउने प्रयास स्वरुप विकास गरिएको हुन्छ। तर पनि यस अध्ययनको सन्दर्भमा पुनरावलोकन गरिएका सिद्धान्तहरु यस प्रकार रहेका छन्।

### २.१.१ विकासका सिद्धान्तहरु

"विकास" भन्ने बित्तिकै पूर्णतया शुद्ध आर्थिक घटना एवं गतिविधि मात्र नभई यो एउटा सम्पूर्ण बहुआयामिक गतिविधीहरुको पून भिन्न तरिकाले सामाजिक र आर्थिक पद्धतिमा गरिएको पुनर व्यवस्थापन र पुनर अभिमुखिकरणको प्रकृया हो। यस सन्दर्भमा विकास सम्बन्धी सिद्धान्तहरुले आर्थिक तथा अन्य सामाजिक पक्षहरु विचको सम्बन्धलाई प्रकाश पार्दछन्। यदि तेस्रो विश्वका देशहरुको विकासलाई व्याख्या गर्न सकेनन भने मुलधारणा रहेका विकाससाग सम्बन्धीत सिद्धान्तहरु पनि असफल मानिन्छन्। यस प्रकारको असफलताले नै मुलधारमा रहेका सिद्धान्तहरुले विकासका विज्ञहरुलाई विभिन्न वैकल्पिक व्याख्या सहित अघि बढ्न उत्साहित पार्दछन्। "वैकल्पिक विकास" भन्ने शब्दले विकासको सतहमा नपरेका सम्पुर्ण विकासका पक्षहरुलाई समेट्दछ। र आजभोली यो सिद्धान्त विकासका हर कोसिसहरुमा अनुशरण गर्ने गरिन्छ। उदाहरणका लागि कुनै पनि देशको राष्ट्रिय विकास सम्बन्धी गतिविधीहरु ग्रामिण र दुर्गम क्षेत्रहरु सम्म पुग्न सकिरहेको हुदैन र यसैलाई शहरी केन्द्रको पुर्वग्रह भनिन्छ। (पिटेरस २००१) छात्रा विशेषगरी महिलाहरु तथा विभिन्न जात समुदायका मानिसहरु विकासका क्षेत्रहरु बाट बाहिर पारिएका हुन्छन्। र यस्तै अवस्थालाई केहि हद सम्म भएपनि सम्बोधन गर्न वैकल्पिक विकास योजनाहरु विभिन्न स्थानीय विकास योजना, एन.जी.ओ., आइ,एन,जी,ओ., सामाजिक आन्दोलनहरु मार्फत विभिन्न सेवा सुविधा लिएर ति उपेक्षित जनतामा पुग्ने गर्दछन्। तसर्थ वैकल्पिक विकास "तल्लो स्तर" ग्रामिण स्तरका जनताहरु मार्फत हुने विकास हो। र यहाा प्रयोग गरिएको "तल्लो स्तर" ले "समुदाय" र एन.जी.ओ. हरुलाई

जनाउादछ। विकासको वैकल्पिकताहरुलाई स्थानीय तथा साधारण मानिसहरुलाई सु-अवसर उपलब्ध गराउने एउटा नयाा वास्तविकताको रुपमा समेत देख्न सकिन्छ।(पिटेरस २००१) ।

यस अध्ययनले विकासको यो वैकल्पिक सिद्धान्तलाई अंगाल्छ किनभने विकासका अवसरहरुमा छात्रा/महिला वंचितीकरणमा परेका छन्। जसमध्ये शिक्षामा समेत उनीहरु पछाडी परेका छन्। विकासको मुलधारमा उनीहरुलाई ल्याउन पनि अति आवश्यक छ। यस सन्दर्भमा वैकल्पिक उपागमको उद्देश्य पनि वंचितिकरणमा परेका समुहको विकास र स्वतन्त्रता का लागि नै कार्य गर्ने हो।

शिव खेरा का अनुसार– "प्रगती उद्योग, पुर्वाधार वा नागरिक साग भएको धन सम्पत्तिको आधारमा मापन गरिदैन तर उनीहरुले अंगालेको गुणस्तरिय जीवनले मापन गरिन्छ (फ्रिडोम इजनट फ्रि , .पे. ४०)"। वास्तवमै भन्नु पर्दा प्रगती त्यतिखेर सम्वभ छ जतिखेर उपलब्ध स्रोत र साधनको तथा नभएका विकासका पुर्वाधारहरुको उच्चतम उपयोग द्धारा व्यक्तिको जीवन गुणस्तरीय बन्दछ। त्यस्तै गरि एडोका अनुसार- "विकास सामाजिक रुपान्तरण हो।" रवर्ट चेम्वरस भन्छन्- रुपान्तरण भनेको "असल परिवर्तन" हो। असल परिवर्तनमा समानता, दिगोपन, शसक्तिकरण र समावेशिता समावेश हुन्छन्।कोर्तनले यि सम्पूर्णलाई "विकास" मा राखेका छन्। (पिटेरस २००१)

यस प्रकार वैकल्पिक विकासको उपागमले सामाजिक वंचितिकरणमा परेका जुन समुहलाई सहयोग पुऱ्याउादछ। र मैले यहाा यो उपागमको प्रयोग सुविधा वंचित समुहको विकासको आवश्यकतालाई उजागर गर्न गरेको हु जहाा छात्रा/महिला पनि पर्दछन्।

विकासलाई सामाजिक अध्ययनको एक प्रमुख अ▪को रुपमा लिइन्छ। जुन समुदाय र लक्षित वर्ग यसलाई आत्मसाथ गर्न सके उनीहरु शक्ति शाली बन्दै गए र जुन समुदाय वर्ग लि▪ यसबाट टाढा रहन पुगे उनीहरु अझै पनि अन्याय शोषण र पछौटे पनको अवस्थामा रहन पुगे, तसर्थ राजनीति कर्मीहरुको नाराको भाषणको प्रमुख भाग "विकास" बन्न पुगेको छ। यहाा विकासलाई भाषण उपागमको रुपमा लिइ सम्पुर्ण जनतालाई यस प्रकृयामा सहभागी गराइने तरिकाको रुपमा लिइन्छ। "विकास सम्बन्धी छलफल/भाषण ( डिसकोर्स) उपागमले शक्ति, ज्ञान र सत्य विचको सम्बन्धहरुलाई विश्लेषण गर्ने बाटो निर्धारण गर्दछ। "भाषण" ले विकासकर्ता (विकसित) र विकास गर्दै गरेका (विकाससिल) देशहरु विचको शक्ति-सम्बन्धलाई देखाउाछ। अनेकन नियमका समुहहरुलाई विकासले समायोजन गर्दछ भने त्यसलाई "स्तरीय विकास" का रुपमा लिइन्छ। (रविन्सन पन्त, २००१) विकासलाई विश्व बैङ्क संयुक्त राज्य, अमेरिका सरकार तथा अन्य उत्तर अमेरिकी संस्थाहरुले दोस्रो विश्वयुद्ध समय पछि एउटा उच्चतम प्रविधिकलात्मक उपागमका रुपमा जनाएको पाइन्छ। (विल्स,

२००५) विकास सम्बन्धि भाषण/छलफल तेस्रो विश्वका लागि उत्पादन तथा व्यवस्थापन सम्बन्धि एउटा संयन्त्र हो। (पिटेरस २००१) यो तेस्रो विश्वका मानिसका लागि "अर्को" जसरी नकारात्मक विशेषताहरु जस्तै प्राचिन र पछौटे रुपमा लिई परिभाषित गरेको पाइन्छ। जुन अनुमानकै रुपमा पनि पश्चिम समाजहरुमा पाइदैन। (रविन्सन पन्त, २००१) । यसको अर्थ पश्चिमी देशहरुले तेस्रो विश्वमा हस्तक्षेप गर्दै विकासको उत्तरार्धका लागि क्षमायाचना गर्ने अवस्था बनाइ राखेका हुन्छन्। पश्चिमा देशहरु वास्तवमै जुन देशहरुमा हस्तक्षेप गर्न सकिन्छ ति देशहरुमै दौडी राखेका हुन्छन्। "कोलम्वियामा बाहिरी मानिसहरु आइपुग्नु अगाडी त्यहाा गरिबी र विकास जस्ता कुरा आवश्यकै थिएन (इस्कोवारले, विल्स, २००५ उद्धित गरेका)। विकास आवश्यकै थिएन किनभने वैदेशिक सहयोगको आवश्यकता महसुसनै गरिएको थिएन"। जब कुनै आश्चर्य विनानै विकास आउाछ त्यो विकासले तेस्रो विश्वको संस्कृतिलाई विनास गर्ने एउटा शक्ति/बलका रुपमा कार्य गरेको हुन्छ जुन विडम्वना पूर्वक जनताको चाहनाका रुपमा आउाछ। (इस्कोवार, १९९७) इस्कोवार भन्छन् केन्द्रिय शक्तिको दबावका कारणले विकास मन गढन्ते बनेका हुन्छन् । यस्तो स्तरीकृत विकास भाषणलाई स्कोवार जस्ता विद्धानले विकास सम्बन्धी विचारहरुलाई छलफल/भाषणको रुपमा अगाडि बढाउाछन् जसले जनताको बहु स्तरलाई सुन्न र बुझ्न जोड दिादै मद्दत गर्दछ। विकास सम्बन्धी छलफल भाषणले मनगढन्ते रुपमा वा एकातर्फ बाट मात्रै कार्यान्वयन गर्न खोजिएका प्रयासले विविध पहिचान भएका मानिसहरुको कल्याणमा काम गर्न सक्दैन। मैले यस अध्ययनमा "विकास छलफल/भाषण" (डिसकोर्स) शब्दको प्रयोग कसरी छात्रा/महिलाहरुको आफ्नै वास्तविक विकासलाई परिभाषित गर्न प्रयोगमा ल्याइएको हुन्छ भन्ने देखाउन प्रयोग गरेको छु। छात्रा/महिलाको अध्ययनको क्षेत्रमा खोजिएको विकासले उनीहरुलाई शैक्षिक प्राप्ती, सशक्तिकरण आर्थिक फाइदा कसरी दिलाउन सकिन्छ भन्ने कुरा बुझ्न खोजिएको छ। त्यसैले नै मानिसहरुले शिक्षालाई छात्रा तथा महिलालाई सशक्त पार्ने एउटा प्रमुख विकासको कडीका रुपमा समेत लिने गर्छन्। त्यस्तै शिक्षानै छात्रा/महिलाको परिचय हो किनभने यस परिवर्तन शिल समाजमा आजका स्कुल छात्रा भोलिका यहि समाजका महिला हुन्। तसर्थ, यस अध्ययनमा प्रयोग गरिएको विकासको अर्थ शैक्षिक, आर्थिक, उत्थान र सामाजिक परिवर्तन जस्ता क्षेत्रहरु हुन्।

### २.१.२ महिलावादी सिद्धान्तहरु

महिलावादी सिद्धान्तले महिलाका अनुभवहरु बोल्न खोज्छन्, महिलाको दृष्टिकोणबाट वास्तविकताहरु बुझ्न खोज्छन्, महिलाको जीवन साग जोडेर प्रश्नहरु गर्छन र पुरुष आधारित ज्ञानमा व्यवस्थीत विभेद र वङ्ग्याइएको अवस्थालाई उजागर गर्छन (एवोट र वालेस १९९७, २९९)। "महिलावादले साक्षरतामा रहेको लैं▪क असमानता, शैक्षिक प्राप्ति, रोजगारीमा पहाच र

राजनीतिमा सहभागितालाई बुझ्न जोड दिन्छ (माथुर २००१)। महिलावादीहरुले महिलाको अवस्थितीबाट महिलावादी सिद्धान्तहरुको विकास गर्न र संसारको व्याख्या गर्न महत्व दिन्छन्" ( एवोट र वालेस १९९७)। महिलावादीहरु महिलाहरुको विकासमा रहेका समस्याहरुको संवोधन गर्न विकास सिद्धान्तहरु चाहन्छन् र उनीहरुको विकासका क्रियाकलापहरुमा रहेको भूमिकालाई जोड दिन्छन्। महिलावादीहरुले विकासमा गरेको वादविवादको केन्द्रिय उर्धक्यापमा समावेश हुने मुख्य कुरा नै महिलाहरु पुरुषमा रहनुपर्ने अधिनता सम्बन्धी समस्याहरुमा केन्द्रित रहेको छ। तसर्थ महिलावादी सिद्धान्तहरु महिलाहरुलाई समाजमा पुरुषमा अधिनस्त रहनुपर्ने अवस्थालाई रुपान्तरण गर्ने कुरामा सम्बन्धित रहेको छ। लैंिकतामा सात महिलावादी दृष्टिकोणहरु छन् (एवोट र वालेस)

**उदार महिलावाद** ले कानुन तथा अभ्यासमा पुरुष र महिलालाई समान नागरिकलाई अधिकार दिने कुराको माग गर्दछ। महिलाहरु पनि मानविय प्राणी हुन त्यसैले उनीहरुलाई पनि पुरुषलाई प्राप्त भए जतिकै प्राकृतिक अधिकारहरु जीवन, स्वतन्त्रता र खुसी प्राप्त गर्ने अधिकारहरु हुन्छन्। यो सिद्धान्तले कानुनी रुपमा लडेर र अन्य सुधारहरु गरेर लैंिक असमानता अन्त्य गर्नुपर्ने कुरामा जोडदिन्छ। र यससन्दर्भमा यो महिलाको स्वतन्त्रता (मुक्ति) साग सम्बन्धित छ। **मार्क्सवादी महिलावाद** ले महिलाहरु शोषणमा पर्नुपर्ने प्रमुख कारणहरु र सामाजिक उत्पादनमा उनीहरुको निषेधमा जोडदिन्छन्। वर्तमान समकालीन समाजको प्रमुख विशेषता पाजीवादी व्यवस्था भएकोले उनीहरु दमित हुन बाध्य छन्। किनभने जसरी उनीहरु श्रमीक ज्यालाबाट विमुख छन् र घरायसी कामधन्दामा मात्रै सिमित छन् भने उनीहरुको सामाजिक उत्पादनको हिस्सामा अधिकार स्थापित हुन नसक्दा ज्याला पाउादैनन् र उनीहरु पाजी अभावकै कारण शोषणमा पर्दछन्। **आमुल महिलावाद** ले महिला माथि पुरुषले गर्ने नियन्त्रणलाई व्याख्या गर्दछ र उनीहरु यस्तो पुरुषको नियन्त्रणबाट स्वतन्त्र हुन जुनसुकै रुपले पनि लड्नु पर्ने कुरामा तर्क गर्दछन् । सम्पूर्ण महिलाहरु ऐतिहासिक, सांस्कृतिक, वर्गीय, जातिय फरकपनाका वाबजुत पनि दमित रहन बाध्य छन्। लैंिक विभेदहरु पितृसतात्मक स्वास्त र निरन्तर शासनकै परिणाम हो। **भौतिकवादी महिलावाद** ले सामाजिक वर्गका रुपमा पुरुषद्धारा महिलाहरु शोषित भएका हुन्छन् भनि तर्क गर्दछ र यस्तो अवस्था विरुद्ध उत्रन साझा रुचिहरु सबैमाझ फैलाउादछन्। यस सन्दर्भमा लैंिक (लिंिय) असमानतालाई पेशागत असमानता भन्दा प्राथमिक र अति आधारभूत तत्वको रुपमा लिइन्छ। **दैध-पद्धती महिलावाद** ले पाजीवाद र पितृसतात्मक सम्बन्धका पक्षका रुपमा महिलालाई गरिने दमन रुपमा हेर्दछ। **उत्तर आधुनिक र उत्तर संरचनात्मक महिलावाद**ले भाषण/छलफल महिलाको दृष्टिकोण बाट बनाइनु पर्दछ भन्ने कुराको वकालत गर्दछ। त्यस्तै गरि उत्तर आधुनिक सिद्धान्तहरुले ज्ञानको उत्पादनमा

पूर्वनिर्धारित सत्य विरुद्ध उत्रन बहु यर्थाथताको अस्तित्वका लागि जोड दिन्छन्। **काला महिलावाद** ले काला महिला र पुरुष दुवैको मुक्तिमा आफ्‌ना तर्कलाई जोड दिन्छन्। (एवोट र वालेस, १९९७)

माथि उल्लेख गरिएका महिलावादी दृष्टिकोणहरु मध्ये काला महिलावाद बाहेक अरुसबै महिलावाद नेपाली समाजको सन्दर्भमा प्रयोग गर्न सकिन्छ। मेरो यस अध्ययन, आमुल महिलावादको सिद्धान्तमा केन्द्रित रहेको छ । यो सिद्धान्तले मैले छानेको समुदाय र विद्यालयमा कसरी काम गर्छ भन्ने पत्ता लगाउनु नै यस सिद्धान्त छान्नुको मुख्य उद्देश्य हो। माथिका ७ सिद्धान्त मध्ये मैले यस सिद्धान्त छाने किनभने परिवार देखि लिएर सामाजिक सम्बन्धहरुमा महिलाको भुमिका खोज्न, व्याख्या गर्न र परिवर्तन गर्न पनि यो सिद्धान्त सान्दर्भिक देखिन्छ।

मेरो यस अध्ययनले पितृसतात्मक समाज पद्धतीले कसरी महिलाको शिक्षा र विकासमा प्रभाव पार्छ भन्ने देखाउनु पनि हो। मैले प्रयोग गरेको आमुल महिलावाद सिद्धान्तले महिलाका अनुभव, अस्तित्व, अभाव, अमानवियता र अज्ञानता भित्र पसेर अरु सिद्धान्तको खोजी गर्नु समेत रहेको छ। जसले महिलाको जीवनमा सृजनशिल र सकारात्मक परिवर्तन ल्याउन सकुन। आजका साना स्कुले बालिका जब विभिन्न अमानविय व्यवहारको शिकार हुन पुग्दछन् भने उनीहरु कसरी शिक्षामा पाहुच स्थापित गर्दै भविष्यमा राष्ट्र निर्माणका विभिन्न क्षेत्रमा सहभागी भै आफ्‌नो अमुल्य योगदान दिन सक्छन भन्ने कुराको खोजी यस अध्ययनमा गरिएको छ।

महिलावादीहरु शास्त्रिय सामाजिक सिद्धान्तको विरुद्धमा देखिन्छन् किनभने शास्त्रिय सामाजिक सिद्धान्त धेरै नरीत्व साग भन्दा वढी पुरुषोत्व साग सम्बन्धित छ। शास्त्रिय सामाजिक सिद्धान्तहरुले औधोगिकीकरण, पाुजीवाद, शहरीकरण र आधुनिकता अवस्थाहरु साग सम्बन्धित परिवर्तनहरु पुरुषहरुसाग मात्रै सम्बन्धित रहेको दावी गर्दछन (हरि▪टन, २००५) । तर के पुरुषहरु एक्लैले यस्ता परिवर्तनहरु ल्याउन सक्लान त ? अवश्यनै होइनन। मेरो यस अध्ययनले महिलाहरुले पनि बरावरी रुपमा यी परिवर्तनहरु ल्याउन सहभागिता जनाएका थिए भन्ने देखाउादछ। उनीहरु घरमै केन्द्रित थिए र पुरुषले यी परिवर्तन ल्याउन निर्षफिक्री कार्य गर्न पाए। महिलाहरुलाई पनि सहभागी गराइएको भए के उनीहरुले अप्रत्यक्ष भाग लिएका थिए। भने अहिले आएर विस्तारै उनीहरुले प्रत्यक्ष रुपमा योगदान दिादै गैरहेका छन् र त अहिले वर्तमानमा हामीसाग सु-संस्कृत गतिशिल समाज महिला-पुरुष विभेद अन्त्यको समाजको रुपमा अगाडी वढी रहेको हामी पाउादछौं। महिलाहरुलाई सहभागिताको क्षमताहरु प्राप्त गर्न असक्षम हुन्छन भनेर राखिने गर्नु हुदैन (हरि▪टन २००५)

यस अध्ययनले महिलावादी सिद्धान्त अवलम्वन गर्दछ किनभने यस अध्ययनले समुदायमा रहेका विद्यालय (नीजि तथा सार्वजनिक) अध्ययनरत छात्राहरुको लै▪क सम्बन्धलाई केन्द्रमा राखी

अध्ययन गरेको छ। यस अध्ययनमा महिलावादी सिद्धान्तले छात्रालाई शिक्षामा र विकासमा सहयोग पुगोस भन्ने हेतुले यसमा अवलम्वन गरिएको छ। त्यस्तै गरि लैं•क सम्बन्धको प्रभाव समग्र विकासमा परोस भन्ने मुल अभिप्रायले यो अध्ययन गरिएको छ। महिलावादी सिद्धान्तको एउटा कमजोरी के छ भने यो सिद्धान्त लैं•क पक्षपाती रहेको छ। सतही रुपमा हेर्दा यसले शास्त्रिय सामाजिक सिद्धान्तको कुनै एक सिद्धान्तलाई पछ्याएको देखिन्छ। शास्त्रिय सामाजिक सिद्धान्तले समाजको सृजना र विकासमा पुरुषको मात्रै योगदान रहेको कुरालाई जोड दिए जस्तै गरि महिलावादी सिद्धान्तले पनि महिलाका कुराहरुलाई मात्रै जोड दिने गर्दछ। तसर्थ एउटा समाज गतिशिल र विकसित बन्न दुवै महिला र पुरुषको बरावर महत्व रहेको हुन्छ।

यहाा यस अध्ययनमा जतिपनि सिद्धान्तहरुको कुरा गरिएको छ, त्यो विकासमा बन्चित पारिएका महिलाहरुको कुरा उठाउनलाई प्रयोग गरिएको हो। विशेष गरि यस अध्ययनमा महिलावादी सिद्धान्तहरुलाई जोड दिइएको छ किनभने समाजमा मुख्यतया वन्चितीमा परेका समुहको आवाजलाई उठान गर्नका लागि नै गरिएको हो। यहाा वन्चितीमा परेका भन्नुको तात्पर्य विकासका अवसरहरुमा पहुाच नभएको अवस्थालाई जनाउादछ।

## २.२ शैक्षिक तथ्याङ्क र नीतिगत कागजात

मैले छात्रा/महिलाको शिक्षा र विकासका लागि विभिन्न शैक्षिक तथ्याङ्क र नीतिगत कागजपत्रहरुको पुनरावलोकन गरेको छु। मैले यस अध्ययनका लागि तेऱ्हौं योजना (२०७०-०७४), चौधौ योजना (२०७४-०७६)

सवैका लागि शिक्षा कार्य योजना, सबैका लागि शिक्षा मुख्य कागजात, शैक्षिक सुचना २०७३ शिक्षा मन्त्रालय, आधारभूत तथा प्राथमिक शिक्षा, ५८ औ वार्षिक प्रतिवेदन २०७३ श्रावण-२०७४ असार लोकसेवा आयोग, र सहस्रवादी विकास लक्ष्य आदि सम्पूर्ण कागज पत्रहरुको लैं•क दृष्टिकोणबाट पुनरावलोकन गरिएको छ।

तेऱ्हौं योजना (राष्ट्रिय योजना आयोग, (२०७०/४ -२०७४/३) ले पनि महिलाका सम्बन्धमा तय गरिएका बाऱ्हौं योजनाका प्रावधानहरुलाई दिर्घकालिन योजनाकै रुपमा निरन्तरता दिएको पाइन्छ। १३ औ योजनामा ५ वर्ष र सो भन्दा माथिको साक्षरता दर ६५.९ प्रतिशत (महिला ५३.१ र पुरुष७४.७) रहेको अवस्था छ। १३ औ योजनामा ८७.५ प्रतिशत पुगेको १५-२४ उमेर समुहको साक्षरतामा ४.५ प्रतिशत वृद्धि गरि चौधौा योजनाको ९२ प्रतिशत पुऱ्याउने लक्ष्यमा के यस्तै प्रकारको सोच र कार्य शैलीले १४ औं योजनाको अन्त्य सम्म सकिएला ? भन्ने प्रश्नको खोज नै यस अध्ययनको गहनतम विषयवस्तुमा पर्दछ। १३ औ योजनामा बालविकासको अनुभव सहित कक्षा एकमा भर्ना हुन आउने बालवालिका सङ्ख्या ६२.४ प्रतिशत रहेको र १४ औं योजनाको लक्ष्य

७८ प्रतिशत राखेको अवस्था छ भने प्रा.वि. तह (१-५) को खुद भर्नादर ९६.६ प्रतिशत रहेको अवस्थामा १४ औं योजनाको अपेक्षा त्यो भन्दा माथि नै पुऱ्याउने छ। त्यस्तै १३ औ योजनामा आधारभूत तह (१-८) को खुद भर्नादर ८९.४ प्रतिशत लाई १४ औं योजनाको अन्त्य सम्म ९५ प्रतिशत पुऱ्याउने अपेक्षा लिइएको छ। तेऱ्हौं योजनामा तय गरिएको ६ रणनीतिहरु र ४२ कार्यनीतिहरुले सबै तहको शिक्षालाई गुणस्तरीय पार्ने, शिक्षामा सबैको पहुाच सुनिश्चित गर्ने, अनिवार्य आधारभूत शिक्षा र निशुल्क मा.वि. (९-१२) शिक्षाको कार्यान्वयन गर्ने, औपचारिक तथा अनौपचारिक सम्पूर्ण क्षेत्रबाट शिक्षा, सीप, क्षमता विकास, साधारण तथा प्राविधिक शिक्षालाई कक्षा ९ देखी १२ सम्ममा विस्तार गरि प्राविधिक जनशक्तिको विकास द्धारा राष्ट्र निर्माणमा योगदान पुऱ्याउने व्यवस्था समेत तय गरिएको छ। साथै सबै तहको शिक्षामा महिला, आदिवासी, जनजाती मधेसी दलित, विशेष आवश्यकता भएका तथा लक्षित समुदायको पहुाच सुनिश्चित गर्न आरक्षण छात्रवृत्ति आदिको व्यवस्था गरिने कुरा उल्लेख छ। त्यस्तै विद्यालयमा जातजाती, भाषा, लि•, धर्म आदि आधारमा गरिने विभेदलाई पूर्णतया निशेष गरिने उल्लेख गरिएको छ। त्यस्तै शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी पार्न कमजोर क्षमता भएका विद्यार्थी उन्मुख लक्षित पढाइ संचालनका लागि शिक्षक तालिम लगायतका व्यवस्थाहरु गरिएका छन्। महिला, दलित, जनजाति र विशेष क्षमताका बालवालिकाहरुलाई उच्च शिक्षामा छात्रावृत्तिका लागि विशेष सुधार तथा क्षमता विकासमा जोड दिने प्रावधानबाट शिक्षा विमुख वर्गलाई शिक्षाको मुलधारमा ल्याउने प्रयास देखिन्छ। मेरो यस अध्ययनको ध्येय उपल्लो जात भनिएकामा पर्ने गरिव, निमुखा असहायलाई पनि शिक्षाको पहुाचमा ल्याउनु पर्दछ भन्ने हो भन्ने दलित तथा जनजातिमा रहेका धनि परिवारका केटाकेटीहरु आफै गुणस्तरीय शिक्षाको पहुाचमा रहने हुादा उनीहरुको लगानी समेत छात्रा शिक्षामा केन्द्रित गर्नुपर्ने हुन्छ भन्ने हो। तसर्थ शिक्षा प्रदायक संघसंस्था र सरोकारवाला हरुमा नविनतम सोच, संस्थाहरुमा सुशासन तथा पारदर्शिता अपरिहार्य छन्। वास्तवमा १३ औ योजनाले राखेको दिर्घकालिन सोच "सबै नेपालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गरी सक्षम, उत्पादनशील र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने" पुरा गर्न पनि वर्तमान शिक्षा प्रदायक संस्थाको सोच र कार्यशैलीमा आमुल परिवर्तन गर्न पर्ने देखिन्छ।

सबैका लागि शिक्षा सम्बन्धी राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५), २०५९ ले सन् २००० को सेनेगलको राजधानी डकार सम्मेलनले तय गरेको ६ प्रमुख लक्ष्यहरु सहित नेपालको सन्दर्भमा एक थप गरी ७ ओटा लक्ष्यहरु उल्लेख गरेको थियो ति मध्येको एक प्रमुख उद्देश्य "सन् २००५ सम्म प्राथमिक तथा माध्यामिक तहसम्मको शिक्षामा लैं•क विभेदीकरण निर्मुल गरिसन् २०१५ सम्म शिक्षामा लैं•क समानता कायम गर्ने छात्राहरुको लागि गुणस्तरीय आधारभूत शिक्षामा

पहुाच र उपलब्धी सुनिश्चित गर्ने" त्यस्तै गरि नेपालले आफ्नो देशको परिवेशमा थप गरेको लक्ष्य थियो।"आदिबासी जनजाती र भाषिक अल्पसङ्ख्यक समुदायका लागि मातृभाषामा आधारभूत तथा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गर्ने।" भन्ने कुरा उल्लेख गरेको पाइन्छ । सोही कार्ययोजनाले तय गरेको ७ ओटा लक्ष्यहरुमा ४ औ बुादाको लक्ष्यमा सन् २०१५ सम्म पौढ साक्षरता तहमा खासगरी महिला साक्षरतामा कम्तिमा ५० प्रतिशत वृद्धि गर्ने र सबै प्रौढहरुका लागि आधारभूत तथा निरन्तर शिक्षामा न्यायोचित पहुाच पुऱ्याउने उल्लेख छ। यस अध्ययनले सबैका लागि शिक्षा कार्ययोजनाले तय गरेका लक्ष्य हासिल गर्न गरिएका अल्पकालिन र दिर्घकालिन प्रयासहरुलाई तथा कार्यान्वयनका क्रममा देखा परेका समस्याहरु र चुनौतिहरु लाई समेत सुचिबद्ध गर्दछ।

सबैका लागि शिक्षा सम्बन्धी राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) को पुनरावलोकनले लैंिक सवालमा सबैका लागि शिक्षाले तय गरेको लक्ष्य पुरा गर्न सरकारको योजना सम्बन्धी जानकारी प्राप्त गर्न मलाई सहयोग पुऱ्याएको छ। सरकारले विद्यार्थी भर्नामा रहेको लैंिक अन्तरलाई हटाउन लिएको उद्देश्य तथा प्राथमिक तहमा विद्यालयहरुमा महिला र पुरुष शिक्षकको अनुपातमा रहेको अन्तर सन् २००५ सम्म हटाइसक्ने कुरालाई मुख्य प्राथमिकता दिएको पाइन्छ। तर उद्देश्य प्राप्त गर्नु त कता हो कता सन् २०१८ सम्म आइपुग्दा सम्म पनि लैंिक अन्तर अझसम्म रहेको स्पष्ट हुन्छ। विद्यालय शिक्षाको वर्तमान अवस्था अनुसार प्राथमिक तहका जम्मा १,९७,७९७ जना शिक्षक हरुमध्ये महिला शिक्षक सङ्ख्या ८६,९४२ (४३.९६ प्रतिशत) रहेको तथ्याङ्कले देखाउाछ। जुन तथ्याङ्क अनुसार नि.मा.वि. तह (६-८) आधारभूत तह (१-८) मा.वि (९-१०) तह, मा.वि. (११-१२) तह, मा.वि. (९-१२) तहमा त झनै कमि क्रमश २८.९४%, ४०.६६%, १८.२८%, १६.५०% र १७.७०% महिला शिक्षक रहेको तथ्याङ्कले देखाउाछ (शैक्षिक तथ्याङ्क, २०७३ पेज १७ शिक्षा मन्त्रालय) यस्तो परिप्रेच्छमा सरकारले गरेको प्रयत्नहरु अझै पनि देशमा रहेका जम्मा महिला सङ्ख्याको तुलनामा उनीहरुको शिक्षामा तथा शिक्षा रोजगारीमा पहुाच मार्फत क्षमता अभिवृद्धि गरि रोजगारीका लागि योग्य बनाउन नसक्नु ठहर्दछ।

यस्तो कार्यान्वयनको व्यवस्थाबाट चालु चौधौं योजना (२०७३/४-०६७/३) को सोच "शिक्षामा सबैको पहुाच र गुणस्तर अभिवृद्धि गरी रुपान्तरण" पुरा हुनेमा धेरै प्रश्नहरु उब्जन्छन। प्रत्येक प्राथमिक विद्यालयमा महिला शिक्षिका पुऱ्याउने नीति, अप्रयाप्त शिक्षक दरबन्दी, स्पष्ट नीतिगत मार्गदर्शनको कमि, स्थानीय समुदायमा महिला शिक्षिकाहरुको अप्राप्तता, स्थानीय निकायहरु सागको उपर्युक्त समन्वयको अभाव, विद्यालयका प्रधानाध्यापक र समितिका सदस्यहरुको राम्रो समन्वयको अभाव, फितलो कार्यान्वयन संयन्त्र, पुरुष शिक्षकहरुलाई प्राथमिकता

महिलाप्रतिस्पर्धीहरुको गाउामा पुगेर काम गर्ने अनिच्छा जस्ता कारणहरुले अप्रभावकारी भएको पाइन्छ। (विष्ट २००४) । यसप्रकार "सबैका लागि शिक्षा" सम्बन्धी मुख्य दस्तावेजले धेरै भन्दा धेरै छात्राहरुलाई विद्यालयमा अध्ययनका लागि ल्याउने महिला शिक्षिकाहरुको भूमिकालाई महत्व दिएर ४ जना शिक्षक दरबन्दी भएका विद्यालयहरुमा २ जना महिला शिक्षक (५०%) नियुक्त गर्ने नीति अझै पनि पुरा हुन नसकेको अवस्थालाई वर्तमानको कार्यान्वयन अवस्थाले देखाउाछ, भन्न सकिन्छ।

त्यस्तै लोकसेवा आयोग द्वारा प्रकाशित ५८ औं वार्षिक प्रतिवेदनमा (२०७३/४-२०७४/३) समेत लैंिक अन्तर रहेको देखिन्छ। यस प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७३/०७४ भित्र विभिन्न सेवा समुहमा गरिएका जम्मा विज्ञापन १०,३६८ स्थान मध्ये जम्मा योग्य सिफारिस ९५६५ मध्ये महिला ४१३४ (४३.२२%) सिफारिस भएको उक्त प्रतिवेदनको कार्यकारी शारांसमा प्रष्ट देखाइएको छ। (लोक सेवा आयोग ५८ औं वार्षिक प्रतिवेदन पेज नं. ९) माथिको दस्तावेजमा देखिएको महिलाहरुको न्यून सिफारिस तथा नियुक्तीको प्रमुख अवस्था भनेकै सिद्धान्तमा महिलालाई शिक्षा आर्जन र क्षमता विकासमा पहाुचता प्रदान गर्ने भनिएता पनि व्यवहारमा ति नीति तथा कार्यक्रम ग्रामिण भेग कुना काप्चासम्म पुगेर महिलाका लागि शिक्षाको उपलब्धता, प्रेरणा प्रदान, क्षमता विकास, विकासमा सहभागिता नगराइनुकै परिणाम हुन भन्न सकिन्छ।

सन् २००० मा संयुक्त राष्ट्र संघको तत्वाधानमा आयोजित अन्तरराष्ट्रिय सम्मेलनले समग्र मानव विकासका पक्षहरुलाई आधार मानेर तय गरेको प्रमुख ८ लक्ष्यहरुलाई नै सहस्राब्दी विकास लक्ष्य भनिन्छ। जसको तेस्रो लक्ष्य "लैंिक समानता प्रवर्द्धन तथा महिला सशक्तिकरण" भन्ने रहेको छ। यहि लक्ष्य प्राप्त गर्न प्रत्येक देशहरुले आफ्नो देशको संविधान, ऐन, नीति, कार्यनीति, कार्यविधि, योजना तथा कार्यक्रमहरुमा विशेष व्यवस्था गर्नुपर्ने हुन्छ। जुन कार्य अघिमा सन् २००५ तथा पछिमा सन् २०१५ सम्म यो लक्ष्य नेपालले प्राप्त गरि सक्नु पर्ने थियो। तर अझै पनि महिला र पुरुषको साक्षरता प्रतिशत, शिक्षामा पहाुच, विकासमा सहभागिता, शासनमा पहाुच र अधिकार प्राप्ती र उपयोगमा ठुलै अन्तर विद्यमान छ। हुन त महिला र पुरुष दुवैको साक्षरता प्रतिशत वृद्धि, पहाुचमा वृद्धि, संविधानमा, ऐन, नियम, नीतिमा महिला र पुरुषको भेद घटाउने कुरा उल्लेख भए अनुरुपनै अन्तर घट्दो क्रममा छ। तर यो घट्दो क्रम अत्यन्त शुस्त, तथा पट्यारलाग्दो छ। जब शिक्षाको पहाुचमै महिला र पुरुष विच अन्तर छ भने त्यसले आय र रोजगारीमा समेत महिला र पुरुष विचमा विभेद जन्माएकै अवस्था छ। त्यसकारण हाम्रो जस्तो मुलुकका महिलाको अवस्था बुझ्न र उनीहरुमा परिवर्तन ल्याइ सन् २०१५ सम्म लैंिक असमानतालाई शुन्यतामा पुऱ्याउन नसकिएको वर्तमान अवस्थामा थप लगानी मार्फत सुधार गर्नुपर्ने दर्शाउछ। यसै सन्दर्भमा सहस्राब्दी

विकास लक्ष्यको मुल दस्तावेजको पुनरावलोकनले मलाई आफ्नो अध्ययनका लागि लिइएको क्षेत्रको आाकडा लिन, व्याख्या र विश्लेषण गर्न तथा निष्कर्ष निकाल्न मलाई ठुलो सहयोग पुगेको छ।

विश्वव्यापी रुपमा दिगो विकास अभियान चलाउने उद्देश्य तथा सन् २००० मा अघि सारिएका अति महत्वकांक्षी ८ सहस्राब्दी विकास लक्ष्य सन् २०१० तथा २०१३ सम्म आइपुग्दा समेत धेरै देशहरुले उपलब्धी हासिल गर्न नसकेका कारण सन् २०१५ सेप्टेम्बर २५ (वि.स. २०७२ असोज ८ शुक्रबार) संयुक्त राष्ट्र संघले आउादो १५ वर्ष (सन् २०३०) सम्म हासिल गरि सक्ने गरि १७ ओटा दिगो विकास लक्ष्यहरु जारी गरेको छ त्यसैलाई नै संयुक्त राष्ट्रसंघिय दिगो विकास लक्ष्य भनिन्छ। जसको पााचौ लक्ष्य "लैंिक समानता" (लैंिक समानता हासिल गर्ने र सम्पूर्ण महिला तथा बालबालिकाहरुको संशक्तिकरण गर्ने) रहेको र चौथो लक्ष्य "गुणस्तरीय शिक्षा" (सबैका लागि समावेशी र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजिवन सिकाइ प्रवर्द्धन गर्ने) भन्ने व्यवस्था भएबाटै हामी के भन्न सक्छौ भने कुनै पनि देशले लैंिक विभेदको अन्त्य नगरी ति आदर्शतम उच्च स्तरको समुन्नत जीवन नागरिकलाई हासिल गराउन सक्दैनन्। त्यसकारण हाम्रो देशले जरै देखि बाट लैंिक हिंसा सहितका विभेदहरु अन्त्य गरि समुन्नत राष्ट्र निर्माणका लागि आमूल नीतिगत परिवर्तन मार्फत विद्यालय बाटै चेतनाको दियोले महिला छात्रालाई पनि गुणस्तरीय शिक्षामा पुरुषलाई सरह पहुाच, उपर्युक्त प्रेरणा, अध्ययन वातावरण निर्माण, सकारात्मक हस्तक्षेप, सकारात्मक आरक्षण र समावेशीकरण गर्न आवश्यक देखिन्छ।

संक्षेपमा भन्दा नीतिगत दस्तावेजहरु, कानुन, संविधान तथा अन्तराष्ट्रिय समारोह तथा सम्मेलन दस्तावेजहरु कार्यक्रम योजनाहरुले समेत लैंिक समता र समानतामा स्पष्ट कुरा उठाएको पाइन्छ तर दुभाग्यवस अझै महिला र पुरुषको भेद भने अविछिन्न रुपमा कार्यन्वयनकै तहमा रहेको छ भन्न सकिन्छ।

## २.३ अनुभुतीमूलक अध्ययनहरु

यस अध्ययनको यो खण्डमा अनुभूतीमुलक लेखहरुलाई साहित्यको पुनरावलोकनको रुपमा उल्लेख गर्ने प्रयास गरिएको छ जुन लेखहरु मुख्यतया महिलावादी सिद्धान्तकार/लेखकहरुको यस अध्ययनमा शिर्षक तथा मुद्धाहरु साग मिल्दो जुल्दो भएकाले ति प्रसंहरुलाई यहाा यस अध्ययनमा पनि पुनरावलोकन गरिएको छ। साथै सम्बन्धीत सिद्धान्तकार तथा लेखकहरुको सवलपक्ष यस अध्ययन गर्न उत्प्रेरित प्रसं दुर्वल पक्ष तथा समस्या समाधानार्थ प्रेरक खोजहरुलाई यस अध्ययनको अनुकुलता मिल्दो अवस्था सम्मै पुनरावलोकन गरिएको छ। मुख्यतया "छलफल/भाषण" लाई "विकास" साग जोडी "छलफलमा विकास" अर्थात "विकासका लागी छलफल" सिद्धान्तको उपयोग

जुन रविन्सन पन्तले आफ्नो किताव "मर्ने बेलामा हरियो काक्रो किन खाने ?" जसको अर्थ "महिलाका लागि शिक्षा किन आवश्यक छ ?" भन्ने कितावमा इस्कोवारलाइ उद्दत गर्दै उपयोग गरेका छन्, त्यसलाई यहाा पनि आमूल परिवर्तन बोक्ने महिलालाई विकासका हर क्षेत्रमा सहभागि गराई प्रत्येक व्यक्ति बाट महिलालाई विकासका हर क्षेत्रमा सहभागी गराई प्रत्येक व्यक्ति व्यक्ति बाट महिला पुरुष समानताका लागि योगदान पुऱ्याउन पर्ने आवश्यकता बोध गरिएकाले त्यस प्रस▪लाई यहाा पनि "डेभलपमेन्ड एज डिस्कर्स" लाई सिद्धान्तको रुपमा पुनरावलोकन गरिएको छ।

"शिक्षामा महिलाका आवाजहरु : दुई जमैकनहरुका जीवनी" अर्थात "ओमनस-भोइसेस इन इडुकेशन : टु जमैकन लाइफ हिस्ट्रिज" नामक कि▪ मकेन्जाइ को पि. एच. डी. थेसिस जुन लेखमा मार्सस्टि महिलावादी सिद्धान्तको प्रयोग गरि उनले आफ्नो विचारहरुलाई जोडदार रुपमा प्रस्तुत गरेकी छन्। जसमा उनले व्यक्तिको भित्रि वास्तविकतालाई आफ्नो लेखमा उतार्न "जीवनका व्यक्तिगत इतिहास" अर्थात "जीवनी शैली" लाई प्रयोग गरेकी छन् जुनचााही कथावाचन गुणात्मक उपागममा आधारित रहेर उल्लेख गरिएको छ। जुन थेसिस पेपरमा सिमान्तकृत समुहका दुई महिला शिक्षाकर्मीहरुको आवाज जसलाई जमैकियन देशमा खासै महत्व दिइएको हुदैन, जवकी उनीहरुको योगदान शिक्षा क्षेत्रमा प्रशांसा गर्न लायक थियो त्यसलाई उजागर गरेकी छन्। यो प्रस▪लाई यहाा यस अध्ययनमा पनि सहयोगी हुने भएकाले जमैकियन शिक्षित महिला बारेमा जान्न चाहने व्यक्ति, अध्ययन कर्ता, विद्यार्थी, खोजकर्ताका लागि यस अध्ययनमा उल्लेख गरेको छु। हुन त त्यस सोध ग्रन्थ (थेसिस) ले ति दुई महिला शिक्षाकर्मीहरुको सकारात्मक कुराहरुलाई मात्रै देखाउने प्रयास अध्ययनकर्ताले गरेको देखिन्छ, जसमा शिक्षाकर्मीहरुको असल चरित्र, कार्यप्रगति, राम्रा क्रियाकलापहरुलाई मुख्य जोड दिइएको छ। यस प्रस▪ बाट लेखक/अध्ययन कर्ताले आफ्नो अनुसन्धानमा सकारात्मक कुरामात्रै कसैका बारेमा उल्लेख गर्नु त एक पक्षिय हुन्छ। तथापी व्यक्तिहरुले गरेका सकारात्मक कुरालाई जरैबाट पहिल्याएर कसरी प्रस्तुत गर्न सकिन्छ आफ्नो खोजमा उपयोग गर्न सकिन्छ भन्ने प्रेरणा कि▪ मकेन्जि को माथि उल्लेखित शोध ग्रन्थ बाट मेरो खोजलाई समेत सहयोग पुऱ्याएकाले यहाा पुनरावलोकन गरेको छु। त्यस्तै शोध ग्रन्थमा प्रयोग गरिएको कथा तथा गुणात्मक उपागमले अध्ययन स्थलको यथार्थलाई प्रस्तुत गर्ने तरिकाको जानकारी समेत मलाई प्राप्त गर्न सहयोग पुऱ्याएको छ।

प्रसिद्ध पुस्तक "के हो पितृसत्ता" मा लैं▪क विश्लेषण तथा नारीवादी नेत्री कमला भाषिनले पितृसत्तामा पुरुषले एउटा महिलाका के के नियन्त्रण गर्दछ भन्ने तथ्यलाई अघि सार्ने क्रममा प्रस्तुत गरेका प्रमुख ५ मध्ये "महिलाको श्रमशक्तिको उत्पादन" लाई समेत यहाा यस

अध्ययनमा पुनरावलोकन गर्न उपर्युक्त हुन्छ। अधिकांश नेपाली परिवार समुदायका महिलाहरु घरधन्दाको कार्यमानै सिमित रहनुपर्दा कसरी महिलाको पाुजीमा रुपान्तरण हुने श्रम शक्ति त्यसै मुल्यहिन बनेर पारिवारिक जन्जालमा घेरिइ आफु एक कैदी सरहको जीवन जिइ आफ्ना स्वतन्त्रता गुमाउन बाध्यय पारिइएको छ भन्ने दृष्टान्त दिने यस पुस्तकको मुख्य विचार समेतले मेरो यस शोध ग्रन्थका लागि आवश्यक तथ्याङ्क संकलनमा सहयोग पुऱ्याएकाले त्यस पुस्तकको मुख्य सारलाई पनि यस अध्ययनको साहित्यको पुनरावलोकनका रुपमा उल्लेख गरेकी छु।

साक्षरता र विकासबाट बन्चित महिलाहरुको विकासका लागि केन्द्रित रहेर नेपालका दुइ गाउाहरुका महिला दिदीबहिनीहरुको जीवन अवस्थामा आधारित रहि रविन्सन पन्त लेखिएको प्रसिद्ध पुस्तक “हवाइ इट ग्रिन कुकुम्बर एट दी टाइम अफ डाइ▪?” जुन पुस्तकको अर्थ हुन्छ- “महिलाका लागि किन शिक्षाको आवश्यकता पर्दछ ?” भन्ने पुस्तकमा विकासका हर क्रियाकलापमा पछाडी पर्नुपरेका महिलाहरुको अवस्था र अनुभवहरुलाई पुस्तकले समेटी महिला सशक्तिकरण मार्फत मात्रै वास्तविक विकास हुने संसारको मान्यता अनुरुप व्यवहारिक र विभिन्न जातिय सांस्कृतिक परम्परा (इत्थ्नोग्राफि) शैलिमा लेखिएको उनको पि. एच. डी. शोध ग्रन्थमा प्रौढ महिलाहरु साक्षरता कक्षामा उपस्थित भइ पढ्नु पर्नाका कारणहरु र उनीहरुको विकासका गतिविधीहरुमा संलग्नताको सम्बन्धलाई उजागर गरेको सन्दर्भ अतिनै मनन योग्य छ। साथै उक्त अध्ययनले इस्कोवारलाई उदृत गर्दै “डेभलपमेन्ट एज डिस्कोर्ष” जसको अर्थ हुन्छ “विकासका लागि छलफल/भाषण” सिद्धान्तलाई उपयोग गरेकी छन्। जुन अध्ययनले विकासका लागी महिला शिक्षाको आवश्यकतालाई अपरिहार्य कुरा मानेको प्रस▪लाई मेरो यस अध्ययनले समेत जोड दिएका हुनाले मेरो अध्ययनमा क्षेत्रको अवलोकनका क्रममा निकालेको निचोड मिल्ने हुादा यहाा पनि पुनरावलोकन गरिएको छ।

शशी अर्यालको एम. फिल सोध ग्रन्थ “स्टडी अन द कन्डिसनस् अफ हाइ परफरमि▪ गर्लस् इन प्राइमरी स्कुल्स” जसको अर्थ प्राथमिक तहमा उच्च प्रस्तुती क्षमता भएका छात्राहरुको अवस्थाका बारे अध्ययन भन्ने हुन्छ। जसले साना कक्षाहरुमा उच्च क्षमता भएका छात्राहरु विस्तारै माथिल्लो तहमा पुग्दा कसरी उनीहरुको शिक्षा स्तर न्युन हुन पुग्दछ भन्ने समस्यामा यो लेखले स्पष्ट पार्छ। चार जना छात्राहरु बारेमा आधारित रहि गरिएको शोध ग्रन्थमा वोन्डिउजको “थउरी अफ स्कुली▪” उपागमको गरि अध्ययन गरिएको छ। जसले समान पहाुच, अवस्था र अवसरहरुले मात्रै प्रत्येक छात्राको क्षमता विकास गर्न उत्प्रेरणा मिल्दछ भन्ने कुरालाई प्रष्ट पारेको छ। त्यस्तै छात्राको जीवन जिउने यथार्थता, प्रेरणाका स्रोतहरु, अभिभावकको योगदान, शिक्षकहरुको उत्प्रेरणा आदिजस्ता सकारात्मक योगदान र वातावरणले मात्रै छात्राहरुको सिकाइ उपलब्धी (नतिजा) उच्च बनाउन सक्ने पक्षलाई शोध पत्रले औल्याएको दृष्टान्तलाई “नेरेटिभ” (कथा सुनाइ) उपागममा प्रस्तुत गरिएको सन्दर्भले मेरो अध्ययनलाई समेत विश्लेषण गर्न र लैं▪क समानता विद्यालयहरुमा कायम गराउन थप दिशा निर्देश गर्ने भएकाले यहाा उक्त अध्ययनलाई साहित्यक पुनरावलोकन

गरिएको छ। अर्यालको शोध ग्रन्थले अनवरत रुपमा छात्राहरुको अध्ययनको विकासमा सहयोग पुऱ्याउन खोज्ने महिलाहरु कसरी समाजमा अनेक अप्ठ्याराको सामना गर्नुपर्दछ भन्ने कुरालाई पनि उच्च रुपमा प्रस्तुत गरेको किन भने हाम्रो समाजका सांस्कृतिक बन्देजहरुले महिलालाई अझैपनि साघुरो घेरा भित्रै थुन्न जोड दिन्छन् जसलाई शिक्षाको उज्यालो धाम मार्फत तोड्न महिलाको शिक्षामा लगानी बढाउनु पर्ने तर्क जोडदार रुपले उक्त अध्ययनले उठाउछ। त्यसैले करिब मेरो यस अध्ययनले समेत ति अबोध छात्राहरु जुन अध्ययनका क्रममा विद्यालयमा अध्ययन गर्दै छन्, ति कुनै पनि अवस्थामा पढाइबाट विमुख हुन नपरोस र त्यसका लागी विद्यालयको वातावरण परिवारको सोच र सामाजिक परिवेशमा एउटा परिवर्तनकारी क्रान्तीकारी विचार प्रविष्ट वन्न सकोस भन्ने उद्देश्यले यस अध्ययन गरिएको छ।

# परिच्छेद - तीन

## अनुसन्धान विधि

कुनै पनि अनुसन्धानलाई सार्थक तुल्याउन वैज्ञानिक र व्यवस्थित पद्धतिलाई प्रयोगमा ल्याइनु प्रर्दछ । जसका लागि तथ्याङ्क संकलन, तालिकीकरण गर्ने, विष्लेषण गर्ने, तथ्याङ्कका प्रविधिहरुको तयारी तथा प्रयोग गर्ने आदि कार्य यस खण्डमा गर्नुपर्दछ ।तसर्थ यसपरिच्छेदले समग्रमा यो अध्ययनको विधि एवं पद्धतीको बारेमा वर्णन तथा व्याख्या गर्ने गर्दछ। जसमा अध्ययन क्षेत्र छनौटको औचित्य, अध्ययनको व्यापकता, नमुना छनौटका साथै अध्ययन सम्पन्न गर्नका लागि अंगालीएका प्रविधिहरु लगायत अन्य प्रकृयाहरुलाई जोड दिइएको हुन्छ। जुन यसप्रकार छन्।

### ३.१ अनुसन्धानको ढाचा/बनावट

जसरी यस अध्ययन विद्यालयमा सृजना हुने लैं▪क सम्बन्धको अन्तर तथा यस अन्तरलाई थप योगदान पुऱ्याउने तत्वहरुमा केन्द्रित रहि गरिएको छ, त्यसरी नै लैं▪क अन्तरद्वारा सृजित गरेका समस्याहरुलाई उजागर तथा अन्वेषण गर्ने उद्देश्यमा यो शोधग्रन्थ केन्द्रित रहेको छ । यो अध्ययन बढि मात्रामा सामाजिक विज्ञानको गुणात्मक अनुसन्धान पद्धतीमा गरिएको छ। जसमा यस अध्ययनको उद्धेश्यको आवश्यकता अनुरुप विश्लेषणात्मक ढाचामा रहि व्यक्तिगत अन्तरवार्ता, विद्यालय तथा समाजको अवलोकन, छलफल, प्रश्नोत्तर, विद्यालयका योजना तथा कार्यक्रमहरुको पुनरावलोकन जस्ता प्रविधि तथा पद्धतीहरुको प्रयोग गरिएको छ। यसका अतिरिक्त यस अध्ययनले अनुसन्धानको परिणात्मक विधि अन्तरगत विद्यालयमा अध्ययनरत छात्राहरुको सामाजिक-आर्थिक अवस्थाको पहिचान गर्न सर्वेक्षण विधि मार्फत आकडा/तथ्या▪ संकलन विधि, क्षेत्र भ्रमण विधि आदिको प्रयोग गरिएको छ। त्यसकारण यस अध्ययनमा परिणात्मक र गुणात्मक गरि दुवै अनुसन्धान

पद्धतीहरुको प्रयोग गरिएको छ। तसर्थ, परिणात्मक आाकडाहरु ग्राफ तथा वारम्बारता तालिकाहरुमा प्रस्तुत गरि देखाइएको छ भने गुणात्मक आाकडाहरु जस्तै अन्तरवार्ता, अवलोकन, छलफल आदि चाािह वर्णनात्मक तथा व्याख्यात्मक फारमहरुको प्रयोग गरि गरिएको छ।

## ३.२अध्ययन क्षेत्र छनौटको औचित्य

वास्तवमा जसरी साहित्यको पुनरावलोकनबाट हामीलाई थाहा हुन्छ कि लैं•क विभेदहरु जहाातहि पनि हुन्छन् । मात्र फरक यतिमा हुन्छ कि कुनै स्थानमा अलि बढी लैं•क विभेदहरु हुन्छन् भने कहि अलि कम। लैं•क विभेदहरु परिवार, समुदाय, समाज, संघसंस्था लगायत सम्पूर्ण देश भरिनै हामी प्राप्त गर्न सक्दछौं। तिनै जहाा तहिका समस्या देखाउन र समाधानमा सरोकारवालाहरुलाई सचेत पार्न यस प्रकारका अध्ययनहरु संचालन गरी त्यसको वास्तविक निष्कर्ष निकाल्ने गरिन्छ।

म यसै कावासोती न.पा. वार्ड नं. ३ मै जन्मिइ हुर्की तथा अध्ययन अध्यापन गर्दै आइरहेको हुादा जब मैले अलि बुझ्ने भए र अध्ययन, खोज, अनुसन्धान गर्दै गरी आज सम्म आइपुग्दा यस (कावासोती वार्ड नं. ३ र वार्ड नं. ८) क्षेत्रमा निजी क्षेत्रबाट संचालित ४ र सरकारी स्तारबाट संचालित ४ गरि ८ ओटा विद्यालयहरु संचालनमा रहेका छन्। तर पनि यस निश्चित क्षेत्रलाई लिएर यहाको लैं•क सम्बन्धका बारे अध्ययन गरेको भेटिदैन। यस क्षेत्र हुन त हेर्दा देख्दानै गा.वि.स. बाट नगरपालिकामा रुपान्तरण गरियो तर पनि लैं•क समस्या खासै घटेको भने छैन। यस क्षेत्र नगरमा परिणत भए पछि पुर्वाधार निर्माण हुने तथा नयाा जिल्ला नवलपरासी (बर्दघाट- सुस्ता पूर्व) को सदरमुकाम तोकिए लगत्तै सबै क्षेत्रबाट मानिसहरु यहाा आइ बसोबास गर्न थालेकाले अधिक मात्रामा ब्राहमण, क्षेत्री बसोवास गरे तापनि त्यसपछि भने थारु, मगर, गुरु• सागै मिश्रित मानिसको बसोबास रहेको छ। त्यस्तै मध्यम वर्गीय मानिसहरुको बाहुल्यता रहेको यस ठाउामा अझै पनि कृषि, व्यापार, नोकरी जस्ता कार्यहरुमा मानिसहरु लागेको पाइन्छ। विशेष गरी सरकारी विद्यालयमा निम्न आयस्तर भएका अभिभावकका छोराछोरी पढ्छन् भने नीजि विद्यालयमा उच्च तथा मध्यम लगायत का अभिभावकका छोरा छोरी पढ्ने गरेको पाइन्छ ।

मलाई यस क्षेत्रमा रहेका महिला तथा छात्राहरुको अवस्था बुझ्न, खोज गर्न तथा अवस्था परिवर्तनका लागि सरोकारवालालाई जिम्मेवार बनाउन उपयोगी हुने सोचि यस क्षेत्रको लैं•क

सम्बन्ध अध्ययन गर्ने आशयले यस अध्ययन गरीएको छ । त्यस्तै लैङ्गिक सम्बन्धको समतुल्यताका लागि नीति निर्माता तथा कार्यान्वयन कर्ताहरु, विद्यालयहरुलाई आवश्यक सहयोग पुग्ने विश्वासका साथ यस अध्ययन गरिएको छ।

## ३.३ अध्ययनको प्रकृति र तथ्याङ्कका स्रोतहरु

यस अध्ययन मुख्यतया नै प्राथमिक आाकडाहरुमा आधारित भई तयार पारिएको छ ।ति प्राथमिक आाकडाहरु सम्बन्धीत क्षेत्रमै गई अवलोकन गरि, आवश्यक विवरणहरु संकलन गरि अध्ययनका लागि जम्मा पारिएको थियो। घरायसी सर्वेक्षण, अन्तरवार्ता, लक्षित समुहसागको छलफल आदिबाट आवश्यकीय सुचनाहरु संकलन गरिएको थियो। जसरी यस अध्ययनका लागि गुणात्मक र परिणात्मक आाकडाहरुको विश्लेषण गरिएको थियो भनि माथि नै उल्लेख गरि सकिएको छ, त्यस्तै गरि यस अध्ययनका प्रमुख स्रोतहरु, सम्बन्धित घरका घरमुलीहरु, विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरु, छात्रा विद्यार्थीहरु आदि नै यस अध्ययनका प्रमुख स्रोतहरु हुन।

## ३.४ समग्र क्षेत्र र नमुना छनौट

यस अनुसन्धान कावासोती नगरपालिका वार्ड नं ३ र ८ क्षेत्रमा गरिएको छ। यी दुई वडाहरुमा ४ ओटा सार्वजनिक र ४ ओटा नीजि विद्यालयहरु गरी जम्मा ८ ओटा विद्यालयहरु छन् जसमध्ये **जनकल्याण मा.वि. कावासोती-८, जनविकास विद्याश्रम आधारभूत विद्यालय कावासोती-३** लाई यस अध्ययनको लागि नमुनाछनौट गरिएको थियो। वास्तवमा यस अध्ययन अधिक गुणात्मक प्रकृतिको रहेको छ । उद्देश्यपूर्ण रुपले नमुना छनौटका रुपमा संकलन गरिएका आाकडाहरुले यस अध्ययनको उपयुक्त निष्कर्ष निकाल्न सहयोग पुऱ्याएको छ ।

अध्ययनको आाकडा अनुसार जनकल्याण मा.वि. मा १४६ र जनविकास विद्याश्रम आधारभूत विद्यालयमा ६६ जना छात्राहरु रहेका छन । ति छात्रा विद्यार्थीहरुमध्ये ३० जना जनकल्याण मा.वि. बाट र २० जनाजनविकास विद्याश्रम आ. वि. बाट अध्ययनका लागि छनौट गरिएको छ। भने दुई विद्यालयका दुई प्र.अ. जन विकास विद्या आश्रमका ११ शिक्षक मध्येबाट ६ जना र जनकल्याण मा.वि. का १७ जना शिक्षकहरु मध्येबाट ८ जना गरि जम्मा १६ जना शिक्षकहरु बाट तथ्याङ्क संकलन गरिएको छ। यसका साथै छनौट गरिएका ५० जना छात्राहरुको ५० जना अभिभावक बाट पनि आवश्यक तथ्याङ्क लिइएको छ। तथ्याङ्क संकलनका कममा छानिएका तिनै छात्राहरुको घरपरिवारहरुको सर्वेक्षण तथा छनोट गरिएका छात्रा विद्यार्थीहरुसाग अन्तरवार्ता समेत लिइएको थियो ।ति विद्यालयहरुमा अध्यापनरत शिक्षक तथा प्रधानाध्यापकहरु साग समेत अन्तरवार्ता लिइ

आवश्यक सुचना तथा तथ्याङ्कहरु संकलन गरिएको थियो । यस प्रकार यस अध्ययनको समग्र क्षेत्र नै ति विद्यालय र त्यसमा अध्ययनरत नमुना छात्राहरुको बसोबास रहेको घर परिवारको क्षेत्रहरु पर्दछन् ।

## ३.५ तथ्याङ्क संकलनका प्रविधिहरु

प्रस्तुत सोधपत्र तयारका क्रममा विद्यालय परिवेशमा विद्यमान लैं•क विभेदहरुलाई उजागर गर्न अन्तरवार्ता घरपरिवेश सर्वेक्षण, लक्षित समूह, विद्यालय सर्वेक्षण फारम, अवलोकन फारम, विद्यालय योजनाका दस्तावेजहरुको पूनरावलोकन आदि जस्ता अनुसन्धानका साधनहरुलाई यस अध्ययनमा प्रयोग गरिएको छ।

### ३.५.१ तथ्याङ्क संकलनका प्रकृयाहरु

**स्थलगत अवलोकन** कावासोती नगरपालिकाको वडा न. ८ र ३ मा अवस्थित ८ वटा विद्यालयहरुको वाह्य  स्थलगत अवलोकन गरियो । **विद्यालयको छनोट**स्थलगत अवलोकन पश्चात ८ वटा विद्यालयहरु मध्ये बाट २ वटा विद्यालयहरु छनोट गरियो । **प्रधानाध्यापक साग छलफल**छनोट गरिएका २ वटा विद्यालयहरुका प्रधानाध्यापकहरुसंग आवश्यक छलफल तथा अन्तरवार्ता सम्पन्न  गरियो । **विद्यालयका कागज पत्रहरुको पुनरावलोकन**प्रधानाध्यापक तथा शिक्षकहरुको सहयोगमा उक्त विद्यालयहरुबाट आफ्नो उद्देश्य अनुरुपविद्यालयका कागज पत्रहरुको पुनरावलोकनगरियो ।**अवलोकन** विद्यालयका प्रधानाध्यापक तथा शिक्षकशरुको अनुमति तथा सहयोगमा विद्यालयको शैक्षिक, भौतिक, वातावरणीय आदि पक्षहरुको समग्र अवलोकन गरियो।**विद्यार्थी छनोट**२ वटा विद्यालयहरुबाट ५० जना छात्रा छनोट गरी अन्तरवार्ता, छलफल, आदिकामाध्यमले तथ्याङ्क संकलन गरियो । **घरपरिवारको छनोट** छनोट गरिएका छात्राहरुको सहयोगमा तिनै ५० जनाको परिवारको छनोट गरी उनीहरुको घरघरमा पुगी आवश्यक तथ्याङ्कहरु संकलन गरियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण

यस अध्ययनको तयारीका लागि अनेक स्रोतहरुबाट संकलन गरिएका तथ्याङ्कहरु पुनरावलोकन, लेखाजोखा तथा प्रयोग गरि विश्लेषण गरिएको छ। तसर्थ यस अध्यनका लागि प्रथम स्रोतका तथ्याङ्कीय आाकडा र द्धितीय स्रोतका तथ्याङ्की आाकडाहरुको संकलन तथा प्रयोग गरिएको छ। त्यसतै यसमा प्रयोग गरिएका सर्वेक्षण, अन्तरक्रिया र पुनरावलोकन आदि कार्यले यस अध्यनमा फरक-फरक दृष्टिकोण, विचार, नविन चिन्तन, नयाा कुराको खोज मार्फत यस अध्ययनको विषयवस्तुलाई अर्थपूर्ण बनाउन सहयोग पुगेको छ। परिणात्मक तथ्याङ्कहरुलाई ग्राफ र टेवलहरुमा

प्रस्तुत गरि ब्याख्या विश्लेषण गरि संम्बन्धित व्यक्तिहरु द्धारा भनिएको वा लिखित उपलब्ध गराइएको विवरणहरुलाई यस अध्ययनमा अन्वेषणात्मक रुपमा प्रस्तुत गरिएको छ।

यस अध्ययनमा विश्लेषण गरिएको तथ्याङ्कलाई क्षेत्रगत घटनााहरुको अवलोकन, अनुसन्धान कर्ताको आफ्नै अनुभवहरु, सिद्धान्तहरु आदिलाई प्रयोग गरि व्याख्या गरिएको छ। साथै अनुसन्धानकर्ताको आफ्नो व्यक्तिगत विचार तथा तर्कहरुसमेत यस अध्यनका क्रममा प्राप्ततथ्याङ्को व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्नमा समावेश गरिएको छ ।

## ३.७ अध्ययनका सीमाहरु

यस अनुसन्धानको अध्ययन र क्षेत्रगत कार्य कावासोती न.पा. वार्ड नं. ३ र ८ क्षेत्रमा रहि गरिएका थिए। साथै यो अध्ययनले परिणात्मक (सर्वे) र गुणात्मक (अन्तरवार्ता) गरि दुवै तथ्याङ्कहरुको विद्यालयमा हुने लैंिक सम्बन्धको विश्लेषण गर्न प्रयोग गरेको छ। तसर्थ यस अध्ययनले विद्यालयको लैंिक सम्बन्धको घटनाको बारेमा रहेको विस्तृत चित्रलाई प्रस्तुत गर्दछ। स्थानीय क्षेत्रबाट संकलन गरिएका तथ्याङ्कहरुलाई साहित्यिक पुनरावलोकनमा प्रस्तुत गरिएका सिद्धान्तहरुसाग अनुवन्ध गरि यो अध्ययन गरिएको छ। साथै संकलन गरिएका तथ्याङ्कहरुलाई अझ प्रभावकारी रुपमा विश्लेषण गर्न विभिन्न सन्दर्भहरु समेत प्रस्तुत गरिएको छ ।

विद्यालयमा भएका (हुने गरेका) लैंिक सम्बन्धहरुसाग यो अध्ययन सम्बन्धित रहेको हुादा विद्यालयमा रहेको भौतिक सुविधाहरुलाई लैंिक दृष्टिकोणबाट विश्लेषण गरिएको छ । जसको प्रमुख जवाफ दायकको रुपमा विद्यार्थीहरु, शिक्षकहरु, अभिभावकहरु हुनुहुन्छ । तसर्थ यस अध्ययनले लैंिक सम्बन्धका सवालमा उहााहरुका विचारलाई अन्वेषण गरेको छ। छात्राहरुको उनीहरुले विद्यालयमा सामना गर्नुपरेको विभेद सम्बन्धि व्याख्यालाई यहाा विश्लेषण गरिएको छ। त्यस्तै महिला र पुरुष शिक्षकहरुको सामाजिक लिंभेद प्रति रहेको धारणालाई समेत उल्लेख गरिएको छ । यस अध्ययनमा छनौट गरिएका विद्यालयहरुमा लैंिक विभेदका कारणाबाट छात्राहरुले भोग्नु परेका कठिनाइहरुमा आधारित रहि सुष्म चिन्तन पनि गरिएको छ। तर पनि यस अध्ययनबाट निकालिएको निष्कर्षलाई यही रुपमा सबै ठाउाको यस्तै स्थितीको रुपमा सामान्निकरण गर्न भने सकिदैन। किनभने सिमित विद्यालय तथा समुदायका सदस्य तथा सुचनाकर्ता र उनिहरुबाट प्राप्त जानाकारीका आधारमा यो अध्ययनको निष्कर्ष निकालिएको हुनाले यसले सबै वर्ग, क्षेत्र, एवं पक्षलाई नसमेट्न सक्दछ।

# परिच्छेद - चार

# अध्ययन क्षेत्र तथा विद्यालयहरुको पृष्ठभूमी

यस अध्ययनको क्षेत्र नवलपरासी जिल्ला (बर्दघाट-सुस्ता पूर्व) को कावासोती न.पा. वार्ड नं. ३ र ८ मा अवस्थित छ। यो स्थान पूर्वपश्चिम महेन्द्र राजमार्गको उत्तर दक्षिण दुवै तिर करिव एक तथा साढे एक कि.मि. दुरीको लम्वाइमा फैलिएको छ। पूर्व पश्चिम राजमार्ग देखि उत्तरमा वार्ड नं. ३ पर्दछ भने राजमार्ग देखि दक्षिणमा वार्ड नं. ८ पर्दछ। यस क्षेत्रको पूर्व पट्टि खर्कटाको जंगल पर्दछ दक्षिण तर्फ मगरकोट क्षेत्र तथा उत्तर र पश्चिममा धौवादी र केरु॰ खोला पर्दछ।

केहि वर्ष अघि देखि नै यो स्थान तिव्र रुपमा शहरीकरण विस्तारको रुपमा रहेको पाइन्छ। वि.स. २०७१ सालमा यस क्षेत्र वरिपरिका अन्य गा.वि.स. हरुलाई समेत समेटेर कावासोती नगरपालिका घोषणा गरिएको थियो। जसका कारण विभिन्न क्षेत्रहरुबाट यस क्षेत्रमा बसोबास गर्न बसाइसराइ गरि आउने क्रम बढेकाले यहाको जनसङ्ख्या तिव्ररुपमा बढ्दै गएको छ। सुविधा र अन्य सेवा तथा बजारीकरणका कारण यहाका अधिकांश मानिसहरुको जीवन तथा आय स्तर राम्रै मानिन्छ। तर पनि गरिव बसाइसराइकर्ता, भूमिविहिन, अशिक्षित तथा खोला जंङ्गल छेउछाउका बासिन्दाको आय स्तर भने न्युन नै मानिन्छ। समग्रमा यस क्षेत्रका अधिकांश मानिस मध्यम तथा श्रमिक वर्ग समूहमा पर्दछन्।

## ४.१ अध्ययन क्षेत्रका विद्यालयहरु तथा अध्ययन गरिएका विद्यालयहरु

कावासोती न.पा. अन्तरर्गत वार्ड नं. ३ र ८ मा गरि जम्मा आठ ओटा विद्यालयहरु रहेका छन्। ति मध्ये ४ ओटा सामुदायिक/सार्वजनिक विद्यालय रहेका छन् भने अरु बाकी नीजि विद्यालयहरु रहेका छन्। ति विद्यालयहरुको नाम तथा प्रकार निम्न अनुसार रहेको छ।

| सामुदायिक /सरकारी विद्यालयहरु | नीजि विद्यालयहरु |
|---|---|
| १) जनविकास विद्याश्रम आधारभूत विद्यालय | १) सेन्ट जोसेफ माध्यामिक विद्यालय |
| २) शहिद स्मृति सामुदायिक मा.वि. | २) सिद्धार्थ आवासिय माध्यामिक विद्यालय |
| ३) ज्ञानोदय माध्यामिक विद्यालय | ३) नोवल एकेडेमी |
| ४) जनकल्याण माध्यामिक विद्यालय | ४) गण्डकी आवासिय माध्यामिक विद्यालय |

समग्र सामुदायिक विद्यालयहरु मध्ये यस अध्ययनले दुई ओटा सामुदायिक विद्यालयहरुलाई समेट्दछ। ति विद्यालयहरु जनविकास विद्याश्रम आधारभूत विद्यालय र जनकल्याण माध्यामिक विद्यालय हुन्।

### ४.१.१ जनविकास विद्याश्रम आधारभूत विद्यालय

जनविकास विद्याश्रम आधारभूत विद्यालय वि.स. २०४७ सालमा अट्ठाइस विगाहामा स्थापना भएको थियो। जुन विद्यालय सरकारद्धारा टाउनप्लानि▪ गरि छुट्याइएको क्षेत्रको मध्यभागमै रहेको छ। साथै विद्यालयको जम्मा जग्गा १-५-५ (एक विगाहा पााच कट्ठा पााच धुर) रहेको अवस्था छ। वर्तमान परिप्रेक्ष्छमा विद्यालयमा ४ ओटा पक्कि भवनहरु भएता पनि एउटा भवन पुरानो भइसकेकाले जिर्ण अवस्थामा रहेको छ। सम्पूर्ण भवनमा गरेर जम्मा १५ ओटा कक्षाकोठाहरु रहेका छन्। जसमध्ये १० ओटा कक्षाकोठाहरु अध्यापनका लागि प्रयोगमा आएका छन्। विद्यालयमा जम्माजम्मी ४४ थान फर्निचर (वेन्च र डेस्क) विद्यार्थीका लागि रहेका छन्। कार्यालय प्रयोगका लागि ८ वटा टेबल तथा १२ वटा कुर्चीका साथै दराज ३ वटा रहेका छन्। विद्यार्थीका लागि प्रयोग हुने फर्निचर अप्रर्याप्त तथा मर्मत गर्नुपर्ने देखिन्छ। उक्त विद्यालयमा शौचालय ४ वटा रहेकोमा १ वटा मात्र छात्रा शौचालयको रुपमा प्रयोगमा आएको पाइन्छ जसले अझैपनि छात्रा विद्यार्थीहरुलाई विद्यालय छात्रामैत्री बन्न नसकेको तथ्यलाई संकेत गर्दछ। घेराबारको सम्बन्धमा सम्पूर्ण जग्गालाई नसमेटी विद्यालय भवन क्षेत्रलाई मात्र समेटेको पाइन्छ। विद्यालयले विद्यालय सुधार योजना बनाई त्यसलाई कार्यान्वयन गर्दै गइरहेको समेत पाइयो। यस विद्यालयको खेलकुद मैदान कम्पाउन्ड बाहिर रहेको छ जुन क्षेत्रफलका हिसावले पर्याप्त छ। विद्यालयको प्रमुख आम्दानी स्रोत नेपाल सरकारबाट प्राप्त अनुदान रहेको छ भने अन्य सहयोगी संघसंस्थाहरुतथा अभिभावकहरु सहायक सहयोगीको रुपमा रहेका छन्। वर्तमानमा विद्यालयमा १२७ (६६ छात्रा/ ६१ छात्र) जना विद्यार्थी ११ जना शिक्षक स्टाफ (महिला ६/पुरुष ५) रहेका छन्।


## ४.१.२ जनकल्याण माध्यामिक विद्यालय

जनकल्याण माध्यामिक विद्यालय को स्थापना वि.सं. २०५४ सालमा भएको थियो उक्त विद्यालय थकाली चोकबाट ४०० मिटर दक्षिण तर्फ रहेको सेन्टर प्लटमा १५ कट्ठा क्षेत्रफल ओगटेर अवस्थित छ। यसै गरी विद्यालयमा हाल ५ भवनमा १५ ओटा कक्षाकोठाहरु रही पठनपाठन सञ्चालन हुदै आएको छ। जहाा २ शौचालय मध्ये १ छात्राका लागि छुट्याइएको छ जुन प्रर्याप्त मात्रामा छात्रामैत्री

भने हुन सकेको छैन। यस विद्यालयमा ११५ वटा फर्निचर विद्यार्थीका लागि छन् भने प्रशासनिक फर्निचरहरु प्रर्याप्त देखिन्छ। विद्यालयको घेराबारको सम्बन्धमा करिब आधा भन्दा बढि क्षेत्रमा पक्की पर्खाल निर्माण भएको तथा बााकी निर्माणाधिन अवस्थामा रहेको पाइन्छ। विद्यालयमा खेलमैदानको व्यवस्थाका साथै खानेपानीको व्यवस्था पनि राम्रै रहेको छ। रुम टु रिडले दिएको पुस्तकालय राम्रो अवस्था रहेको कारण तथा विज्ञान प्रयोगशालाका कारण पठनपाठनमा सकारात्मक प्रभाव परेको

देखिन्छ। यहा। ६ वटा कम्प्युटर  मार्फत कम्प्युटर  शिक्षा समेत विद्यार्थीहरुलाई प्रदान गरीदै आएको पाईन्छ। सरकारबाट प्राप्त अनुदान, विद्यार्थी भर्नाबाट प्राप्त शुल्क, चन्दा सहयोग तथा विद्यालयको नगद लगानीबाट प्राप्त व्याज आदि नै यस विद्यालयका प्रमुख आयस्रोतहरु हुन्। विद्यालयले प्रत्येक वर्ष विद्यालय सुधार योजना निर्माण गरी उक्त योजनालाई सक्दो कार्यान्वयन गर्दै विद्यालयमा सकारात्मक परिवर्तन गरेको देखिन्छ। वर्तमान शैक्षिक सत्र (२०७४) मा विद्यालयमा १४६ छात्रा र १५० छात्र गरी जम्मा २९६ जना विद्यार्थी तथा १७ जना शिक्षक स्टाफ (८ महिला/९ पुरुष) रहेका छन्।

### ४.१.३ नमुना छनोट गरिएका २ विद्यालयहरु रहेको स्थानको अवस्थिती नक्सा




## ४.२ विद्यालयमा भर्ना


तालिका नं. १ :- विद्यालयमा भर्ना विद्यार्थी सङ्ख्या २०७४

| कक्षा | जनकल्याण मा. वि. | | | जनविकास विद्दाश्रम आध्धारभुत विद्दालय | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | २४ | २४ | ४८ | ७ | १५ | २२ | ७० |
| २ | १३ | ६ | १९ | ७ | ४ | ११ | ३० |
| ३ | ५ | ११ | १६ | ६ | ४ | १० | २६ |
| ४ | ७ | १० | १७ | ६ | ९ | १५ | ३२ |
| ५ | १३ | ९ | २२ | १० | ९ | १९ | ४१ |
| ६ | ११ | २० | ३१ | १० | ५ | १५ | ४६ |
| ७ | १३ | १९ | ३२ | ७ | ८ | १५ | ४७ |
| ८ | २१ | २२ | ४३ | १३ | ७ | २० | ६३ |
| ९ | २६ | १७ | ४३ | - | - | - | ४३ |
| १० | १३ | १२ | २५ | - | - | - | २५ |
| **जम्मा** | **१४६** | **१५०** | **२९६** | **६६** | **६१** | **१२७** | **४२३** |

(चित्र नं. १को स्रोत)

**विद्यालयमा विद्यार्थी भर्ना विवरण २०७४**




विद्यालयमा विद्यार्थी भर्ना विवरण २०७४ को तथ्याङ्क र राष्ट्रिय याजना आयोगका तथ्याङ्कहरु विश्लेषण गर्दा विद्यालयमा छात्रा विद्यार्थीहरुको भर्नादर बढेको छ तर पनि पढ्नका लागि उनिहरुलाई छात्रामैत्रि घर र विद्यालय बन्न नसक्दा छात्र जत्तिकै प्रगति गर्न भने नसकेको अवस्था भेटिन्छ ।

## ४.३ विद्यालय छाड्ने विद्यार्थी

**तलिका न. २ विद्यालय छाड्ने विद्यार्थी सङ्ख्या विवरण २०७३**

| जनविकास विद्याश्रम आधारभूत विद्यालय | | | जनकल्याण माध्यामिक विद्यालय | | |
|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | **जम्मा** |
| १३ | ८ | २१ | ३ | १ | ४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

विद्यालय छाड्ने तथा स्थानान्तरण भै अन्य विद्यालय जाने अवस्था भन्नु नै विद्यालय तथा परिवारको व्यवस्थापकिय तथा पद्धतीगत अप्रभावकारिता नै मान्न सकिन्छ तथापि बसाइसराइ आर्थिक तथा सामाजिक रुपान्तरण जस्ता पक्षहरुबाटनि प्रभावित देखिन्छ। मथिको तालिकाको तथ्याङ्कलाई विश्लेषण गर्दा विद्यालय छाड्नेदर बढीनै पाइन्छ । त्यसमा पनि छात्राहरुको छाड्नेदर झन अधिक भेटिन्छ। यसो हुनुका कारण छोरीलाई घरधन्दाको जिम्मेवारी दिई बाबुआमा मजदुरी गर्न जानु, ससाना आफ्ना भाइबहिनीको देखभाल गर्न छोरीको पढाई छुटाउनु, छोरीले सामान्य अक्षर चिनेपछि हुन्छ भन्ने अभिभावकको संकुचित सोच, छात्रा विद्यार्थीको छाड्नेदर घटाउन विद्यालयले विशेष सेवा सुविध दिन नसक्नु आदिदेखिन्छ । जसको फलस्वरुप हाम्रो समाजमा जरा गाडेको पितृसत्ताको जरो अझैफैलिरहेको भेटिन्छ । साथै महिला सहभागिता विनाको विकासले राष्ट्रको विकास पनि ल•डो नै हुने देखिन्छ ।


## ४.४ विद्यालयमा रहेका शिक्षक

**तालिका नं. -३ शिक्षकहरुको लैं•क विवरण**

| जनविकास विद्दाश्रम | | | जनकल्याण मा. वि. | | |
|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | **जम्मा** |
| ६ | ५ | ११ | ८ | ९ | **१७** |

(चित्र नं. २ को स्रोत)

### विद्यालयमा शिक्षक कर्मचारी विवरण



स्रोत : स्थलगत सर्वेक्षण, २०७४

विद्यालयमा शिक्षक कर्मचारीको विवरण र सबैका लागि शिक्षा सम्बन्धि राष्ट्रिय कार्ययोजनाकोविवरणलाई विश्लेषण गर्दाअझै पनि देशमा रहेका जम्मा महिला सङ्ख्याको तुलनामा उनीहरुको शिक्षामा तथा शिक्षा रोजगारीमा पहुच मार्फत क्षमता अभिवृद्धि गरि रोजगारीका लागि योग्य बनाउन नसक्नु ठहर्दछ। साथै महिला शिक्षकलाई सङ्ख्यात्मक रुपमा मात्र समावेश गराई विद्यालयसम्बन्धित प्रमुख दायित्व, जिम्मेवारी, नीति निर्माण जस्ता क्षेत्रमा भने पुरुष शिक्षकहरुकै प्रभुत्व रहेको महिला शिक्षकहरुका अप्रत्यक्ष रुपमा व्यक्त गुनासाहरुबाट आाकलन गर्न सकिन्छ ।


## ४.५ जातिगत शिक्षक विवरण

**तलिका नं. ४:- शिक्षकहरुको जातिगत विवरण**

| **विद्यालय** | **ब्राम्हण** | **मगर** | **गुरुङ** |
|---|---|---|---|
| जनविकास विद्याश्रम | ८ | ३ | ० |
| जनकल्याण मा. वि | १५ | १ | १ |
| **जम्मा** | **२३** | **४** | **१** |
| **प्रतिशत** | **८२.१४** | **१४.२९** | **३.५७** |

(चित्र नं. ३ को स्रोत)

**जातिगत शिक्षक विवरण**




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

जातिगत शिक्षक विवरणलाई विश्लेषण गर्दा ब्राहमण जातिका पहिलेबाट नै शिक्षा क्षेत्रमा अग्रसर र जान्ने बुझ्ने भएकै कारण शिक्षामा यिनिहरुको उपस्थिति अधिक पाइन्छ भने अन्य जाति आजभोलि मात्र आफ्नो पहिचानको खोजिमा अघि बढेको हुनाले यिनिहरुको उपस्थिति शिक्षा क्षेत्रमा कम भेटिन्छ । यसरीशिक्षा क्षेत्रमा जातिगत रुपमा स्तरीकृत असमानताको अवस्था पाइन्छ । जसको कारण राज्यले आरक्षण कोटाको अवधारणा अघि सारिरहेको छ।

## ४.६ शिक्षकहरुको शैक्षिक योग्यता

**तालिका न. ५शिक्षकहरुको शैक्षिक योग्यता विवरण**

| विद्यालय | अ. एस.एल.सी. | एस.एल.सी. | आइ. एड/सो सरह | वि.एड/सो सरह | एम.एड/सो सरह |
|---|---|---|---|---|---|
| **जनविकास विद्याश्रम** | २ | १ | ४ | २ | २ |
| **जनकल्याण** | १ | ० | ८ | ६ | २ |
| **जम्मा** | **३** | **१** | **१२** | **८** | **४** |
| **प्रतिशत** | **१०.७१** | **३.५७** | **४२.८६** | **२८.५७** | **१४.२९** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

शिक्षकहरुको शैक्षिक योग्यताको आधारमा अध्ययन तथा विश्लेषण गर्दा अधिकांश शिक्षकहरुको शैक्षिक योग्यता आई. एड. वा सो सरह रहेको पाइयो भने त्यसपछि क्रमश वि. एड. वा सो सरह र एम. एड. वा सो सरह योग्यता हुने शिक्षकहरु रहेको पाइयो। त्यसै गरी साना कक्षाका बालबालिकाको रेखदेख तथा स्याहारका लागि अन्डर एस. एल. सी. र एस. एल. सी. योग्यता भएका शिक्षकहरु रहेको पाइयो।


## ४.७ शिक्षक विद्यार्थी अनुपात

**तालिका नं. ६ :- शिक्षक विद्यार्थी अनुपात विवरण**

| विद्यालय | विद्यार्थी | शिक्षक | अनुपात |
|---|---|---|---|
| जनविकास विद्द्याश्रम | १२७ | ११ | १:१२ |
| जनकल्याण मा. वि | १९६ | १७ | १:१८ |
| **जम्मा** | **४२३** | **२८** | **१:१५** |

(चित्र नं. ४ को स्रोत)

### शिक्षक विद्यार्थी अनुपात




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

कुनै पनि विद्यालयले उपलब्ध गराउने शैक्षिक गुणस्तरको स्तरमा त्यस विद्यालयमा अध्यापनरत तालिम प्राप्त शिक्षक सङ्ख्याले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। शिक्षक विद्यार्थीको अनुपात जति कम रहन्छ त्यतिनै गुणस्तरीय शिक्षा उपलब्ध हुन्छ भन्ने गरिन्छ र जति शिक्षक विद्यार्थी विचको अनुपात बढी हुन्छ त्यति नै कम गुणस्तरीय शैक्षिक वातावरण सृजना हुन्छ। किनभने विद्यार्थीहरुले अध्ययनको स्तरोन्नतिका लागि शिक्षकसागको पहाुच प्राप्त गर्न कठिन पर्दछ। शिक्षा नियमावली २०५९ अनुसार उपत्यका तथा तराईमा सरकारी विद्यालयमा एक कक्षाकोठामा ५० जना सम्म विद्यार्थी रहनु पर्ने भन्ने मापदण्ड अनुसार विद्यार्थी सङ्ख्या हुनुपर्ने भनिएतापनि त्यो भन्दा कम विद्यार्थी सङ्ख्या हुादाहुादै पनि गुणस्तर सुधार हुन नसक्नु चुनौतिको विषय बनेको छ। यस अध्ययनको नमुना छनौटमा परेका विद्यालयहरुको समग्र शिक्षक विद्यार्थी अनुपात १:१५ देखिन्छ। जसको प्रमुख कारण अधिकांश सेवा क्षेत्रमा अभिभावकहरुले विद्यार्थीहरु नीजि विद्यालयमा पठाउने गरेका कारण सरकारी विद्यालयमा विद्यार्थी चाप कम परेको स्पष्ट हुन्छ।

चुस्त र पारदर्शी विद्यालय प्रशासन शैक्षिक गुणस्तर सुधारमा समर्पित शिक्षक समुह र सरोकारवालाहरुको जिम्मेवारी बोध हुन सकेमा गुणस्तर वृद्धिका लागि शिक्षक विद्यार्थी अनुपात एक सकारात्मक तथा उपयोगी तत्व बन्न सक्दछ। माथिका दुई विद्यालय मध्ये पनि जनविकास विद्याश्रम आधारभूत विद्यालयको शिक्षक विद्यार्थी अनुपात अझ कम देखिन्छ।


## ४.८ विद्यालय व्यवस्थापन समिति तथा अन्य समितिहरु

### तालिका नं. ७ :- विद्यलयका विभिन्न समितिहरुमा लैङ्गिक विवरण

| विद्यालय | वि. व्य. स | | शि. अ. स. | | सा. ले. प. स | | कुल | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| जनविकास विद्दाश्रम | ३ | ६ | ४ | ७ | २ | ५ | ९ | १८ |
| जनकल्याण मा. वि | ५ | ४ | ८ | ३ | ३ | ४ | १६ | ११ |
| **जम्मा** | ८ | १० | १२ | १० | ५ | ९ | २५ | २९ |

(चित्र नं. ५ को स्रोत)

### समितिमा रहेको लैङ्गिक विवरण




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

विद्यालय व्यवस्थापन समिति तथा अन्य समितिहरुको संयुक्त लैङ्गिक विवरणलाई हेर्दा जम्मा महिलाको सङ्ख्या २५ (४६.२९%) र पुरुषको सङ्ख्या २९ (५३.७१%) भेटिन्छ। यसमा पनि विद्यालय व्यवस्थापन समिति र लेखा परिक्षण समिति जस्ता महत्वपूर्ण समितिहरुमा भने पुरुषको अझै बढी प्रतिनिधित्व र निर्णायक भूमिका देखिन्छ।

त्यस्तै गरि शिक्षक अभिभावक संघ तथा सामाजिक लेखा परीक्षण जस्ता विद्यालयका महत्वपूर्ण समितिहरुमा पनि महिला सदस्यहरुको प्रतिनिधित्व पुरुष सदस्यको भन्दा कम नै देखिन्छ। यद्धपी दुवै विद्यालयहरु मध्ये जनकल्याण माध्यामिक विद्यालयमा भने महिला सदस्यहरुको प्रतिनिधित्व पुरुषको भन्दा पनि बढी देखिन्छ। जसको कारण विद्यालय सेवा क्षेत्रका अधिकांश पुरुषहरु वैदेशिक रोजगारीमा अन्यमुलुकमा भएको कारण हो भन्न सकिन्छ।

## ४.९ लैं▪क समता सुचकाङ्क र लैं▪क विभेद (जि. पि. आइ.)


कुनै पनि संस्था, वा कार्यलयमा पुरुषको तुलनामा कति महिला छन् भन्ने जनाउन प्रयोगमा ल्याइने आनुपातिक एकाइलाई लैं▪क समता सुचकाङ्क भनिन्छ। जि.पि.आइ. ले समग्र व्यवस्थामा लैकि विभेद छ या छैन भन्ने कुरा देखाउने गर्दछ। यो छात्रा तथा छात्र बिचको अनुपात हो। यदि अनुपात १ छ भने त्यहाा लैं▪क समता छ भन्ने बुझिन्छ। यदि अनुपात (जि.पि.आइ.) १ भन्दा कम छ भने शिक्षामा छात्रको तुलनामा छात्राको सहभागिता कम छ भन्ने जनाउाछ।

**तालिका नं. ८ :- विद्यालयमा भर्ना विद्यार्थी सङ्ख्या २०७४**

| कक्षा | जनकल्याण मा. वि. | | | जनविकास विद्दाश्रम आधारभुत विद्यालय | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | २४ | २४ | ४८ | ७ | १५ | २२ | ७० |
| २ | १३ | ६ | १९ | ७ | ४ | ११ | ३० |
| ३ | ५ | ११ | १६ | ६ | ४ | १० | २६ |
| ४ | ७ | १० | १७ | ६ | ९ | १५ | ३२ |
| ५ | १३ | ९ | २२ | १० | ९ | १९ | ४१ |
| ६ | ११ | २० | ३१ | १० | ५ | १५ | ४६ |
| ७ | १३ | १९ | ३२ | ७ | ८ | १५ | ४७ |
| ८ | २१ | २२ | ४३ | १३ | ७ | २० | ६३ |
| ९ | २६ | १७ | ४३ | - | - | - | ४३ |
| १० | १३ | १२ | २५ | - | - | - | २५ |
| **जम्मा** | **१४६** | **१५०** | **२९६** | **६६** | **६१** | **१२७** | **४२३** |

(चित्र नं. ६ को स्रोत)

विद्यार्थी भर्नामा लैङ्गिक अनुपात




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भ चित्र अनुसार खासै धेरै लैङ्गिक विभेद देखिदैन जसको कारण भनेको छोरालाई निजी विद्यालयमा र छोरीलाई सरकारी विद्यालयमा भर्ना गरि अभिभावकले विभेदपूर्ण शिक्षाको उपलब्धता गराउनु हो ।

# परिच्छेद – पााच

# तथ्याङ्कको विश्लेषण र व्याख्या

## ५.१ छात्रा विद्यार्थीहरुको सामाजिक आर्थिक पृष्ठभूमि

घरायसी सर्वेक्षण फारमको प्रयोग गरिएका छात्रा विद्यार्थीहरुको घर परिवेश वातावरण अनुसार प्राप्त एवं संकलित तथ्याङ्कहरुको आधारमा यस परिच्छेदलाई तयार पारिएको छ। जसले लक्षित समुहहरुको जातजाती, परिवारको आकार, आम्दानीको स्रोत, बसोबासको अवस्था, शैक्षिक स्थिती आदि जस्ता विविध पक्षहरुको जानकारी संकलन तथा विश्लेषण गर्न सहयोग गर्दछन्। माथिका विषयसाग सम्बन्धित पक्षहरुको पृष्ठभूमिको अध्ययन तथा सर्वेक्षणले शिक्षाको महत्व, लैं•कता र लैं•क विभेद सम्बन्धी धारणा, अनुभूति र विचारको निर्माण गर्न महत्वपूर्ण सहयोग गर्दछन्।

### ५.१.१ छात्रा विद्यार्थीहरुको व्यक्तिगत विवरण

छात्रा विद्यार्थीहरुको बसोबासको सन्दर्भलाई अध्ययन तथा विश्लेषण गर्दा अभिभावकको अशिक्षा तथा काममा खट्नु पर्ने कारणले गर्दा आफ्ना छोराछोरी विशेष गरी छोरीहरुलाई घरायसी काममा नै बढी खटाएको पाइन्छ र उनीहरुको शिक्षा विकासका लागि थप प्रयासहरु गर्न घरायसी वातावरण जति मात्रामा उपयुक्त हुनपर्ने हो त्यति उपयुक्त भने देखिदैन। यस प्रकार आफ्ना आमाबुवासागै परिवारमै रहेर विद्यालय पढ्न आएका बालिकालाई पढ्न केहि सहज भए पनि आफ्ना आफन्त तथा अन्यका घरमा बसेर अध्ययन गरेका छात्राहरुको पढाइमा भने खासै सहयोग र समर्थन गर्ने कोही नरहेको पाइन्छ।

**छात्राहरुको बसोबासको अवस्था विवरण**

**तलिका न. ९**

| आमासंग | बुबासंग | दुबैसंग | आफन्तसंग | अन्यसंग |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ९ | ५ | ३१ | ३ | २ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

## ५.१.२ छात्रा विद्यार्थीहरुको घरायसी विवरणहरु

छात्रा विद्यार्थीहरुको घरायसी विवरणहरुको विश्लेषण मुख्य गरि जनसङ्ख्या, उमेर, परिवारको आकार, जात, धर्म, आय आदिको अध्ययनको आधारमा गरिएको थियो। जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ


### पारिवारिक जनसङ्ख्या विवरण

**तालिका नं. १० : छात्राहरुको परिवारका सदस्यको लैङ्गिक विवरण**

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | १४१ | ५३.४१ |
| पुरुष | १२३ | ४६.५९ |
| **जम्मा** | **२६४** | **१००** |

(चित्र नं. ७ को स्रोत)

**विद्यार्थीहरुको पारिवारिक जनसङ्ख्याको विवरण**



स्रोत : स्थलगत सर्वेक्षण, २०७४

छात्रा विद्यार्थीहरुको घर परिवार, घरमुली, आम्दानी रोजगारी आदि पक्षहरुको सर्वेक्षण गर्दा सम्पूर्ण ५० जनाको घरमा जम्मा परिवार सदस्य सङ्ख्या २६४ जना थिए जसमध्ये जम्मा महिला १४१ ( ५३.४१%) र जम्मा पुरुष सदस्य सङ्ख्या प्रतिशत १२३ (४६.५९%) हुन आउादछ। जसमा लैङ्गिक अनुपात ८७ प्रतिशत हुन्छ। अझैपनि पितृ सतात्मक समाजमा छोरा जन्माउने आशामा छोरी बढि जन्मिन पुगी पुरुषको तुलनामा महिला अधिक सङ्ख्यामा रहेको देखिन्छ। साथै परिवारमा महिलाको खासै महत्वपूर्ण स्थान नरहेको पाइएको थियो।

## ५.१.३ पारिवारिक उमेरगत जनसङ्ख्या संरचना

सम्पूर्ण छात्रा विद्यार्थीहरुको घर परिवारमा रहेको जनसङ्ख्यालाई समुहगत जनसङ्ख्याको रुपमा वर्गीकरण गर्दा आर्थिक रुपमा सकृय जनसङ्ख्या (१५ देखि ५९) वर्ष सम्मको जनसङ्ख्या ११८ थियो भने आश्रित जनसङ्ख्या अन्तरगत (०-१४) वर्ष उमेर समुहको जनसङ्ख्या ६६ र (६०+) को जनसङ्ख्या ८० थियो।

## उमेरगत जनसङ्ख्या विवरण


**तालिका नं. ११ : छात्राको पारिवारीक सदस्यहरुको उमेर समुहगत विवरण**

| उमेर समुह वर्षमा | जनसंख्या | प्रतिशत |
|---|---|---|
| ०-१४ | ६६ | २५.०० |
| १५-५९ | ११८ | ४४.६९ |
| ६० देखि माथि | ८० | ३०.३० |
| **जम्मा** | **२६४** | **१००** |

(चित्र नं. ८ को स्रोत)

**पारिवारिक उमेरगत जनसङ्ख्या विवरण**

## चित्र नं. ८




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

पारिवारिक उमेरगत जनसङ्ख्या विवरणलई विश्लेषण गर्दा हरेक १०० जना सकृय जनसङ्ख्याले करिव १२४ जना निष्कृय जनसङ्ख्यालाई पाल्नुपर्ने देखिन्छ। जुन अवस्था आउनुमा लैं▪क विभेदका कारण महिलाहरु शैक्षिक तथा आर्थिक रुपमा पछाडी पर्नु हो । साथैउक्त तथ्याङ्कलाई विश्लेषण गर्दा लैं▪क विभेदको एक प्रमुख कडी भनेको अशिक्षा, गरिवी र वेरोजगारी हो भन्ने प्रटिन्छ।


## परिवारिक आकारको अवस्था

तालिका नं. १२ : छात्राहरुको परिवारको आकार र बनोट

| परिवारको आकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सानो (३-४) | १९ | ३८ |
| मध्यम (५-६) | २६ | ५२ |
| ठुलो ७ + | ५ | १० |

(चित्र नं. ९ को स्रोत)

विद्यार्थीको परिवारको आकार विवरण




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

परिवारमा रहेका सदस्य सङ्ख्याको आधारमा छात्रा विद्यार्थीहरुको परिवारको आकारलाई विश्लेषण गरिएको थियो। जसमा २६ (५२%) परिवारको आकार मध्यम स्तरको थियो जसमा परिवारको सङ्ख्या ५-६ जना सम्म रहेको पाइन्थ्यो भने ३-४ जना सदस्य रहेको सानो आकारको परिवारको सङ्ख्या प्रतिशत १९ (३८%) थियो। त्यस्तै ६ वा सो भन्दा माथि सदस्य रहेको परिवारको सङ्ख्या प्रतिशत ५ (१०%) थियो। जसलाई माथिको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ। यसरी परिवारको आकार ठुलो हुनुमाअशिक्षा, गरिवी र वेरोजगारीजस्ता कारणहरु रहेको देखिन्छ। जसले गर्दा लैगिक विभेद समाजमा अझै हट्न सकेको देखिदैन ।

## जातजातिगत विवरण

नमुना छनोट अन्तरगतका छात्रा विद्यार्थीहरुको जातजातिगत विवरणलाई अध्ययन तथा विश्लेषण गर्दा ब्राहमण तथा क्षेत्री जात अन्तरगत सबैभन्दा बढी घरपरिवार २५ (५०%)  त्यस्तै जनजाति अन्तरगत मगर, गुरु▪, थारु जातका घरपरिवार १५ (३०%) र दलित अन्तरगतका सुनार, वि.क जातका घरपरिवार १० (२०%) रहेको स्पष्ट हुन्छ। जसलाई तलको स्तम्भ चित्र बाट स्पष्ट पार्न सकिन्छ। उक्त तथ्याङ्कले अझैपनि हाम्रो समाजमा जातिगत रुपमा पनि स्तरीकृत विभेदको अवस्थारहेको देखाउादछ।


**तालिका नं. १३ : छात्राहरुको जात/जातिगत विवरण**

| जात/जाति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| उच्च (ब्राह्मण क्षेत्री) | २५ | ५० |

| | | |
|---|---|---|
| जनजाती | १५ | ३० |
| दलित | १० | २० |
| मधेसी | - | - |
| **जम्मा** | **५०** | **१००** |

(चित्र नं. १०को स्रोत)

**विद्यार्थीहरुको जातिगत विवरण**




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

### धर्म अनुसारको पारिवारिक संरचना

**विद्यार्थीका धर्म अनुसारको पारिवारिक विवरण**

तालिका न. १४

| **धर्म** | **हिन्दु** | | **बौद्ध** | | **क्रिस्चियन** | | **अन्य** | |
|---|---|---|---|---|---|---|---|---|
| संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **जम्मा** | ४१ | ८२ | ६ | १२ | २ | ४ | १ | २ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

धार्मिक आस्थाका आधारमा छनोट गरिएका छात्रा विद्यार्थीहरुको परिवार सङ्ख्यालाई विश्लेषण गर्दा अज्ञानताका कारणले विभिन्न धर्महरुको मुल मर्मलाई बुझ्न नसकि धर्मको नाममा हुदै आएको गलत परम्परा अभ्यासका कारणले समाजमा लैं•क विभेद गराउनमा महत्वपूर्ण भूमिका खेल्नेगरेको पाइन्छ।


## अभिभावकको शैक्षिक अवस्था

**तालिका नं. १५ : छात्राका अभिभावकहरुको शैक्षिक योग्यताको अवस्था**

| क.सं. | उमेर समुह | अभिभावक |
|---|---|---|
| १ | अशिक्षित | ३ |
| २ | कक्षा ५, ६, ७ पास | १० |
| ३ | ८ कक्षा पास | १३ |
| ४ | एस.एल.सी. उत्तिर्ण | १५ |
| ५ | स्नातक | ७ |
| ६ | स्नातोकोत्तर | २ |

(चित्र नं. ११को स्रोत)

### अभिभावकहरुको शैक्षिक अवस्था विवरण




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

छात्रा विद्यार्थीका अभिभावकहरुको शैक्षिक योग्यतालाई विश्लेषण गर्दा अधिकांश अभिभावकहरु साधारण लेखपढ गर्न सम्म सक्ने पाइयो भने अत्यन्त कम अभिभावकहरु मात्र औपचारिक रुपमा उच्च शिक्षा आर्जन गरेको पाइन्छ। जसलाई निम्न अनुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ। यसरी शिक्षाको स्तर बढाउन सके हामीले लैं• क विभेदको अवस्थालाई न्युनिकरण तर्फ लैजान सकिने तथ्यलाई आाकलन गर्न सकिन्छ।


## बसोबास स्थल विवरण

**तालिका नं. १६ : छात्राहरुको परिवार बसोबासको अवस्था**

| क.सं. | बसोबास स्थल | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफ्नै घर | २६ | ५२ |
| २ | भाडाको घर | १० | २० |
| ३ | आफन्त/ नातेदारको घर | ४ | ८ |
| ४ | श्रमिकको रुपमा मालिकका | ३ | ६ |
| ५ | सुकुम्बासी | ७ | १४ |
| | जम्मा | ५० | १०० |

(चित्र नं. १२ को स्रोत)

**विद्यार्थीको बसोबास स्थल विवरण**




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

छात्रा विद्यार्थीहरुको घर, परिवार र वातावरणको स्थलगत सर्वेक्षणका क्रममा उनीहरुका परिवार तथा उनीहरुको बसोबास स्थलको अन्वेषण गर्दा अधिकांश छात्राहरु २६ (५२%) आफ्नै घरजग्गामा नै बसोबास गरेको पाइयो भने १० (२०%) अरुको घरमा भाडा तिरी बसेको पाइयो। यसैगरि केही ४ (८%) आफ्ना नातेदारसाग पाइयो भने अरुको घरमा कामदारका रुपमा ३ (६%) भेटियो। बााकी ६ (१४%) सुकुम्बासीमा अस्थाई बसोबास गरेको पाइयो। विशेषगरी कावासोती न.पा. ३ अट्ठाइस विगाहा स्थित जनविकास विद्याश्रम आधारभूत विद्यालयमा अध्ययनरत छात्राहरु सुकुम्बासी क्षेत्रबाट अध्ययन गर्न आउने भएकाले त्यस भेगका छात्राहरुको घर परिवारएवं आर्थिक रुपमा निकै कमजोर अवस्थामा रहेको कारण पनि लैंगिक विभेदमा प्रभाव पारेको सर्वेक्षणका क्रममा भेटियो।

## घरपरिवारको आम्दानीको स्रोतहरु


**तालिका नं. १७ : छात्राहरुको पारिवारको आम्दानीका स्रोतहरु**

| क्र.सं. | आम्दानीका स्रोतहरु | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि (व्यवसायीक समेत) | २९ | ५८ |
| २ | वैदेशिक रोजगार | ९ | १८ |
| ३ | सानो व्यवसाय | ७ | १४ |
| ४ | दैनिक ज्यालादारी मजदुरी | ४ | ८ |
| ५ | अन्य | १ | २ |
| **६** | **जम्मा** | **५०** | **१००** |

(चित्र नं. १३ को स्रोत)

पारिवारिक आम्दानीका स्रोतहरुको अनुसन्धानमा केन्द्रित रहि छात्रा विद्यार्थीहरुको घरमा आमाबुबाको मुख्य आम्दानीका स्रोतहरुको पहिचान गर्दा अधिकांश घर परिवार २९ (५८%) आम्दानीको प्रमुख स्रोत अझै निर्वाहमुखी परम्परागत कृषि प्रणाली भेटिन्छ। त्यस्तै केहि परिवारका महिला तथा पुरुष ९ (१८%) वैदेशिक रोजगारीमा समेत गएको भेटियो भने केहि सरकारी कार्यालय तथा नीजि संघ संस्थामा समेत रोजगारीमा रहेको भेटियो। बााकी मध्ये ७ (१४%) अभिभावक स्वरोजगार अर्थात साना व्यापार गर्दै आएको समेत भेटियो। यसैगरि दैनिक ज्याला मजदुरी गरेर आर्थिक आयआर्जन गर्ने ४ (८%) अभिभावकहरु भेटिनु भयो। उक्त तथ्याङ्कलाई हेर्दा आम्दानी राम्रो भएका परिवारमा छोराछोरीबिचको विभेद कम भेटियो भने आम्दानी कम हुने परिवारमा उक्त विभेद बढि भएको पाइयो। यसरी परिवारको आम्दानीलाई विश्लेषण गर्दा आर्थिक पक्षलेपनि परिवरममा लैं▪क विभेदको अवस्था सृजना गराएकोप्रष्ट देखिन्छ।

## विद्यार्थीको पारिवारिक आम्दानीको स्रोतहरु




स्रोत : स्थलगत सर्वेक्षण, २०७४


## घरपरिवारमा उपलब्ध सुविधाहरु

तालिका नं. १८ : छात्रा विद्यार्थीहरुको घरमा उपलब्ध सेवा सुविधाहरु

| क्र.सं. | सुविधाहरु | पहुाच हुने | पहुाच नहुने |
|---|---|---|---|
| १ | टेलिफोन मोबाइल सहित | ३२ | १८ |
| २ | साईकल | २५ | २५ |
| ३ | रेडियो | ३२ | १८ |
| ४ | कम्प्युटर | ६ | ४४ |
| ५ | मोटर साईकल | ५ | ४५ |

(चित्र नं. १४ को स्रोत)

**घरपरिवारमा सुविधाहरुको पहुाचको अवस्था**




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

सर्वेक्षणका क्रममा अधिकांश घरहरु ३२ घर परिवारमा मोवाइल फोन र रेडियो जस्ता सेवा सुविधा उपलब्ध भएको पाइयो, त्यस्तै ६ घरमा कम्प्युटर तथा ५ घरमा मोटरसाईकल जस्ता सेवा सुविधा सम्म पुगेको देखिन्छ। २५ घरपरिवार मात्र सामान्य सुविधाको रुपमा साइकल रहेको देखिन्छ। यसले पनि आधुनिक सेवा सुविधाहरुबाट उक्त घरपरिवार धेरै नै टाढा रहेको भेटिन्छ। जसले के संकेत गर्दछ भने अधिकांश परिवारमा आर्थिक सम्पन्ताले सेवा सुविधामा पहुच विस्तार भै सुविधाको उपलब्धता बढि हुने घरपरिवारमा चेतनाको अभिवद्धिलेृ लैंि‌क विभेद कम देखिन्छ भने अन्यमा लैंि‌क विभेद बढि देखिन्छ ।

## ५.२ विद्यालयमा लैंि‌क मुद्धाहरु

### क) छात्राहरुको शिक्षाप्रतिको दृष्टिकोण

विद्यालयमा अध्ययनरत छात्राहरुलाई अन्तरवार्तामार्फत विभिन्न शैक्षिक प्रश्नहरु सोधिएका थिए। उनीहरुको शिक्षा प्रतिको बुझाइ र दृष्टिकोण आ-आफ्नै किसिमका भेटिन्थे। उनीहरु मध्ये केहिले शिक्षा भनेको पढ्नु, लेख्नु, बुझ्नु, नयाा कुरा जान्नु तथा पत्ता लगाउनु हो भन्थे। भने अन्यमा शिक्षा ज्ञानको स्रोत हो जसले आफ्नो सुन्दर भविष्य निर्माण गर्न सघाउाछ भन्ने बुझिन्थ्यो।

महिलाका लागि शिक्षाको महत्व सम्बन्धी अन्तरक्रियामा तपसिलको धारणाहरु पाइयो।

**तालिका नं. १९ छात्राहरुको बुझाईमा शिक्षाको महत्व**

| शिक्षाको महत्व | विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|
| **आर्थिक रुपमा सक्षम पार्ने** | २४ | ४८ |
| **राम्रो जागिर गर्न क्षमता बनाउने** | १५ | ३० |
| **अन्याय विरुद्ध लड्न सक्षम** | ६ | १२ |
| **अन्य** | ५ | १० |
| **जम्मा** | **५०** | **१००** |

**ख) विकासमा छात्रा/महिलाको भूमिका**

तालिका नं. १७ लाई विश्लेषण गर्दा विशेष गरेर साना व्यापार व्यवसाय गरेका, व्यवसायिक खेतीपाती, जागिरे बुबा आमा भएका छात्राहरुका विचारमा शिक्षा आर्जन गरेमा महिलाले पनि विभिन्न व्यवसायिक कामहरु गरी जस्तै सिलाई कटाइ, सहकारिमा बचत गर्ने, आफ्नो क्षमता र योग्यता अनुसार विभिन्न पसल, संघ संस्थामा जागिर गर्ने जस्ता रोजगारमूलक कार्यहरुबाट आफू, आफ्नो परिवार तथा समाज विकासमा समेत योगदान गर्न सक्छन् भन्ने विचार भेटिन्थ्यो। त्यस्तै शिक्षित व्यक्ति समाजमा अरु साधारण व्यक्तिको लागि अनुकरणीय व्यक्ति बन्ने हुादा पढेको मान्छे को समाजमा राम्रो सम्मान हुने, इज्जत, प्रतिष्ठा बढ्ने हुन्छ भन्ने बुझाइ पनि केहि छात्राहरुमा पाइन्थ्यो। र अन्यमा समाजका सामाजिक विकास निर्माण जस्तै (बाटो, विद्यालय, अस्पताल, खेलमैदान) आदि निर्माणमा पुरुष जतिकै महिलाको पनि समान योगदान र सहभागिता हुन सक्दछ भन्ने विचार भेटिन्थ्यो।

सैद्धान्तिक तथा व्यवहारिक र प्रयोगात्मक शिक्षाको विकास बाटै कुनै व्यक्ति बौद्धिक, वैचारिक, आध्यात्मिक र भौतिक रुपमा सम्पन्न हुन सक्ने हुादा शिक्षाको सजिलो पहुाच मार्फत महिलालाई लाभान्वित गराई पितृसतात्मक सोचबाट निर्मित महिला शोषणका पर्खालहरु भत्काई विकासमा पुरुष सरह योगदान र सहभागिता जनाउन सक्ने महिला जनशक्तिको निर्माण वर्तमान समयमा कुनै पनि देशको आवश्यकता हो। यस्तो आवश्यकताको पुर्तिको लागि सर्वप्रथम महिला पुरुषसागको समान धरातलमा उभिन सक्नुपर्दछ जसको एकमात्र तरिका भनेको समान शिक्षा मार्फत समान शसक्तिकरण नै हो। जसका लागि शिक्षाको भूमिका भौतिक र बौद्धिक दुवै रुपमा उल्लेखनीय रहन्छ।

**ग) विद्यालयका योजनाहरुमा छात्राका मुद्धाहरु :-**

विद्यालयका योजना सम्बन्धी दस्तावेजहरुलाई पुनरावलोकन गर्दा नमुना छनोटमा अध्ययन गरिएका दुवै विद्यालयहरुले विद्यालय सुधार योजना (एस.आइ.पी.) त निर्माण गर्ने गरेको पाइयो तर पनि योजना निर्माण, छलफल र योजना अनुसारका कार्य गर्ने बेलामा महिलालाई अत्यन्त कम सहभागी गर्ने गरिएको पाइन्छ। त्यस्तै योजना निर्माणमा ठुला भवन, डेस्क बेन्च निर्माणको चासो बढ्ता नै देखिन्छ तर छात्रामैत्री भौतिक संरचना तथा कठिन विषयहरुमा छात्राहरुको शैक्षिक उपलब्धी उकास्न तथा उनीहरुलाई बढि भन्दा बढी सजक र सक्रिय पारि शैक्षणिक क्रियाकलाप संचालनको वातावरण निर्माणमा योजनाको प्राथमिकता भने खासै देखिदैन। के यस्तो अवस्थाबाट ५१% महिला जनसङ्ख्या रहेको हाम्रो देशमा पुरुष सरह महिलाको क्षमता विकास गरी राज्य संचालन र निर्माणका हर क्षेत्रमा महिलालाई उल्लेख्य सहभागि गराउन सकिन्छ ? भन्ने प्रश्न उब्जन्छ।

### घ) शिक्षकहरुको नियुक्ती

तलिका नं. ३, ४, र ५ लाई विश्लेषण गर्दा जब विद्यालयमा अध्यापनरत शिक्षकहरुको सङ्ख्या र लि▪लाई विश्लेषण गरिन्छ, तब दुवै विद्यालयहरुमा महिलाहरुको प्रतिनिधित्व उल्लेख ( राम्रो) देखिन्छ जसले गर्दा हामी के भन्न सक्छौ भने विद्यालयहरुले महिला शिक्षकहरुको महत्वलाई राम्ररी लिएको भने पाउन सकिन्छ।

महिला शिक्षकहरु छात्रा विद्यार्थीहरुका लागि प्रमुख आकर्षणका पात्रहरु हुन्। उनीहरुले नै विद्यालयमा छात्राहरुको भर्ना तथा अवधारणामा सहयोग गर्दछन्। पुरुष शिक्षकहरुसाग भन्दा महिला शिक्षकहरु साग छात्राहरुले (अध्ययन तथा छलफल गर्न) बढि सुविधाजनक महसुश गर्दछन्। वास्तवमा नेपालमा विद्यालय सुधार योजनाले धेरै महिला शिक्षकहरुले नै धेरै छात्राहरुलाई आकर्षण गर्ने छात्राहरु विद्यालयमा रहने कुराको सुनिश्चित गर्छ र उनीहरुको सिकाइ उपलब्धी पनि वृद्धि हुनेछ भन्ने अभिप्रायले देशमा संचालित छ। (विष्ट, २००४)। वास्तवमा महिला शिक्षकहरु छात्राहरुको प्रेरणाको प्रमुख स्रोत बन्न सक्ने हुादा छात्राहरुले पनि आफ्ना भावना, संकुचन र कठिनाइहरु महिला शिक्षकहरु साग राम्ररी आदान प्रदान गर्न सक्छन्। त्यसैले उनीहरुको शिक्षामा राम्रो प्रभाव पार्न सक्छ। त्यसकारण वर्तमान शैक्षिक नियममै निश्चित सङ्ख्यामा महिला शिक्षक हुनु पर्ने व्यवस्था पाइन्छ।

### ङ) विद्यालय व्यवस्थापन समितिको निर्माण

तालिका नं. ७ र विद्यालयका निर्णयहरुको दस्तावेजलाई अध्ययन तथा विश्लेषण गर्दा नमुना छनोटका दुवै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिहरुको गठन नियमअनुसारनै भएको पाइन्छ। सङ्ख्यामा विद्यालयहरुमा महिला सदस्यहरुको सङ्ख्या पुरुषकै सङ्ख्यामा बरावरी रुपमा रहेता पनि कार्यान्वयनगत निर्णयहरु पुरुष सदस्यहरुबाटै तय गरे अनुसार हुने गरेको पाइन्छ। महिला सदस्यहरुको कमजोर शैक्षिक अवस्था घरपरिवारनै व्यस्तता तथा विषय विज्ञताको कमिका कारण समितिहरुका सदस्यताको सङ्ख्यामा उल्लेख्य प्रतिनिधित्वका वावजुत निर्णय र कार्यान्वयनका सवालमा महिला उन्मुख र मैत्री भने हुन सकेको पाइदैन। जसबाट हामी के निष्कर्ष मा पुग्छौ भने विद्यालयहरुको निर्णयहरुलाई अन्तिम रुप दिदा पुरुष सदस्यहरुले नै स्वीकारेपछि अर्थात पुरुषहरुले नै हुन्छ भने पछि मात्रै निर्णय गर्ने गरेको पाइन्छ। जसबाट विद्यालयको निर्णय निर्माण गर्ने समितिमा समेत अझै लैङ्गिक विभेद छ भन्न सकिन्छ।

## ५.३ लैङ्गिक सम्बन्धी विभेदहरु

लैङ्गिक सम्बन्ध भन्नाले महिला र पुरुषका बिच रहने शक्ति सम्बन्धलाई जनाउादछ। जुन आर्थिक साधन स्रोतको बााडफााडमा मात्र नदेखिइ सामाजिक अभ्यासहरु, विचारहरु, विभिन्न निकायहरुमा हुने प्रतिनिधित्व, श्रम विभाजन, भूमिका, धारणाहरु, इच्छाहरु, व्यवहार परक प्रवृत्तिहरु आदि मार्फत देखिने गर्दछन्। यस खण्डमा मुख्य गरि लैङ्गिक सम्बन्धहरु जस्तै विद्यालयमा हुने छात्रा र छात्रको अवस्था, छात्रा र छात्रको शिक्षकहरुसागको सम्बन्ध, महिला शिक्षिका र छात्राको शिक्षा, छात्राहरुलाई सम्मान तथा खराब व्यवहारहरु, विद्यालयका गतिविधिहरुमा छात्राहरुको सहभागिताको अवस्था र उत्प्रेरणा, विषयगत सिकाइ उपलब्धीहरुमा छात्राको अवस्था छात्रा र छात्र विद्यार्थीहरु विचको बसाइ तथा छलफलको अवस्था तथा उनीहरुको समग्र शैक्षिक अवस्थाहरुमा शुक्ष्म अध्ययन मार्फत देखिन पुगेका विभेदहरुलाई यस अध्ययनले केन्द्रित गर्दछ।

### क) विद्यालयको अवस्थिती

शिक्षण सिकाइ क्रियाकलाप संचालनका लागि स्थापित भवन वरिपरिको परिवेश आदिलाई समग्रमा विद्यालयको अवस्थिती भनिन्छ। अधिकांश विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु ग्रामिण क्षेत्र, मजदुरी, खेतीपाती, तल्लो तहमा नोकरी गरि पालनपोषण गर्ने अभिभावकहरुबाट आउने हुादा

विद्यार्थीमा अध्ययन र बुझाइको अवस्था पनि मध्यम स्तरकै रहेको पाइन्छ। विद्यालय वरिपरिको वातावरणमा घरहरु निर्माणको क्रम पनि बढ्दो दरमा छ तर पनि आर्थिक हैसियत राम्रो हुनेहरुले तथा छोराहरुलाई निजी विद्यालयमा पढाउन लैजाने परिवेशले सरकारी विद्यालयमा पढ्ने बालबालिकाको सङ्ख्या जनघनत्व बढे अनुसार अझै बढ्न सकेको भने छैन।

विद्यालयहरुमा भौतिक संरचना (भवन, शौचालय, खानेपानी धारा, पुस्तकालय, खेलमैदान, कक्षाकोठा, छेकबार, गेट, चमेना गृह आदि क्रमश निर्माणका क्रममा भएता पनि सम्पूर्ण संरचना पूर्णरुपमा निर्माण भैसकेको अवस्था भने छैन दुवैविद्यालयमा विद्यालय वरिपरिको वातावरणलाई पर्खाल निर्माण गरि छेक्ने कार्य भैसकेकाले विद्यालयको अध्ययन वातावरणमा सकारात्मक प्रभाव परेको पाइन्छ। जसले बाह्य रुपबाट पठनपाठनमा हुने अवरोधलाई कम गर्न महत्वपूर्ण भूमिका खेलेको पाइन्छ।

**ख) छात्राहरुप्रति अरुका व्यवहारहरु**

विद्यालयहरुमा छात्रा विद्यार्थीहरुका लागि मुख्यतया ३ प्रकारका समस्याहरु उजागर भएका देखिन्छ। एउटा दृष्टिकोणीय प्रवृत्ति अर्को खिसी एवं उपेक्षा र तेस्रो शारीरिक तथा मानसिक असुरक्षाको अनुभुती । वास्तवमा समय र परिस्थीतिहरुमा २१ औ शताब्दी भनिएता पनि शोषण र विभेदको रुपमात्रै फेरिएको अवस्था छ। एउटा विद्यालयको कक्षामा छात्रा विद्यार्थीले सामना गर्नुपर्ने शाब्दिक हिंसा, कमलो स्वभाव माथि पर्ने थिचोमिचो, सम्भावित शारीरिक शोषण तथा विज्ञान तथा प्रविधिको दुरुपयोगले भित्रिएका विस▪तीको सिकार अझै पनि कुनै न कुनै रुपमा छात्राहरुले भोग्न बाध्य छन्। कति अत्याचार बाहिर सतहमा आउाछन् भने कति आउन सक्दैनन र ति मर्का परेका छात्रा भित्रभित्रै पिल्सिएर बस्न बाध्य हुन्छन्। तसर्थ यस्तो परिवेशसाग साक्षात्कार बनाउन र सम्भावित छात्रा हिंसालाई समयमै रोक्न तथा पूर्व सावधानीका लागि विद्यालय प्रशासन तथा शिक्षकहरुबाट कुनै कार्यक्रम नबनाइनु बाटै हामी अनुमान गर्न सक्छौ कि अझै पनि विद्यालयको वातावरण छात्रामैत्री हुन सकेका छैनन्। जुन कुरा कक्षा नौ मा अध्ययनरत छात्रा पुजा महतो भन्छिन् “हामीलाई घर टाढा भएकाले विद्यालय आउादा केटाहरुले जे भने पनि सुनेर नसुने झै गरि स्कुल आउनुपर्छ।” भन्ने भनाइबाट छात्राहरु अझैपनि असहज अवस्थामै छन् भन्न सकिन्छ।

**ग) छात्राका लागि छुट्टै शौचालय तथा आराम कक्षको अवस्था**

आजका छात्राहरु भनेकै भविष्यमा जन्मने सन्ततिका आमाहरु भएकाले घर, विद्यालय तथा शिक्षाबाटै उनीहरुको स्वास्थ्य मजवुत पार्ने पहल हुनु पर्ने एक निशर्त अवस्था हो तर यस

अध्ययनको नमुना छनोटमा परेका सुगम ठाउाका विद्यालयहरुको हालतको अध्ययन र विश्लेषण गर्दा अतिनै कमजोर अनुभुति मैले गरे। जसबाट विद्यालय क्षेत्र विकास योजना (२०७३/०८०) ले अपेक्षा गरेको - “किशोरीको सहभागिता बढाउन तथा बिचैमा पढाइ छाड्ने प्रवृत्ति घटाउन तथा सिकाइ उपलब्धी बढाउन उनीहरुको गोपनियता तथा महिनावारी सम्बन्धी अवयव पुरा हुने” मा विश्वास गरिने अवस्था देखिदैन। विद्यालयमा रहेका शौचालय एउटै भवनमा छात्रा र छात्रको लागि छुटाए पनि लाज, दुर्गन्ध र असहजताले छात्राहरुको पढाइमा प्रत्यक्ष प्रभाव पारेको अवस्था देखिन्छ। महिनावारी हुादा अनेक वाहाना बनाई स्कुल बिदा लिनु पर्ने अवस्थाले के छात्राको उपलब्धी बढाउन सकिएला त ? अवश्य पनि छात्राका लागि छुट्टै शौचालय र आराम कक्षको व्यवस्थापन तत्कालै गर्नुपर्ने देखिन्छ।

### घ) अतिरिक्त क्रियाकलापमा छात्रा विद्यार्थीको सहभागिता

विद्यालयमा नियमित रुपमा संचालन गरिने शिक्षण सिकाइ क्रियाकलापका अतिरिक्त विद्यार्थीको शारीरिक, बौद्धिक, कला तथा सीपको विकास मार्फत चौतर्फी प्रगतीका लागि संचालन गरिने थप क्रियाकलापलाई अतिरिक्त क्रियाकलाप भनिन्छ। शारीरिक विकासका लागि विभिन्न खेलहरुको व्यवस्था गरिएता पनि ति खेलहरु जस्तै फुटबल, भलिबल, क्रिकेट आदि खेलहरुमा महिलाको (छात्राको) सहभागी भने निकै कम देखिन्छ। विशेषगरी छात्राहरु एकल तथा सामूहिक बौद्धिक विकासका क्रियाकलापहरु, हाजिरीजवाफ, चेस, वक्तृत्वकला, कविता प्रतियोगिता, गित तथा नृत्य जस्ता कार्यक्रममा अलि बढि सरिक हुने गरेको पाइयो। तर पनि समुहको नेतृत्व लिने तथा स्वस्फूर्त  रुपमा कार्यक्रममा भाग लिने भन्दा पनि करकाप तथा बाध्यताले लिन परेको अवस्था विद्यालयमा भेटिन्छ।

विद्यालयीय खेलकुदमा देखिने लैकि▪ सम्बन्ध केटा र केटी छुट्टा छुट्टै समुहमा रहि खेल्ने खेलबाट पनि बुझ्न सकिन्छ। फुटवल, भलिबल जस्ता बाहिर मैदानमा खेलिने खेलहरु छात्राका लागि खेल्न अनुमती नै छैनन् जस्तो देखिन्छन्। यस्तो प्रकारको बन्देज व्यारी थोर्न को पुस्तक “जेन्डर प्ले : गर्लस एन्ड व्वाइज इन स्कुल” मा वर्णन गरिएको पाइन्छ। उनले पुस्तकमा भनेकी छन् केटीहरुलाई फुटबल खेलका लागि विरलै प्रस्ताव गरिन्छ तथा केटाहरुलाई डोरीखेलका लागि विरलै उर्फन लगाइन्छ। यसको अर्थ अझै समाज तथा विद्यालयहरुमा केटाकेटीहरुको हुर्काइ ब्यबहार गराई  र स्याहारसुसार सागै लैं▪क विभेद झल्कने संस्कृति प्रदर्शन गर्ने बनाइन्छ। तर पनि केटा र केटी एउटा समुहले खेलेको खेल अर्को समुहले हेर्दैनन्। तर छात्राहरुले कुनै कमजोरी गरेमा केटाहरुले अलिनै बढि खिसी गर्ने गर्दछन् जसले छात्राहरुलाई हतोत्साहि गर्ने गर्दछ। यसले

छात्राहरुको विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी भै आ-आफ्नो क्षमता र नेतृत्व सिप विकास गर्ने अवस्थाका लागि त्यति राम्रो अनुकुल वातावरण भने अझै बनिसकेको पाइदैन। तथापि सहभागी छात्राहरुको  बौद्धिक अतिरिक्त क्रियाकलापहरुमा प्रस्तुतीकरण भने केटाहरुको भन्दा पनि राम्रो रहेको छ।

### ङ) कक्षाकोठामा अन्तरक्रिया

शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्दा या अन्य समयमा पनि छात्राहरुको प्रस्तुतिकरण अत्यन्त राम्रो रहेको अधिकांश शिक्षक तथा शिक्षिकाहरुले बताउनु भएको थियो हुन त कुनै कक्षामा केटा भन्दा केटी सङ्ख्या नै अत्याधिक भएका कारण पनि केटिहरुको उपलब्धी एवं प्रस्तुतिकरण राम्रो देखिएको पाइन्छ। तर पनि यथार्थमा छात्राहरुनै नियमित कक्षाकोठामा उपस्थित हुने पढाइका विषय वस्तुमा अन्तरक्रियाहरु गर्ने विषयवस्तुका बारे शिक्षकले सोधेका प्रश्नहरुको शिघ्र उत्तर दिने तथा अध्ययनमा थप चासो दिने जस्ता व्यवहारले छात्रा अध्ययनको वातावरण भने अपेक्षाकृत सुधार भैरहेको देखाउाछ। तथापी छात्रा र छात्रको तहमा अझै पनि समानता नआइ सकेको हुादा यो क्रम रोकिनु भने हुदैन्। कक्षा ८ तथा कक्षा १० को अन्तिम परीक्षाको नतिजाहरुलाई विश्लेषण गर्दा पनि दुवै विद्यालय हरुको औषत उपलब्धी स्तरमा करिब ५६ प्रतिशत माथि हुनुले छात्रा विद्यार्थीहरुको अवस्था राम्रै मानिन्छ। तर अझै पनि कतिपय शिक्षकहरुले कक्षामा अध्यापनका क्रममा लैङ्गिक सम्बन्धलाई ध्यान दिन सकेका छैनन् भन्ने भावका कुरा केहि विद्यार्थीको भनाइबाट हामी बुझ्न सक्दछौ। अध्यापनका क्रममा धेरै शिक्षकले केटाहरुलाई नै पहिले प्रश्न सोध्ने र उत्तर पनि उनीहरुबाटै अपेक्षा गर्नुले छात्राहरुको कठिनाइमा सहयोग तथा सुधारको सट्टा बेवास्ता बढाएको तथा विद्यालयको समग्र वातावरण अझै लैङ्गिक मैत्री हुन नसकेको कुरालाई इङ्गित गर्दछ।

## ५.४ सामाजिक आर्थिक अवस्थाको लैङ्गिक विभेदमा प्रभाव

### क) घरायसी जिम्मेवारी तथा त्यसबाट छात्राको शिक्षामा परेको प्रभाव

जसरी अधिकांश विद्यालयमा अध्ययन गर्ने छात्राले दिनहुा घरपरिवारका अनेकन जिम्मेवारी र काम धन्दा समाल्नुपर्दछ, त्यसले गर्दा उनीहरुको शिक्षामा कुनै न कुनै असर पारेको नै पाइन्छ। छोरा छोरी धेरै भए काम गर्छन र हामीलाई सुख हुन्छ भन्ने सोचबाट धेरै सन्तान जन्माउने प्रवृत्ति केही समय अघि सम्म रहेको हाम्रो समाजमा अझैपनि छात्रालाई घरायसी विभिन्न कार्यहरु घर आागन सफा गर्ने, खान पकाउने, भाइबहिनीहरुको खानपिन रेखदेख गर्ने, लुगा धुने, मेलापातमा

कार्य गर्ने जस्ता अनेकन जिम्मेवारी निभाउादै पढ्नुपर्ने अवस्था रहेको छ। जसले गर्दा समयको कमिले शिक्षामा उल्लेखनीय सुधार र प्रगती गर्न सक्दैनन् र शिक्षा आर्जनमा पछि पर्दछन्।

**ख) छात्रा तथा उनीहरुको शिक्षा प्रति अभिभावकको धारणा**

शिक्षित तथा अशिक्षित कुनै पनि अभिभावकले आफ्ना छोरा र छोरी दुवैलाई समान व्यवहार गर्न र देखाउन खोजेको नै पाइन्छ। साथै उनीहरुको शिक्षा र दिक्षाका लागि समान प्रयास गरेको समेत देखिन्छ। तर पनि यो हाम्रो पितृसतात्मक सोचबाट अधि बढेको समाज तथा आर्थिक कठिनाइ, सोचको स्तरले गर्दा सिमित आयबाट छोरा छोरी दुवैलाई गुणस्तरिय शिक्षाको पहाुच खर्चिलो तथा बढि पाुजी लगानी गर्नुपर्ने सन्दर्भले गर्दा अझै पनि अधिकांश अभिभावकले छोरालाई राम्रो शिक्षाका लागि बोर्डि▪ पढाएको तथा छोरीलाई साधारण सरकारी विद्यालयमा पढाइरहेको विद्यालयका रेकर्ड तथा शिक्षकहरुको भनाइबाट देखिन आउाछ। भने अर्कोतर्फ पितृसतात्मक समाजले छोरीलाई भन्दा छोरालाई महत्व बढी दिने हाुदा छोरीलाई शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा कानुनी रुपमै उपेक्षा गरेको पाइन्छ। महिलाहरु बिहे गरेर अरुका घरमा पठाउने जात हो भन्ने सामाजिक बुझाइ र त्यसको अभिभावकमा परेको प्रभावका कारण जोखिम मोलेर अभिभावकहरुले आफ्ना छोरीहरुको वृत्ति र विकासका लागि शिक्षामा लगानी गर्न हच्किरहेकै कारण अझै पनि छात्राहरुको शिक्षामा प्रयाप्त लगानी हुन सकिराखेको छैन्। "तसर्थ मानवियता भनेको पुरुष हो। पुरुषले महिलालाई उनीहरु आफैमा सिमित गराएर परिभाषित गर्दैनन् तर पुरुषको सापेक्षतामा परिभाषित गर्दछन्। उनलाई एउटा स्वायत्त (स्वतन्त्र) प्राणीका रुपमा लिइदैन........।" (साइमन डे वेअउभोयर द सेकेन्ड सेक्स) । परिवारमा आमाले नै पनि आफ्ना छोरीलाई छोरालाई भन्दा विभेद गर्छिन किनभने उनी आफै महिलालाई कमजोर देख्ने मान्छे, समाज र संस्कृतिमा हुर्किएकी हुन्छीन। यस प्रकार उनीहरुको सोचाही छोटो समयमै परिवर्तन हुन पनि गाऱ्हो देखिन्छ।

**ग) घरमा अध्ययनको वातावरण**

विद्यालयमा शिक्षकहरु तथा सहकर्मीहरु द्वारा अध्ययन, सुनाइ र छलफलका क्रममा कतिपय स्पष्ट हुन नसकेको विषयवस्तु तथा थप धारणा का लागि घरमा थप अध्ययन सोध खोज तथा लालन पालन सहित उत्प्रेरित र सहयोगी अवस्थालाई अध्ययनको वातावरण भनिन्छ। घरमा अध्ययनका क्रममा उब्जिएका समस्या तथा उपर्युक्त वातावरण तयार गरिदिने परिवेश बनेमा छात्राहरुका लागि थप हौसला हुन्छ र उनीहरुले आफ्ना पढाइमा थप प्रगती पनि गर्न सक्दछन्। यदि त्यस्तो अवस्था आएमा उनीहरु पढाइ बाट विस्तारै खुम्चिदै जान्छन् र विचमै पढाइ छोड्न बाध्य बन्छन्। अहिलेको सन्दर्भमा छात्राहरुका लागि घरमा काम सकेपछि मात्र पढ्न, गृहकार्य गर्न पाउने परिवेश छ ।

### घ) विद्यालयमा लैं‍िक अवस्थामा परिवर्तन

वर्तमान परिप्रेच्छमा छात्रा र छात्र बिचको सम्बन्ध, धारणा र सहसम्बन्धमा धेरै नै परिवर्तनहरु आएको पाइन्छ। छात्राहरुले पनि छात्र सरिनै सर्ट पाइन्ट लगाएर सागसागै कुराकानी गर्दै अघिपछि हादै विद्यालय जाने आउने गरेको पाइन्छ। हुन पनि ति छात्रा र छात्र दुवै कुनै पनि विद्यालयको लागि बराबरी महत्व राख्ने समुहहरु हुन जुन एकको बिना अर्कोको सान्दर्भिकता र विकास हुन सक्दैन। त्यसै कारण आज आएर सह शैक्षिक संस्थाहरुको स्थापना भएको पाइन्छ। जसको एकमात्र उद्देश्य महिला र पुरुषमा हुने सम्पूर्ण विभेदहरुको अन्त्य गर्नु नै हो। तर पनि नमुना छनोट गरिएका विद्यालयका दृश्यहरुलाई शुक्ष्म अध्ययन तथा विश्लेषण गर्दा छात्रा र छात्र विचको हार्दिकता, कुराकानी तथा व्यवहारमा त्यति राम्रो सहयोगीपन, खुलापन र एक समुहले अर्को समुहलाई प्रोत्साहित गर्ने स्वभाव भने अझै खुलस्त र राम्रो हुन सकेको पाइदैन। यस्तो अवस्था सृजना हुनुमा विद्यालय परिवारनै बढि जिम्मेवार देखिन्छ। किन भने सरकारी तह, नियम तथा कानुन कहि कतै पनि लैङ्गिक विभेद रहनुपर्छ भन्ने आभाष पाइदैन।

माथि उल्लेखित अवस्थाका बाावजुद पनि धेरै कक्षाहरुमा छात्राहरुले प्रथम स्थान हासिल गर्नु, अतिरिक्त क्रियाकलापका कार्यक्रमहरुमा नेतृत्व गर्न तथा सहभागी हुन अग्रसरता देखाउनु, कक्षामा उत्तर भन्न तथा नबुझेको कुरा सोध्न बारम्बार प्रयास गर्नु आदि पक्षहरुले भने छात्राहरुको समग्र विकासमा बढोत्तरी गरेको कुरा स्पष्ट देखिन्छ।

# परिच्छेद – छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

एक्काइसौं शताब्दीको प्रारम्भमा आइपुग्दा सम्म पनि नेपालका अझै पनि अधिकांश व्यक्ति परिवार र समाजको सोच एवं व्यवहार पितृसतात्मक अनुसार नै चलेको पाइन्छ । महिलाहरुले जतिनै धेरै दुःख गरेर शैक्षिक, आर्थिक, पदिय हैसियत बनाएता पनि उनीहरुलाई पुरुषको भन्दा तल नै राखेर र पुरुषकै अ‍ंका रुपमा व्यवहार गरिन्छ । वास्तवमै महिला विरुद्धका विभेदहरु उनीहरुको जन्म बाटनै सुरु हुन्छन र उनीहरु नमर्दा सम्मनै ति विभेदहरु रहिरहन्छन । त्यस्तै गरि समाजको सामाजिक राजनैतिक परिवेशमा महिलाहरु पुरुषले बनाएका नीति र निर्णयहरुको देख्दा साािचको रुपमा मात्र उनिहरुको प्रयोग गरिन्छ। अझै सम्म पनि सम्पुर्ण क्षेत्रहरुमा नेपाली महिलाहरु पुरुष समकक्षीहरुको तुलनामा उल्लेख्य रुपमै पछाडी रहेका छन भनेर भन्न सकिन्छ । त्यसमा पनि मानव विकास दृष्टिकोणका आधारमा भन्ने हो भने महिला अझै पछि छन् ।

यो अध्ययन विशेष गरी विद्यालयमा हुने गरेका लैं‍िक तथा समाज विकासका समस्याहरुमा केन्द्रित रहेकाले यो अध्ययनमा सैद्धान्तिक, नीतिगत र अनुभुति मुलक दृष्टिकोण जस्ता कुराहरुबाट साहित्यको पुनरावलोकन गरि शिक्षा तथा विकासका क्षेत्रहरुमा बर्तमानमा भै रहेका असमानता र विभेदहरुलाई  प्रष्ट्याउन खोजिएको छ । अनुसन्धानलाई सार्थक तुल्याउन वैज्ञानिक र व्यवस्थित पद्धतिलाई प्रयोगमा ल्याइनु प्रर्दछ । जसका लागि तथ्याङ्क संकलन, तालिकीकरण गर्ने,

विष्लेषण गर्ने, तथ्याङ्कका प्रविधिहरुको तयारी तथा प्रयोग गरी सम्बन्धित क्षेत्रहरुमा हुने गरेका लैङ्गिक विभेदहरुलाई उजागर गर्ने प्रयास यस अध्यनमा गरिएको छ ।

यस अध्ययनको क्षेत्र नवलपरासी जिल्ला (बर्दघाट-सुस्ता पूर्व) को कावासोती न.पा. वार्ड नं. ३ र ८ मा अवस्थित छ। यो स्थान पूर्वपश्चिम महेन्द्र राजमार्गको उत्तर दक्षिण दुवै तिर करिव एक तथा साढे एक कि.मि. दुरीको लम्बाइमा फैलिएको छ। पूर्व पश्चिम राजमार्ग देखि उत्तरमा वार्ड नं. ३ पर्दछ भने राजमार्ग देखि दक्षिणमा वार्ड नं. ८ पर्दछ। यस क्षेत्रको पूर्व पट्टि खर्कटाको जंगल पर्दछ दक्षिण तर्फ मगरकोट क्षेत्र तथा उत्तर र पश्चिममा धौवादी र केरु▪ खोला पर्दछ।

तिव्र रुपमा शहरीकरण विस्तारको रुपमा रहेको यो स्थान वि.स. २०७१ सालमा वरिपरिका अन्य गा.वि.स. हरुलाई समेत समेटेर कावासोती नगरपालिका घोषणा गरिएको थियो। जसका कारण विभिन्न क्षेत्रहरुबाट यस क्षेत्रमा बसोबास गर्न बसाइसराइ गरि आउने क्रम बढेकाले यहााको जनसङ्ख्या तिव्ररुपमा बढ्दै गएको छ। सुविधा र अन्य सेवा तथा बजारीकरणका कारण यहााका अधिकांश मानिसहरुको जीवन तथा आय स्तर राम्रै मानिन्छ। तर पनि गरिव बसाइसराइकर्ता, भूमिविहिन, अशिक्षित तथा खोला जंङ्गल छेउछाउका बासिन्दाको आय स्तर भने न्युन नै मानिन्छ। जसका कारण यस क्षेत्रको सामाजिक आर्थिक अवस्था अझै पनि लैं▪क विभेद मुक्त हुन सकेको छैन।

सर्वेक्षण फारमको प्रयोग गरिएका छात्रा विद्यार्थीहरुको घर परिवेश वातावरण अनुसार नमुना संकलन गरि प्राप्त तथ्याङ्कहरुको आधारमा निचोड निकाल्दा सतहि रुपमा लैं▪क विभेद कम हुदै गएको देखिएता पनि गहिराईमा भने पुरुषको प्रभुत्व रहिरहेको पाइन्छ । जसले लक्षित समुहहरुको जातजाती, परिवारको आकार, आम्दानीको स्रोत, बसोबासको अवस्था, शैक्षिक स्थिती आदि जस्ता विविध पक्षहरुमा समेत लैं▪क विभेद यथावत रहेको देखिन्छ ।

समग्रतामा विद्यालय तथा समाजले शिक्षा र विकासमा लैं▪कताको सम्बन्धमा अनेकन महत्वपूर्ण भूमिका खेल्ने गर्दछन्। समाजले खेल्ने भूमिका भन्दा विद्यालयले खेल्ने भूमिका अधिक विशिष्ट बौद्धिक र परिवर्तनकारी मानिन्छ तथापी विद्यालयको वातावरण र संचालन पनि यहि समाज भित्रै पर्ने हादा विद्यालयले लैं▪क विभेद अन्त्य गर्ने सवाल जति मजबुद तरिकाले कार्यान्वयनमा लगेपनि समाजनै रुपान्तरण नहादा सम्म त्यसले पुर्णतामा कार्यान्वयन गर्न सक्दैन तथापी विद्यालयले त्यस समाजमा यस्तो अन्याय पूर्ण विभेदमा गतिलो प्रहार गरि भावि पुस्तामा त्यस्तो विभेदको असर भने कम पार्न सक्दछ। तसर्थ समाज र विद्यालय नै एक अर्कामा हातेमालो गर्दै यस्तो सामाजिक विकृति हटाउन संयुक्त प्रयास गर्न अनवरत आवश्यक छ भन्न सकिन्छ।

## ६.२ निष्कर्ष

यस परिच्छेदमा अध्ययनको निष्कर्ष र शारांसलाई प्रस्तुत गरिएको छ। वास्तवमै भन्ने हो भने लैं▪क सम्बन्धहरु शिक्षा र विकासका सवालमा अझै अस्तित्वमा रहेको हामी पाउादछौं। व्यवस्थित, क्रमबद्ध, वैज्ञानिक र व्यवहारिक प्रयासहरु गरेर शिक्षामा रहेको लैं▪क अन्तर र ( विभेदहरुलाई) घटाउनु पर्ने देखिन्छ। केहि प्रयासहरु सरकारी, ग्रैह सरकारी, विभिन्न संस्था, सामाजिक र व्यक्तिगत रुपमा निरन्तर भै राखेका छन्। तर पनि ति प्रयासहरुले समाज र

विद्यालयमा रहेका लैं‍गिक विभेदलाई थोरै कम गर्न सके पनि निर्मुल पार्न नसकेको कारणले पुन नेपालमा लैं‍गिक अन्तरका वास्तविक कारणहरु जस्तै गरिवी, बेरोजगारी, अशिक्षा, भौगोलिक विकटता सांस्कृतिक कुसंस्कार जन्य तत्वहरुको शुक्ष्म अध्ययन विश्लेषणबाट आम जागरण कार्यक्रम मार्फत हटाउन अत्यावश्यक छ। साहित्यिक पुनरावलोकनबाटै हामीलाई स्पष्ट हुन आएको लैं‍गिक विभेद जातिय, सांस्कृतिक, वर्गीय, धार्मिक, भौगोलिक रुपको अन्तरसागै समाजमा अझै व्याप्त रहेको हुादा समाज र विद्यालय दुवैको संयुक्त प्रयासबाट मात्रै यो विभेद अन्त्य गर्न सकिने हुादा पितृसतात्मक सोचलाई शिक्षाको ज्योतीबाट र समाजलाई विकासमा महिला पुरुष बिचको समान सहभागिताले नै लैं‍गिक विभेदलाई जरैबाट उखेली अन्त्य गर्न सकिन्छ। यस अध्ययनले प्राप्त गरेका तथ्यहरुलाई छात्राको सामाजिक आर्थिक अवस्था, विद्यालयको समग्र वातावरण छात्राहरुको विद्यालयका गतिविधिहरुमा संलग्नता तथा समग्र विद्यालयको व्यवस्थापनका आधारमा निकालिएको निष्कर्षलाई यहाा प्रस्तुत गरिएको छ।

अझै पनि हाम्रो समाजमा धेरै लैं‍गिक विभेदका दृष्टान्तहरु छन्। छोरीहरुले आफ्नो शिक्षाको निरन्तरताको लागि अनेकन अवरोधका चरणहरु (पहाडहरु) उक्लनु परि राखेको हुन्छ। जस्तो सुकै अवरोधहरु तेर्सिएता पनि ति अवरोधहरुसाग लड्न नछोडेकै कारण लैं‍गिक संबन्ध संबन्धित समस्या तथा मुद्धाहरु क्रमश परिवर्तन हुादै गएको हामी पाउादछौ। यस्तो परिवर्तन सकारात्मक रुपले अघि बढेकै कारण छात्राहरुको शिक्षाको पहुाचमा क्रमश वृद्धि हुादै गई स्थानीय तहको विकासका कार्यहरुमा महिलाहरुको उल्लेख्य सहभागिताका अवसरहरुको सुनिश्चितता बढ्न गएको छ। त्यस्तै विद्यालयहरुमा पुरुष सरह नै महिला शिक्षकहरुको नियुक्ति महिलामैत्री भवन, कक्षा तथा शौचालय आदिको निर्माण प्रयास र छात्रामुखी विद्यालयका कार्यक्रमहरुले छात्राहरुलाई अध्ययनमा बलियोसाग लाग्न शारीरिक, मानसिक, सामाजिक, बौद्धिक र संवेगात्मक रुपले उत्प्रेरित गरेको अवस्था छ। छोरी विरुद्धका लैं‍गिक विभेदहरु अझै छन् तर ती विभेदहरुको अस्तित्व क्रमश घट्दै गैराखेको छ। जसको प्रमाणका रुपमा विद्यालयमा पुरुषको तुलनामा महिला शिक्षिका बढी या बरावरी हुनु छात्र भन्दा छात्रा संङ्ख्या बढी हुनु एवं छात्राको अध्ययनमा सुधार र सकृयता बढ्नु आदिले लैं‍गिक विभेद घट्दो क्रमको उद्दघोषको निष्कर्ष हामी निकाल्न सक्छौ। यस्तो अवस्थाबाटै हामी के भन्न सक्छौ भने यदि छात्रा विद्यार्थीहरुले छात्र बराबर पढ्ने अवसर, उत्प्रेरणा, सहयोग र समय पाउाछन् भने छात्राहरुले पढाइमा नेतृत्व लिन्छन् र छात्र विद्यार्थी भन्दा राम्रो सक्षमता प्रदर्शन गर्छन भन्न सकिन्छ।

अन्त्यमा निष्कर्षको रुपमा हामी के भन्न सक्छौ भने विद्यालयहरुमा लैं‍गिक विभेदको मात्रा र रुपमा परिवर्तन त अवश्य आएको छ तर पनि हाम्रो जस्तो पितृसतात्मक सोच प्रधान समाजका कारण लैं‍गिक विभेद हाम्रा सोच, योजना र व्यवहारमा अझै लत्रिराखेका छन् ।

# सन्दर्भ ग्रन्थ सूची


१) अन्ठाउन्नौ वार्षिक प्रतिवेदन पेज नं. ९ (वि.स. २०७४), लोकसेवा आयोग अनामनगर, काठमाडौा

२) एवोट पि. एण्ड वालेस सी. (१९९७) एन इन्ट्रोडक्सन टु सोसियोलोजि फेमिनिष्टस प्रस्पेक्टिभ्स, लण्डन, रुटलेज

३) कि▪ मेकन्जाइ प्रकाशन सन् १९९९ ओमनस भ्वाइसेस इन एजुकेसन टु जमैकन लाइफ हिस्ट्रि, लुजियाना स्टेट, लुजियाना स्टेट युनिभर्सिटी, मिचिगान

४) तथ्याङ्क विभाग (वि.स. २०६८) राष्ट्रिय जनगणना केन्द्रिय तथ्याङ्क विभाग, काठमाडौा

५) थोर्न. वि. (सन् १९९३) जेन्डर प्ले : गर्लस एण्ड व्वाइज इन स्कुल, बुकि▪हाम, ओपन यूनिभसिटी प्रेस

६) पिटेरस जे.एन. (सन् २००१) डेभलपमेन्ट थ्योरीस डिकन्सट्रक्सन/रिकन्स ट्रक्सन न्यू दिल्ली भिस्टार पब्लिकेसन

७) बिष्ट डोरबहादुर (सन् २००४), अ रिभियू अफ रिसर्च लिटरेचर अन गर्लस एजुकेशन इन नेपाल, काठमाडौा, यूनेस्को

८) भासिन के (सन् २०००) ह्वाट इज प्याट्रिआरिक ? नयाा दिल्ली : काली फर ओमन

९) भुसन भि. एण्ड सच्डेभा डि.आर. (१९९७), एन इन्टरडक्सन टु सोसियोलोजि, पन्त : किताब महल

१०) माथुर डि. (सन् २००१) ओमन इन ट्रानजिसन इन साउथ एसिया दिल्ली, कलि▪ा पब्लिकेसन्स

११) रबिन्सन पन्त ए. (सन् २००१) डेभलपमेन्ट एज डिस्कोर्ष ह्वाट रेलिभेन्स टु एजुकेसन ?

१२) राष्ट्रिय योजना आयोग (वि.स. २०७०) तेऱ्हौ आवधिक योजनामा शिक्षा

१३) राष्ट्रिय योजना आयोग (वि.स. २०७३) चौधौ आवधिक योजनामा शिक्षा

१४) वल्सि के. (सन् २००५), थियोरिज एण्ड प्राक्टिसेस अफ डेभलपमेन्ट यू.एस.ए., रुटलेज

१५) शिक्षा तथा खेलकुद मन्त्रालय (सन् २००३) सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना, प्रकाशन काठमाडौा

१६) शिक्षा मन्त्रालय वि.स. २०७३, शैक्षिक सुचना, नेपाल सरकार, काठमाडौा पब्लिकेसन

१७) हेरि▪टन अस्टिन (प्रकाशन सन् २००५) मोर्डन सोसियल थ्योरी न्यूर्योक अक्सफोर्ड युनिभरसिटी प्रेस

परिशिष्ट क : अनुसन्धानका साधनहरु
त्रिभुवन विश्व विद्यालय
कुमारवर्ती बहुमुखी क्याम्पस
विद्यालयमा लैंिक विभेद
**घरायसी सर्वेक्षण फारम**

१) छात्रा विद्यार्थीको वर्णन

क) छात्राको नाम थर :-

ख) विद्यालयको नाम, ठेगाना :-

ग) अध्ययनरत कक्षा :-

२) छात्रा विद्यार्थीको पारिवारिक पृष्ठ भूमि

क) घरमुलिको नाम थर :

ख) धर्म :

ग) बसोवास स्थल (सही ठाउमा भ चिन्ह दिने)

आफ्नै घर ( ) भाडाको घर ( ) नातेदारको घरमा बसाई ( )

सुकुम्वासी ( ) घरमालिकका काम गर्ने ( )

घ) परिवारको मुख्य आम्दानीको स्रोत :

ङ) छात्रा विद्यार्थी ............ सागको बसाइ :- बुवासाग मात्रै ( ) आमासाग मात्रै ( )

दुवैसाग ( )

च) परिवारको स्थायी बसोवास स्थल : सोहि जिल्ला ( ) अन्य जिल्लामा ( )

३) घरमा उपलब्ध सेवा सुविधा (छात्रा विद्यार्थीको) (सही ठाउमा भ चिन्ह दिने)

टेलिफोन मोबाइल ( ) , रेडियो ( ) कम्प्युटर ( ) साईकल ( )

मोटरसाईकल ( ) अन्य ( )

४) परिवारका सदस्यहरुको विवरण (छात्रा विद्यार्थीको)

| **क्र. सं.** | **परिवारका सदस्यको नाम** | **लिं** | **उमेर** | **छात्रासागको सम्बन्ध** | **शैक्षिक अवस्था** | **वैवाहिक अवस्था** | **वर्तमान पेशा** | **कार्यस्थलको नाम, ठेगाना** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

त्रिभुवन विश्व विद्यालय

कुमारवर्ती बहुमुखी क्याम्पस
विद्यालयमा लैङ्गिक विभेद

**घरायसी सर्वेक्षण फारम**

१. विद्यालयको वर्णन :-

क) विद्यालयको नाम, ठेगाना :-

ख) संचालित कक्षा :- .................. देखी ................ सम्म

२. कक्षागत रुपमा विद्यार्थी भर्ना विवरण/ विद्यालय छाड्ने विद्यार्थी विवरण

| कक्षा | २०७४ | | २०७३ | |
|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र |
| (नर्सरी/एल.के.जी./यू.के.जी.) | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| जम्मा | | | | |

३. शिक्षकहरुको विवरण :-

| क.सं | शिक्षकहरुको नाम,थर र ठेगाना | जात | लिङ्ग | योग्यता |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| . | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

४. विद्यालयका समिति सदस्यहरुको नामावली :-

| क्र.सं. | वि.व्य.स. | लि▪ | शि.अ.सं. | लि▪ | सा. ले. प. स. | लि▪ |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. विद्यालयमा उपलब्ध भौतिक सुविधाहरु :-

६. छात्रा विद्यार्थीहरुका लागि उपलब्ध सेवा सुविधाहरु :-

७. विद्यालय सुधार योजना र यसको कार्यान्वयनको अवस्था :-

त्रिभुवन विश्व विद्यालय

कुमारवर्ती बहुमुखी क्याम्पस

विद्यालयमा लैं▪क विभेद

**विद्यालय/कक्षाकोठा अवलोकन फारम**

१. विद्यालयको वर्णन :-

क) विद्यालयको नाम, ठेगाना :-

२. विद्यालयमा उपलब्ध भौतिक सेवा तथा सुविधाहरु :-

क) फर्निचर :-

ख) सेतो पाटीहरु :-

ग) भेन्टिलेसन :-

घ) स्वच्छ पिउने पानीको सुविधा :-

ङ) शौचालय को सुविधा :-

च) भवन तथा घेरावार :-

छ) पुस्तकालय, खेल मैदान/सामाग्री :-

३. कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप :- (कक्षा ............ शिक्षण विषय .................................)

क) शिक्षकको प्रस्तुतीकरण:-

ख) शैक्षिक सामाग्रीको प्रयोग :-

ग) विद्यार्थीहरु साग छलफल/अन्तरक्रियाहरु :-

घ) विद्यार्थीहरु लक्षित/संवोधन :-

ङ) समुह निर्माण तथा छलफल :-

च) अतिरिक्त क्रियाकलाप :-

छ) महिला शिक्षकका क्रियाकलापहरु :-

ज) छात्राहरुको रुचि :-

४. कक्षाकोठामा बसाइको अवस्था :- (कक्षा ............ शिक्षण विषय .................................)

क) मिश्रित बसाइ वा समुहमा :-

ख) विद्यालय पोशाक :-

ग) सम्पूर्ण विद्यार्थीमा पुग्न सकिने अवस्था :-

त्रिभुवन विश्व विद्यालय

## कुमारवर्ती बहुमुखी क्याम्पस

विद्यालयमा लैं•क विभेद/भेदभाव

## प्रधानाध्यापक तथा शिक्षक लागि अन्तरवार्ताको सुची

१. प्रधानाध्यापकको वर्णन :-

क) नाम तथा थर :-

ख) कार्यरत विद्यालय :-

ग) ठेगाना :-

२. प्रमुख शैक्षिक समस्याहरु :-

क) कक्षामा छात्रा र छात्र विचको अनुपात कति छ ? कृपया यसका कारणहरु भनिदिनुस न ?

ख) विद्यालय छाड्ने विद्यार्थीको अवस्था कस्तो छ ? कस्ता विद्यार्थीहरुले बढी विद्यालय छाड्ने गरेको पाइन्छ र किन ?

ग) विद्यालय छाड्ने विद्यार्थीहरुलाई विद्यालयमा फर्काउन विद्यालयले के के सहयोगका कार्यहरु संचालन गरेको छ?

घ) छात्रा विद्यार्थीहरुलाई बढी प्राथमिकता दिन के के सहुलियतका कार्यक्रम संचालन गरिएका छन् ?

ङ) सहुलीयतका कार्यक्रमहरुले गर्दा के छात्रा भर्नादर बढेको छ त ?

३. लैं▪क समस्या र विद्यालयका गतिविधिहरु

क) समग्रमा छात्रा र छात्र मा को बढी विद्यालयमा नियमित उपस्थित रहन्छन ?

ख) के विद्यालयमा विद्यार्थीको नियमित उपस्थितीले विद्यालयका गतिविधिमा असर पार्ने गरेको छ ?

ग) समग्रमा महिला र पुरुष शिक्षकहरुमध्ये को बढी पेशामा सकृय रुपमा खट्ने गरेका छन् ?

घ) के महिला शिक्षकहरुको उपस्थितीले भर्नादर नियमित उपस्थिती, शैक्षिक लक्ष्य प्राप्ती आदिमा सुधार तथा बढोत्तरी हुन सहयोग पुऱ्याएको छ ? कसरी ।

ङ) के उपलब्ध भौतिक सुविधाले छात्राहरुको सिकाइ क्रियाकलापमा सहजता पुगेको छ ?

च) यस विद्यालयलाई छात्रामैत्रि विद्यालय बनाउन के के सेवा सुविधा थप गर्न आवश्यक छ होला ?

४. लैं▪क मैत्री विद्यालय :-

क) के विद्यालयले छात्रा (महिला) मैत्री विद्यालय निर्माण गर्न कुनै कार्यक्रम संचालन गरेको छ ?

ख) के तपाईले लैं▪क सम्बन्धमा कुनै तालिम लिनु भएको छ ?

ग)	के छात्रा (महिला) महिनावारी हुादा/विरामी हुादा सहजताका लागि गरिने कुनै पुर्व योजना केहि छ ?

घ)	गर्भवती तथा साना बच्चा सहित पढाउन पर्ने महिला शिक्षिकाका लागि कुनै सहजताको व्यवस्था केहि छ ?

ङ)	के तपाईले लिएको तालिमले महिला मैत्री विद्यालय बनाउन सहयोग पुऱ्याएको छ ?

च)	लैं•क मैत्री विद्यालय निर्माण गर्न/ बनाउन हजुरका के के सल्लाह सुझावहरु छन् ?

५.	प्रधानाध्यापक र महिला शिक्षक :-

क)	तपाई प्रधानाध्यापक बन्ने अवसर कसरी प्राप्त गर्नु भयो ?

ख)	के कुनै महिला शिक्षक प्रधानाध्यापक बन्न प्रोत्साहित हुनुहुन्छ ? किन ?

ग)	महिला र पुरुष प्रधानाध्यापक विचमा तपाई के के फरकपना पाउनुहुन्छ ?

घ)	के के समस्याहरु महिला शिक्षकहरुले यस विद्यालयमा सामना गर्न परिराखेको छ ?

ङ)	के यहाा महिला र पुरुष दुवै शिक्षकलाई प्र.अ. बन्न समान अवसर छ ? यदि छैन भने किन ?

त्रिभुवन विश्व विद्यालय

कुमारवर्ती बहुमुखी क्याम्पस

विद्यालयमा लैं•क विभेद/भेदभाव

**छात्राका लागि लक्षित समुह छलफल निर्देशिका**

१. सहभागी छात्राहरुको विवरण :-

छात्राको नाम, थर :-

अध्ययनरत कक्षा :-

२. मुख्य शैक्षिक मुद्दाहरु :-

क)	तिमी यो विद्यालयमा कसरी भर्ना भयौ ?

ख)	तिमीले घरमा अध्ययनका लागि प्रयाप्त समय पाउछौ ?

ग)	के तिमीले घरमा काम गर्नैपर्छ ? घरमा के के काम तिमीले गर्नुपर्दछ भन त ?

घ)	के तिम्रो दाइ भाइले पनि तिमीले जस्तै काम गर्नुपर्दछ ? पर्दछ भने के के गर्नुपर्दछ ?

ङ)	के तिम्रो बुवा आमाले तिम्रो पढाइप्रति विशेष चासो राख्नु हुन्छ ?

च) तिमीले विद्यालयमा के कस्ता समस्याहरु सामना गर्नुपर्दछ ? के शिक्षक तथा केटाहरुले पनि समस्या सिर्जना गर्दछन कि ?

छ) तिमीलाई विद्यालय आउन मन लाग्छ ? लाग्दैन भने के के कारणले लाग्दैन ?

३. विद्यालयका गतिविधिहरु तथा लैं‧क मुद्धाहरु

क)विद्यालयमा रहनु भएका महिला शिक्षकहरु बाट के तिमीले सजिलो महसुस गरेकी छौ ?

ख) के महिला हुनुबाट केहि त्यस्ता अप्ठ्यारा समस्याहरु सामना गर्नु परेको छ कि ?

ग) के पुरुषशिक्षकहरुबाट विभेदपूर्ण व्यवहारहरु गरिएको महसुस तिमीलाई छ ? यदि छ भने ति के के हुन ?

घ) के तिमी विद्यालयमा नियमित हुन सक्दिनौ ? सक्दिनौ भने किन के के कारणले सक्दिनौ ?

ङ) विद्यालय जाादा र आउादा बाटामा केहि समस्या सामना गर्नुपर्दछ कि ?

४. लैं‧क मैत्री वातावरण

क) महिला शिक्षक तथा छात्राहरुलाई जैविक समस्या समाधान अनुकुल वातावरण बनाउन के के गर्नुपर्छ ?

ख) के तपाईलाई लैं‧क सम्बन्धी शिक्षा आवश्यक पर्दछ ?

ग) लैं‧क विभेदहरु हटाउन विद्यालयले बनाएका केहि प्रावधानहरु छन् कि ?

घ) विद्यालयमा लैं‧क मैत्री वातावरण निर्माण गर्न तपाई के के सल्लाह दिनुहुन्छ ?

५. महिला प्रधानाध्यापक र शिक्षकहरु :-

क) के तपाई विद्यालयमा अलि बढी महिला शिक्षिकाहरु हुन भन्ने चाहानु हुन्छ ? हुन्छ भने किन ?

ख) कृपया महिला शिक्षिकाहरुले छात्राहरुलाई गर्ने व्यवहारका बारेमा केहीटिप्पणी गर्नुहुन्छ कि ?

ग) घरायसी काम धन्दा बढी गर्नु परेका कारणले महिला शिक्षकलाई विद्यालयमा शिक्षण सिकाई क्रियाकलापमा प्रभाव परेको महसुस केही गर्नु भएको छ ?

घ) महिला प्रधानाध्यापकको बारेमा हजुरको बुझाई के छ ?

ङ) के महिला प्रधानाध्यापक लैं‧क मैत्री वातावरण निर्माणमा सहयोग पुऱ्याउन सक्छन् ?